# कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

**प्रस्तावना:** कर्णाली प्रदेश सरकारबाट कृषि, पशुपन्छी पालन र सहकारी क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धि मार्फत कर्णाली प्रदेशका बासिन्दाको आर्थिक तथा सामाजिक रूपान्तरण गर्न उपलब्ध गराइने अनुदान रकम तथा सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ (२) ले दिएको अधिकार प्रयोग गरि कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले चालु आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत कार्यक्रम बमोजिम कृषि, सहकारी प्रवर्द्धन र गरिबी निवारणका लागि छनौट भएका अनुदानग्राहीलाई दिइने रकम वा कृषि सामग्री सम्झनु पर्छ र सो शब्दले कृषि ऋणको ब्याजमा दिइने नगद अनुदानलाई समेत जनाउँछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि कार्य गर्ने व्यावसायिक कृषि फर्म र कम्पनी, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति, बोर्ड, ऋणी कृषक र कृषि व्यवसायी सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले स्वीकृत नीति तथा कार्यक्रम अन्तर्गत मन्त्रालय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने कृषि, सहकारी विकास, भूमि व्यवस्थापन र गरिबी निवारण सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय र अन्तर्गतका स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ।

(ङ) "कृषि" भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य लगायत कृषिका सबै उपक्षेत्रसँग सम्बन्धित उत्पादन, उद्योग तथा व्यवसाय सम्झनु पर्छ।

(च) "निर्देशक समिति" भन्नाले दफा ७ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(छ) "निर्देशनालय" भन्नाले कृषिसँग सम्बन्धित कार्यक्रमको हकमा कृषि विकास निर्देशनालय र पशुपन्छीसँग सम्बन्धित कार्यक्रमको हकमा पशुपन्छी विकास निर्देशनालय सम्झनु पर्छ।

(ज) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तीमा "घ" वर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ञ) "माछा तथा मत्स्यजन्य पदार्थ" भन्नाले जलचर, जिउँदो, समातिएको ताजा, प्याकिङ, भ्याकुम प्याकिङ, सुकाएको, बट्टामा प्याकिङ र सोबाट बनेका परिकार सम्झनु पर्छ।

(ट) "लक्षित वर्ग" भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा भएको जग्गा तथा अन्य सम्पत्तिबाट वर्षको तीन महिनासम्म खान पुग्ने अवस्था भएका समुदाय, कृषि मजदुर, पिछडिएको वर्ग, दलित, जनजाति, महिला, एकल महिला, अपाङ्ग, लोपोन्मुख जात जाति र द्वन्द्व पीडित व्यक्ति सम्झनु पर्छ।

(ठ) "सन्दर्भ मूल्य" भन्नाले कृषक आफैंले खरिद गरेका उत्पादन सामग्रीमा अनुदान उपलब्ध गराउने प्रयोजनका लागि स्थानीय तहको दररेट, जिल्लाको दरदेट वा प्रचलित कानून बमोजिमको मूल्य सम्झनु पर्छ।

३. **अनुदान उपलब्ध गराउन सक्नेः** (१) प्रदेश सरकारको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम कृषि क्षेत्र विकासको लागि अनुदान उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा विगतमा अनुदान प्राप्त नगरेको अनुदानग्राहीलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुदान देहाय बमोजिमको विषयगत क्षेत्रमा उपलब्ध हुनेछः-

(क) जीविकोपार्जन तथा सीमान्तकृत कृषक लक्षित कार्यक्रम,
(ख) कृषि उत्पादन र उत्पादकत्व वृद्धि लक्षित कार्यक्रम,
(ग) कृषि व्यवसाय तथा कृषि उद्योग प्रवर्द्धन लक्षित कार्यक्रम,
(घ) कृषि पूर्वाधार विकास लक्षित कार्यक्रम,
(ङ) कृषि सम्बन्धी अन्य विविध कार्यक्रम।

(४) उपदफा (३) बमोजिमको विषयगत क्षेत्र अन्तर्गत सञ्चालन गरिने कार्यक्रम अनुसूची-१ बमोजिम हुनेछ। त्यस्ता कार्यक्रम र खर्चको मापदण्ड अनुसूची-२ बमोजिम हुनेछ।



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

(५) प्रत्येक आर्थिक वर्षमा सञ्चालन गरिने विकास कार्यक्रमको वार्षिक योजना तर्जुमा तथा छनौट विधि अनुसूची-३ बमोजिम हुनेछ।

४. **सूचना प्रकाशन गर्नु पर्नेः** (१) कार्यालयले दफा ३ को उपदफा (३) बमोजिमको विषयगत क्षेत्रमा अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि तीस दिनभित्र प्रस्ताव पेश गर्न अनुसूची-४ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान लिन चाहने अनुदानग्राहीले अनुसूची-५ बमोजिमको निवेदन र अनुसूची-६ बमोजिमको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिँदा निवेदनको साथमा देहाय बमोजिमको कागजात पेश गर्नु पर्नेछः-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) कृषि व्यवसाय गर्ने अनुसूची-६ बमोजिमको प्रस्ताव,

(ग) व्यावसायिक कृषि फर्मको हकमा गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण प्रतिवेदन प्रतिलिपि,

(घ) व्यावसायिक कृषि फर्मको हकमा गत आर्थिक वर्षसम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण,

(ङ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(च) दफा १९ को उपदफा (१) र (२) बमोजिमको अनुदान नलिएको स्वघोषणा पत्र,

(छ) आयोजना सम्बन्धी अन्य आवश्यक कागजात, र

(ज) स्थानीय तहको सिफारिसपत्र।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बाली र पशुपन्छी विशेष उत्पादन क्षेत्र कार्यक्रम सञ्चालन गर्न प्रस्ताव मागको सूचना प्रकाशन गरिने छैन।

५. **प्रस्ताव मूल्याङ्कन कार्यदलः** (१) दफा ४ बमोजिम पेश भएका प्रस्तावको प्राविधिक पक्षको मूल्याङ्कन गरि प्रस्ताव छनौट समिति समक्ष सिफारिस गर्न कार्यालयले देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन कार्यदल गठन गर्नुपर्नेछः-

| | | |
|---|---|---|
| (क) | कार्यालय प्रमुखले तोकेको प्राविधिक कर्मचारी | - संयोजक |
| (ख) | कार्यालयको कर्मचारी बाहेक सम्बन्धित विषयको प्राविधिक | - सदस्य |
| (ग) | कार्यक्रम हेर्ने प्राविधिक कर्मचारी | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको प्रस्ताव मूल्याङ्कन कार्यदलको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजना विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव मूल्याङ्कन कार्यदलको बैठक सो कार्यदलको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

६. **प्रस्ताव छनौट समितिः** दफा ५ को उपदफा (१) बमोजिमको प्रस्ताव मूल्याङ्कन कार्यदलले सिफारिस गरेको प्रस्तावको अन्तिम छनौटको लागि कार्यालयले देहाय बमोजिमको एक प्रस्ताव छनौट समिति गठन गर्नुपर्नेछः-

| | | |
|---|---|---|
| (क) | कार्यालयको प्रमुख | - संयोजक |
| (ख) | जिल्ला समन्वय समितिको अधिकृत कर्मचारी वा प्रतिनिधि | - सदस्य |
| (ग) | प्रदेश लेखा इकाई कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि | - सदस्य |
| (घ) | कार्यालयको प्राविधिक कर्मचारी | - सदस्य |
| (ङ) | कार्यालयको योजना शाखा हेर्ने कर्मचारी | -सदस्य-सचिव |

**स्पष्टीकरणः** खण्ड (घ) को प्रयोजनको लागि "कार्यालय" भन्नाले कृषिसँग सम्बन्धित कार्यक्रमको हकमा पशु अस्पताल तथा पशु सेवा कार्यालय र पशुपन्छीसँग सम्बन्धित कार्यक्रमको हकमा कृषि विकास कार्यालय सम्झनु पर्छ।

७. **निर्देशक समितिः** (१) अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | - संयोजक |
| (ख) | कम्तीमा नवौं तहको अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) | निर्देशक, कृषि विकास निर्देशनालय, कर्णाली प्रदेश | -सदस्य |
| (घ) | निर्देशक, पशुपन्छी विकास निर्देशनालय, कर्णाली प्रदेश | -सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| (च) | प्रमुख, कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय | -सदस्य |
| (छ) | प्रमुख, योजना महाशाखा, मन्त्रालय | -सदस्य-सचिव |

(२) निर्देशक समितिले आवश्यकतानुसार बढीमा तीन जनासम्म विषय विज्ञ वा सरोकारवाला निकायका अधिकृत प्रतिनिधिलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशक समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) निर्देशक समितिको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

८. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(क) कार्यक्रम सञ्चालन गर्न अनुसूची-१ मा उल्लेख भएका कार्यक्रमको प्राविधिक मापदण्ड, कार्यक्रम छनौट तथा मूल्याङ्कनका आधार तयार गरि स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्ने,

(ख) अनुदान रकम निर्धारण र भुक्तानीको प्रक्रियामा थप कार्यविधिगत ढाँचा आवश्यक भएमा ढाँचा तयार गरि स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्ने,

(ग) अनुदान उपलब्ध गराउने सम्बन्धमा आइपरेका समस्याको समाधान तथा विवाद निरूपण गर्ने,

(घ) कृषि अनुदान प्रक्रियामा संलग्न हुन चाहने बैंक, वित्तीय संस्था र बीमा कम्पनीसँग सहकार्यको क्षेत्र र शर्त निर्धारण गर्ने,

(ङ) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरि आवश्यकता अनुसार निर्देशन, समन्वय र सहजीकरण गर्ने।

९. **अनुदान रकमको सीमा र क्षेत्र:** (१) कार्यालयले अनुदानग्राहीलाई अनुदान दिँदा यस कार्यविधिमा तोकिएको परिधिभित्र रही दिनु पर्नेछ।

(२) यस कार्यविधिको अनुसूची-२ बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा विनियोजित बजेटको सिमा भित्र रहि अनुसूची-१२ बमोजिमको अनुदान प्रतिशत हुनेछ।

(३) बैंक वा वित्तीय संस्था मार्फत ब्याज अनुदान उपलब्ध गराउँदा कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि ब्याज अनुदान कार्यविधि, २०७६ बमोजिम र सहकारी संस्था मार्फत ब्याज अनुदान उपलब्ध गराउँदा प्रदेश सरकारबाट स्वीकृत भएको सहकारी संस्था मार्फत ब्याज अनुदान कार्यविधि बमोजिम ब्याज अनुदान उपलब्ध हुनेछ।

(४) कृषिजन्य र पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धनको लागि अनुदान उपलब्ध गराउन सन्दर्भ मूल्यलाई आधार लिइनेछ र ढुवानीको हकमा स्थान विशेषको जिल्ला दररेट बमोजिम हुनेछ।

(५) सरकारी फर्म केन्द्रबाट उत्पादित कृषिजन्य वस्तुको बिक्री वितरण गर्दा सन्दर्भ मूल्य वा सङ्घीय सरकारले निर्धारण गरेको दररेट बमोजिम गर्न सकिनेछ।

(६) कार्यक्रमको लागत अनुमान तयार गर्दा जिल्ला दररेट वा स्थानीय तहले तोकेको दररेट वा नतोकिएकाको हकमा स्थान विशेषको चलनचल्तिको दररेटलाई आधार लिन सकिनेछ।

(७) समूह, सहकारी तथा व्यावसायिक कृषि फर्मसँग कार्यक्रम सञ्चालन गर्दा प्रचलित खरिद कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

(८) अनुदान कार्यक्रमका अतिरिक्त अन्य कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम र खर्चको सीमा अनुसूची-२ बमोजिम हुनेछ।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

(९) अनुसूचि-२ वमोजिम कार्यक्रम सञ्चालन सम्बन्धमा जुनसुकै कुरा भएतापनि लक्षित वर्ग विशेष कार्यक्रम र स्रोत केन्द्र स्थापना वा सुदृढीकरण वाहेकका कार्यक्रममा माउ पशु खरिदमा अनुदान उपलब्ध गराईने छैन।

१०. **सम्झौता गर्नु पर्नेः** (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भएपछि अनुदानग्राहीसँग अनुसूची–७ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(२) चालु आर्थिक वर्षको जेठ मसान्तपछि कार्यक्रम सञ्चालन तथा अनुदान लिने दिने सम्वन्धमा सम्झौता गरिने छैन।

११. **अनुदानको भुक्तानीः** (१) अनुदानग्राहीले सम्झौता अनुसारको कार्यक्रम सम्पन्न गरि असार पन्ध्र गतेभित्र अनुसूची-८ बमोजिमको कार्यसम्पन्न प्रतिवेदन, सार्वजनिक परीक्षणको प्रतिवेदन लगायतका कागजात सहित भुक्तानीको लागि कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश भएमा कार्यालयले तोकेको कर्मचारीबाट स्थलगत निरीक्षण गराई प्राप्त कार्य प्रगति सहितको प्राविधिक प्रतिवेदनका आधारमा लगानी अनुपातको हिसाबले अनुदानको प्रत्येक किस्ता वा एकमुष्ट रकम भुक्तानी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कन्टीन्जेन्सी रकम र कर कट्टी गरि भुक्तानी गर्नुपर्नेछ।

(४) यस कार्यविधि बमोजिम अनुदानग्राहीलाई भुक्तानी हुने रकम निजको बैंक खातामा जम्मा हुने गरि उपलब्ध गराउनु पर्नेछ।

(५) कार्यालयले पन्ध्र दिने सार्वजनिक सूचनाको माध्यमबाट कृषि यान्त्रिकीकरण कार्यक्रमको हकमा अनुदानमा माग भएको उपकरणको आधार, गुणस्तर र प्रति ईकाइ मूल्यको प्रस्ताव माग गरिनेछ र कम्तीमा तीन आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरि प्राप्त गुणस्तर र मूल्यका आधारमा सबैभन्दा कम कबोल दररेटका आधारमा अनुदान रकम निर्धारण गरिनेछ।

(६) उपदफा (५) बमोजिम सूची सार्वजनिक गरिएका आपूर्तिकर्ता मध्ये सबैभन्दा कम कबोल दररेटका आधारमा अनुदान रकम निर्धारण गरिएको आपूर्तिकर्ताबाट अनुदानग्राहीले छनौट प्रस्ताव बमोजिमको सामग्री वा उपकरण खरिद गर्न सक्नेछ। यसरी पूरा मूल्य भुक्तानी गरि खरिद गरेको कृषि उपकरणको अनुगमन गरि कार्यालयले कृषकको खातामा अनुदान रकम उपलब्ध गराउनेछ।

(७) उपदफा (६) बाहेकका जिन्सी सामान, कृषि सामग्री र पशुधनको खरिदको हकमा खरिद सम्बन्धी प्रचिलत कानून बमोजिम हुनेछ।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनको लागि "कृषि सामग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बीउ, बेर्ना, नस्ल, मत्स्य बीज, सिमेन, क्रायोमिल्ट, भ्रुण, खोप, पशु आहार तथा दानाजन्य पदार्थ, औषधि



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

तथा विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, सेनिटाईजर, डिसइन्फेक्टेन्ट, तरल नाइट्रोजन, पोषक तथा सूक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा सहयोग गर्ने वस्तु सम्झनु पर्छ।

१२. **बीमा गर्न सक्नेः** दफा ३ को उपदफा (३) को खण्ड (क) र (ख) क्षेत्र अन्तर्गत व्यावसायिक रूपमा सञ्चालन हुने बाली, पशुधन, मत्स्य पालन फर्म, भौतिक पूर्वाधारको र खण्ड (ग) र (घ) अन्तर्गत अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बीमा गर्न सक्नेछ।

१३. **सार्वजनिक परीक्षणः:** अनुदानग्राहीले कार्यक्रम सम्पन्न भएपछि अनुदान भुक्तानीका लागि कार्यालयमा निवेदन पेश गर्नु अघि कार्यस्थलमा समुदायको सार्वजनिक भेला गराई कार्यक्रमको प्रक्रिया, प्राप्त नतिजा र खर्च विवरण सम्बन्धमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

१४. **सार्वजनिक गर्नुपर्नेः** (१) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने प्रत्येक कार्यालयले अनुदान सम्बन्धी विवरण वेबसाइटमा नियमित रूपमा अद्यावधिक गरि सार्वजनिक गर्नुपर्नेछ।

तर वेबसाइट नभएको कार्यालयको हकमा त्यस्तो कार्यालयको सूचना पाटी वा बुलेटिन मार्फत सार्वजनिक गर्नुपर्नेछ।

(२) मन्त्रालयले अनुदानको अभिलेख राख्नु पर्नेछ र सोको विवरण अद्यावधिक समेत गर्नुपर्नेछ।

(३) सञ्चालन भएको कार्यक्रमको बारेमा अनुदानग्राहीले अनुसूची-९ बमोजिमको ढाँचामा जानकारीमूलक होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ।

(४) कार्यालयले अनुदान प्राप्त गर्ने अनुदानग्राहीको विवरण अनुसूची-१० बमोजिमको ढाँचामा तयार गरि मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१५. **अनुदान अन्यत्र प्रयोग गर्न नपाइनेः** (१) यस कार्यविधि बमोजिम वितरण भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरि अन्यत्र खर्च गर्न वा हिनामिना गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम अन्यत्र प्रयोग वा दुरूपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) विपद् वा अन्य कुनै काबुबाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा त्यस्तो क्षतिको प्रमाणित मुचुल्का, स्थानीय तहको सिफारिस, प्रहरी प्रतिवेदन लगायतका कागजात अनुदानग्राहीले एक महिनाभित्र अनुदान प्रदायक निकायमा पेश गरेमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ।

(४) झुट्टा विवरण पेश गरि अनुदान लिने वा सम्झौता बमोजिम काम नगर्ने वा अनुदानमा दिइएको सामग्री वा रकमको हिनामिना वा दुरूपयोग गर्ने अनुदानग्राहीलाई मन्त्रालय वा अन्तर्गतका निकायबाट भविष्यमा कुनैपनि अनुदान उपलब्ध गराइने छैन। त्यस्तो अनुदानग्राहीको नामनामेसी सार्वजनिक गरिनेछ।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत, नेपाल

१६. **अनुगमन तथा मूल्याङ्कनः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने प्रत्येक कार्यक्रममा कार्यालय प्रमुखले सम्बन्धित शाखा वा प्राविधिक जनशक्तिको अभावमा सम्बन्धित विषयका प्राविधिक कर्मचारीलाई जिम्मेवारी तोक्नु पर्नेछ। कार्यक्रमको समग्र अनुगमन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु सम्बन्धित शाखा वा जिम्मेवारी तोकिएको कर्मचारीको दायित्व हुनेछ।

(२) जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, सम्बन्धित स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष, सम्बन्धित कार्यालयको प्रमुख, सरोकारवाला निकायका प्रतिनिधि र आवश्यकता अनुसार विषय विज्ञको सहभागितामा कार्यालयले अनुगमन समिति गठन गरि कार्यक्रमको अनुगमन तथा सहजीकरण गर्न सक्नेछ। त्यस्तो अनुगमन समितिमा प्रदेश सभाका सदस्यलाई समेत आमन्त्रण गर्न सकिनेछ।

(३) कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा भुक्तानीको अनुगमन तथा मूल्याङ्कन आवश्यकतानुसार सम्बन्धित कार्यालय, निर्देशनालय, विषयगत मन्त्रालय, कर्णाली प्रदेश योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुन सक्नेछ|

१७. **गुनासो व्यवस्थापनः** (१) अनुदानग्राहीले अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निरूपण गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको गुनासोको निरूपण उपर चित्त नबुझेमा अनुदानग्राहीले मन्त्रालयको सचिव समक्ष पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर मन्त्रालयको सचिवले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्तो गुनासोको अन्तिम किनारा लगाउनेछ।

१८. **सहुलियत दरमा सेवा उपलब्ध गराउनु पर्नेः** यस कार्यविधि बमोजिम कोल्ड स्टोर, ढुवानी सेवा, कृषिजन्य उद्योग स्थापना, कस्टम हायरिङ्ग सेन्टर र स्रोत केन्द्र सञ्चालन गर्न अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सेवाग्राहीलाई सहुलियत दरमा सेवा उपलब्ध गराउनु पर्नेछ।

१९. **दोहोरो सुविधा लिन नपाउनेः** (१) अनुदानग्राहीले एउटै कामको लागि सङ्घ, प्रदेश वा स्थानीय तह वा एकभन्दा बढी निकायबाट र एक आर्थिक वर्षमा एकभन्दा बढी कार्यक्रमको लागि मन्त्रालय वा अन्तर्गतका कार्यालयबाट अनुदान प्राप्त गर्न सक्ने छैन।

तर अन्य साझेदार निकायसँग सम्झौता भई लागत अनुमानमा साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा वा बहुवर्षीय प्रकृतिका आयोजना तथा कृषक, फर्म, समूह वा अन्य अनुदानग्राहीले सम्झौतामा स्पष्ट पारी फरक कार्य गर्ने गरि प्रस्ताव स्वीकृत भएको अवस्थामा कार्यालयले अनुदान प्रदान गर्न सक्नेछ।



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-११ अनुसारको कार्यक्रम वाहेक पछिल्लो दुई आर्थिक वर्ष लगातार अनुदान प्राप्त गर्ने अनुदानग्राहीले यस कार्यविधि बमोजिमको अनुदान प्राप्त गर्न सक्ने छैन।

२०. **सम्झौता बमोजिम हुनेः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने क्रियाकलाप, विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा उल्लिखित शर्त बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृतिबिना सम्झौतामा उल्लिखित अवधिभित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरूप परिवर्तन वा बिक्री वितरण कार्य गर्न पाइने छैन।

(२) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रम सम्झौतामा तोकेको अवधिसम्म निरन्तर रूपमा सञ्चालन गर्नुपर्नेछ।

(३) कुनै विशेष कारणवश वा काबूबाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौतामा तोकेको समयभित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दातृ निकायको सहयोगमा सञ्चालन हुने कार्यक्रम वा आयोजनाको हकमा अनुदान रकम तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था नेपाल सरकार, प्रदेश सरकार र दातृ निकाय बिच भएको सम्झौता बमोजिम हुनेछ।

२१. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा सारभूत विषय बाहेकको सामान्य प्राविधिक विषयमा बाधा अड्काउ उत्पन्न भएमा निर्देशक समितिको सिफारिसमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

अनुसूची-१

(दफा ३ को उपदफा (४) सँग सम्बन्धित)

**अनुदान परिचालन गरिने विषयगत क्षेत्र अन्तर्गतका कार्यक्रम**

| |
|---|
| **क. गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम** |
| १. गरिब तथा विपन्न लक्षित वर्ग विशेष कृषि प्रवर्द्धन कार्यक्रम |
| २. लोपोन्मुख तथा पिछडा वर्ग विशेष कार्यकम |
| ३. जनयुद्ध जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते/अपाङ्ग लक्षित आयआर्जन कार्यक्रम |
| **ख. ब्याज अनुदान कार्यक्रम** |
| १. कृषि व्यवसायको लागि ब्याज अनुदान (सहकारी तथा बैंक मार्फत) |
| **ग. कृषि यान्त्रिकिकरण कार्यक्रम** |
| १. कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रम |
| **घ. स्याउ तथा ओखर विकास कार्यक्रम** |
| १. स्याउ तथा ओखर विकास कार्यक्रम |
| **ङ. कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम** |
| १. कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका अनुसार सञ्चालन गरिने कार्यक्रम |
| २. एक स्थानीय तह एक कृषि तथा पशुसेवा प्राविधिक तथा विशेषज्ञ सेवा परामर्श। |
| ३. स्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण (बाली, फलफूल, नर्सरी, च्याउ, पशुपन्छी, मत्स्य लगायत) |
| ४. प्राविधिकको नेतृत्व तथा समूह, सहकारी र फर्म केन्द्रसँग कार्यगत अनुसन्धान (एक्सन रिसर्च), प्रविधि प्रदर्शन, बीउ उत्पादन, नमुना प्रदर्शन र अन्वेषण क्रियाकलाप |
| ५. नवीनतम प्रविधिमा आधारित कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम (नयाँ प्रविधिको ठूलो क्षेत्रमा विस्तार गर्नका लागि) |
| ६. मुख्यमन्त्री उत्कृष्ट कृषक/कृषि प्राविधिक पुरस्कार |
| ७. व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन |
| ८. कृषि मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन |
| ९. प्राविधिक विद्यालय मार्फत प्रविधि प्रसार तथा सिक्दै कमाउदै कार्यक्रम |
| १०. कृषिजन्य बाली वस्तुहरूमा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम |
| ११. राहत वितरण कार्यक्रम |
| १२. प्लाण्ट क्लिनिक |
| १३. माटो परीक्षण मार्फत माटो स्वास्थ्य कार्ड वितरण कार्यक्रम |
| १४. दिवस, सप्ताह, समारोह |
| १५. कृषि सूचना प्रवाह |
| १६. स्थलगत घुम्ती तालिम कार्यक्रम |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| |
|---|
| १७. ऐनले तोकिएका कार्यक्रमहरु |
| १८. म्युजियम व्यवस्थापन कार्यक्रम |
| १९. आइ.पि.एम. प्रविधि प्रदर्शन कार्यक्रम |
| २०. विषादीको नकारात्मक प्रभाव सम्बन्धी होर्डिङ बोर्ड स्थापना कार्यक्रम |
| २१. च्याउको स्पान उत्पादन कार्यक्रम |
| २२. कीटवक्स विधिद्धारा माटो परीक्षण शिविर सञ्चालन तथा माटो व्यवस्थापन तालिम कार्यक्रम |
| २३. घुम्ती प्रयोगशाला (मोवाईल भ्यान) मार्फत माटो शिविर सञ्चालन कार्यक्रम |
| २४. माटोको गुणस्तर सुधार सम्बन्धी प्रदर्शन कार्यक्रम |
| २५. एकीकृत खाद्यतत्व व्यवस्थापन कृषक पाठशाला कार्यक्रम |
| २६. कृषक पाठशाला (फलफुल/तरकारी/मसलाबाली लगायत अन्य बाली) माटोको उर्वराशक्ति सर्भे तथा नक्शा प्रकाशन कार्यक्रम |
| २७. सम्भाव्यता तथा प्रभावकारिता अध्ययन कार्यकम |
| २८. प्राविधिक सेवा परामर्श कार्यकम |
| २९. युवा प्राविधिक स्वरोजगार कार्यकम (बेरोजगार कृषि तथा पशुपन्छी सेवा प्राविधिक) |
| ३०. प्रयोगशाला जोखिम भत्ता कार्यक्रम |
| ३१. तथ्याङक सङ्कलन बिश्लेषण तथा प्रकाशन |
| ३२. बागवानी विकास केन्द्रबाट सञ्चालित उत्पादन तथा प्रविधि प्रसारण कार्यक्रम |
| ३३. स्थानीय तहमा आधारभूत कृषि तथा पशुपन्छी प्रयोगशाला स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम |
| ३४. कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम |
| ३५. छैटौं उद्योग (Sixth Industry) को अवधारणा अनुरुप नमुना व्यवसाय पाइलटिङ्ग कार्यक्रम |
| ३६. कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम (स्थानीय तह) |
| ३७. लागत सहभागितामा आधारित अनुदान कार्यक्रम |
| ३८. प्रदेशको मुख्य नाकामा तथ्याङ्क संकलक परिचालन तथा व्यवस्थापन |
| **च. साना सिंचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रम** |
| १. साना सिँचाइ निर्माण, मर्मत सम्भार तथा मागमा आधारित सिँचाइ कार्यक्रम |
| **छ. कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम** |
| १. बीउ उत्पादन कार्यक्रम (खाद्यान्न, तरकारी, मसलाबाली, आलुबाली, जरेबाली आदि) |
| २. साझेदारीमा आधारित एक स्थानीय तह एक (कृषि वा पशुसेवा) बाली उत्पादन विशेष कार्यक्रम |
| ३. व्यावसायिक तरकारी खेती ठूला ग्रीननेट हाउसमा अनुदान कार्यक्रम |
| ४. रोड कोरिडोर तरकारी बाली प्रवर्द्धन कार्यक्रम |
| ५. रोड कोरिडोर लक्षित व्यावसायिक प्रोत्साहन कार्यकम (रोड कोरिडोर तरकारी कार्यक्रम) |
| ६. सदरमुकाम लक्षित तरकारी आत्मनिर्भर कार्यक्रम |
| ७. रोड कोरिडोर व्यावसायिक कार्यकम (फलफूल खेती) |
| ८. व्यावसायिक फलफूलखेती प्रवर्द्धन कार्यक्रम |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

| |
|---|
| ९. फलफूल क्षेत्र विस्तार कार्यक्रम |
| १०. कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम |
| ११. उत्पादनमुखी मिशन कार्यक्रम |
| १२. कर्णाली प्रदेश बीउ क्षेत्र सहयोग कार्यक्रम |
| १३. व्यावसायिक फलफूल, तरकारी, खाद्यान्न, आलु, दलहन, मौरी, च्याउ, तेलहन, कपास बाली प्रवर्द्धन कार्यक्रम |
| १४. उच्च मूल्य कृषि वस्तुको उत्पादन स्थल देखि बजार स्थल सम्म ढुवानी अनुदान कार्यक्रम |
| १५. कृषिजन्य वस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन |
| १६. नर्सरी स्थापना सञ्चालन विस्तार र सुदृढीकरण |
| १७. कृषि वन कार्यक्रम |
| १८. युवा कृषकलाई जग्गा भाडा सहयोग कार्यक्रम |
| १९. पुष्प खेती प्रवर्द्धन कार्यक्रम |
| २०. व्यावसायिक कीट विकास कार्यक्रम |
| २१. बाली र पशुपन्छी विशेष उत्पादन क्षेत्र कार्यक्रम |
| २२. न्यूनतम समर्थन मूल्य (बन्दा/काउली) |
| २३. समूह वा सहकारी मार्फत कुटानी पिसानी मिल स्थापना कार्यक्रम |
| **ञ. कृषि पुर्वाधार बिकास कार्यक्रम** |
| १. कृषिमा आधारित उद्योग स्थापना तथा सञ्चालन |
| २. शीत भण्डार, सेलारस्टोर, रष्टिक स्टोर निर्माण तथा सञ्चालन |
| ३. प्रयोगशाला निर्माण तथा सञ्चालन |
| ४. कृषि हाटबजार तथा कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा सञ्चालन |
| ५. कृषिजन्य उद्योगको प्रवर्द्धनात्मक कार्यकम |
| **झ. प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम** |
| १. रैथाने पशुपन्छी संरक्षण, सम्वर्द्धन र उपयोग कार्यक्रम |
| २. भकारो सुधार कार्यक्रम |
| ३. स्थानीय तहमा प्राङ्गारिक कृषि उत्पादन प्रोत्साहन |
| ४. स्थानीय कुखुरा विकास कार्यक्रम (सामुदायिक) |
| ५. प्राङ्गारिक मल, जैविक मल तथा जैविक विषादी उत्पादन प्रवर्द्धन कार्यक्रम |
| ६. प्राङ्गारिक मोडेल कृषि कार्यक्रम |
| ७. प्राङ्गारिक मिसन कार्यक्रम |
| ८. जैविक मल तथा प्राङ्गारिक मल बिक्री परिमाणको आधारमा अनुदान कार्यक्रम |
| ९. प्राङ्गारिक कृषि सम्बन्धी शोधपत्र अनुसन्धान सहयोग कार्यक्रम |
| १०. जैविक विषादी उत्पादन सामग्री वितरण कार्यक्रम |
| ११. फलफूल बगैचामा जैविकमल तथा बिषादी परिक्षण |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| |
|---|
| १२. प्राङ्गारिक स्थानीय तह घोषणा तथा सहयोग कार्यक्रम |
| १३. प्राङ्गारिक कृषि सेवा प्रदान गर्न वडास्तरमा नमुना प्राङ्गारिक फर्म स्थापना |
| १४. रैथाने बाली प्रवर्द्धन कार्यक्रम |
| १५. कर्णाली ब्राण्ड निर्माण तथा प्राङ्गारिक वस्तु बजारीकरण सहयोग कार्यक्रम र कर्णालीको पहिचान निर्यातयोग्य बाली (स्याउ, सिमी, आलु, मह, अदुवा, बेसार, लसुन, घिउ, छुर्पी, ऊन लगायतका निर्यातयोग्य बाली वा वस्तु) को लागि बजारीकरण तथा निर्यातमा अनुदान |
| १६. प्राङ्गारिक तथा रैथाने कृषि तथा पशुपन्छी उपज बजारिकरण गर्ने सहकारीलाई प्रोत्साहन कार्यक्रम |
| १७. प्राङ्गारिक अदुवा वेसार उत्पादन गर्ने कृषकहरुलाई बिक्री परिमाणको आधारमा प्रोत्साहन सहयोग कार्यक्रम |
| **ञ. पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम** |
| १. पशु विकास कार्यदल गठन तथा परिचालन |
| २. विशिष्ट जातका पन्छी (कालिज, बट्टाई, टर्की र अष्ट्रिच) प्रवर्द्धन कार्यक्रम |
| ३. पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र विकास (निजी, सामुदायिक वा सहकारी) |
| ४. मासु पसल तथा वधस्थल स्थापना तथा सञ्चालन |
| ५. पशुपन्छी सङ्कलन केन्द्र निर्माण तथा सञ्चालन |
| ६. पशु स्वास्थ्य सेवा कार्यक्रम |
| ७. ब्लकमा पशुपन्छी उत्पादन कार्यकम |
| ८. रोड कोरिडोर व्यावसायिक कार्यकम (पशुपन्छी पालन) |
| ९. भेडा पालक कृषकलाई प्रोत्साहन सहयोग कार्यकम |
| १०. पशु स्वास्थ्य शिविर सञ्चालन |
| ११. प्रयोगशाला सेवा कार्यक्रम |
| **ट. दुग्ध प्रवर्द्धन तथा पशुपन्छी आहारा विकास कार्यक्रम** |
| १. दुग्ध व्यवसाय प्रवर्द्धन तथा चिस्यान केन्द्र स्थापना कार्यक्रम |
| २. मुर्रा राँगो पाल्ने फर्म कृषकलाई सहयोग कार्यकम |
| ३. घाँस र खर्क विकास कार्यकम |
| **ठ. मत्स्य व्यवसाय प्रबर्धन कार्यक्रम** |
| १. मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम |
| **ड. भूमि व्यवस्थापन तथा भू उपयोग कार्यक्रम** |
| १. चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम |
| **ढ. सहकारी विकास कार्यक्रम** |
| १. सहकारी नमुना गाउँ स्थापना, सञ्चालन र व्यवस्थापन |
| २. महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धन कार्यक्रम |
| ३. महिला सहकारी संस्था मार्फत बीउ पुँजी तथा घुम्तीकोष सञ्चालन |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

अनुसूची-२

(दफा ३ को उपदफा (४) र दफा ९ को उपदफा (८) सँग सम्बन्धित)

**कार्यक्रम र खर्चको मापदण्ड**

| क. | गरिब तथा विपन्न लक्षित वर्ग विशेष कार्यक्रम |
|---|---|
| १ | (क) कार्यक्रमको नाम: गरिब तथा विपन्न लक्षित वर्ग विशेष कृषि प्रवर्द्धन कार्यक्रम |
| | (ख) उद्देश्य:<br>१. दलित, अति विपन्न तथा लक्षित वर्गका कृषकको पहिचान गरि आय आर्जन वृद्धि गर्ने,<br>२. कृषकलाई व्यवसायिक कृषितर्फ आकर्षित गर्ने। |
| | (ग) प्रमुख क्रियाकलाप:<br>१. कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण, भण्डारण र सिँचाइ पूर्वाधार निर्माण,<br>२. सामूहिक, सहकारी वा करार खेती,<br>३. लघु उद्योग,<br>४. सीप विकास,<br>५. कृषि तथा पशुपन्छी विकास प्रवर्द्धनका सीपमूलक कार्यक्रम। |
| | (घ) अनुदान रकम र अधिकतम सीमा:<br>शत प्रतिशत (अधिकतम चालिस लाख रुपैयाँ प्रति कार्यक्रम) |
| | (ङ) न्यूनतम मापदण्ड:<br>१. आफ्नै उत्पादनले वर्षको तीन महिना मात्र खानपुग्ने अवस्थामा भएका लक्षित वर्ग समुदाय,<br>२. अति विपन्न तथा लक्षित समुदाय बसोबास भएको गाउँ,<br>३. न्यूनतम पन्ध्र घरधुरी भएको,<br>४. एकै भूगोलसँग जोडिएको बस्ती,<br>५. स्थानीय सम्भाव्यता र आवश्यकताको आधारमा जनप्रतिनिधि तथा सेवाग्राहीको सक्रिय सहभागितामा, समन्वय गरि कार्यक्रम तर्जुमा गर्नुपर्ने,<br>६. प्रदेश सरकारको सहयोगमा सञ्चालन भएका पशुपन्छी र मत्स्य स्रोतकेन्द्रमा उपलब्ध भएमा उक्त केन्द्रबाट खरिद गर्नुपर्ने,<br>७. कार्यक्रम सञ्चालनको लागि समिति गठन तथा अन्य थप व्यवस्था प्राविधिक मापदण्ड अनुसार हुनेछ, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | ७. पशुपन्छी, भुरा लगायतका नस्ल खरिद गरि समुदायमा वितरण गर्दा मन्त्रालयले प्राविधिक मापदण्ड बनाई उन्नत नस्ल सहयोग गर्न सक्नेछ। |
| २. | (क) <u>कार्यक्रमको नामः</u> लोपोन्मुख तथा पिछडा वर्ग विशेष कार्यक्रम |
| | (ख) <u>उद्देश्यः</u> समाजमा रहेका लोपोन्मुख अवस्थाका जातजाति (राजी, बादी, राउटे आदि) को आयआर्जनमा टेवा पुऱ्याई उनीहरूलाई समाजमा स्थापित गराउन सहयोग गर्ने। |
| | (ग) <u>प्रमुख क्रियाकलापः</u><br>१. लोपोन्मुख अवस्थाका जातजातिहरूको बस्ती पहिचान,<br>२. सहभागितात्मक आवश्यकता पहिचान गरि योजना तर्जुमा,<br>३. कृषि र पशुपन्छीमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन,<br>४. क्षमता अभिवृद्धि कार्यक्रम,<br>५. उत्पादन सामग्री वितरण,<br>६. सीपमूलक कार्यक्रम। |
| | (घ) <u>अनुदान रकम र अधिकतम सीमाः</u><br>शत प्रतिशत सहयोग। |
| | (ङ) <u>न्यूनतम मापदण्डः</u><br>१. व्यक्तिगत तथा सामूहिक रूपमा कृषि तथा पशुपालन व्यवसाय सञ्चालन,<br>२. सम्भव भएसम्म बस्तीका सबै परिवार मिलेर क्लष्टरमा उत्पादन गर्न व्यवसाय सञ्चालन। |
| ३. | <u>(क) कार्यक्रमको नामः</u> जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते/अपाङ्ग लक्षित आयआर्जन कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>जनयुद्ध जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाईते/अपाङ्ग व्यक्तिहरुलाई कृषि तथा पशुपन्छीसँग सम्बन्धित आयआर्जनमूलक क्रियाकलाप सञ्चालन गरि जीवनस्तरमा सुधार ल्याउने। |
| | <u>(ग) संचालित क्रियाकलापः</u><br>१. कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, बजारीकरण, भण्डारण र सिँचाइ पूर्वाधार निर्माण,<br>२. सामूहिक, सहकारी वा करार खेती,<br>३. लघु उद्योग,<br>४. सीप विकास, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | ५. कृषि तथा पशुपन्छी विकास प्रवर्द्धनका सीपमुलक कार्यक्रम। |
| | (घ) अनुदान रकम र अधिकतम सीमाः<br>शत प्रतिशत (अधिकतम एक लाख रुपैंया सम्म) |
| | (ङ) न्यूनतम मापदण्डः<br>१. जनयुद्ध जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनमा घाईते/अपाङ्गता भएको प्रमाणपत्र वा जिल्ला प्रसाशन कार्यालयको सिफारिस पत्र,<br>२. व्यवसाय सञ्चालनको लागि संक्षिप्त प्रस्ताव सहितको निवेदन,<br>३. व्यवसाय सञ्चालन गर्दा एक देखि पाँच वर्ष भित्र प्रतिफल दिनसक्ने कार्यक्रम छान्नुपर्ने,<br>४. प्रस्तावमा उल्लेख भएको व्यवसाय सञ्चालन गरिरहेकालाई व्यवसाय वृद्धिको लागि प्राथमिकता दिइने। |
| ख. | ब्याज अनुदान कार्यक्रम |
| १. | (क) कार्यक्रमको नामः कृषि व्यवसायको लागि ब्याज अनुदान (सहकारी तथा बैंक मार्फत)। |
| | (ख) उद्देश्यः<br>१. कृषि तथा पशुपन्छी पालन व्यवसायमा कृषकको लगानी अभिप्रेरित गर्दै लगानी जोखिम न्यूनीकरण गर्ने,<br>२. कृषि, पशुपन्छी र मत्स्य पालन व्यवसाय एवम् प्रारम्भिक कृषि प्रशोधनको प्रवर्द्धन गर्ने,<br>३. कृषि क्षेत्रको अनुदानलाई क्रमश घटाउँदै कृषि ऋणमा कृषकको पहुँच बढाउने। |
| | (ग) प्रमुख क्रियाकलापः<br>कृषि कर्जा (कृषि, पशुपन्छी र मत्स्य पालन व्यवसाय एवम् प्रारम्भिक कृषि प्रशोधनका लागि मात्र) ब्याज अनुदान। |
| | (घ) अनुदान रकम र अधिकतम सीमाः<br>१. नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त प्रदेश भित्रका कुनैपनि बैंक तथा वित्तीय संस्था मार्फत प्रवाह हुने कृषि कर्जाको निर्धारित ब्याज दरमा मन्त्रालयबाट सात प्रतिशत सम्म ब्याज अनुदान उपलब्ध गराउन सकिनेछ,<br>२. ऋणको अवधि जतिसुकै लामो भए तापनि एक करोड रुपैयाँसम्मको कृषि कर्जामा बढीमा पाँच वर्षको अवधि सम्म स्वीकृत बजेटका आधारमा ब्याजमा अनुदान उपलब्ध गराउन सकिनेछ,<br>३. नेपाल सरकारले उपलब्ध गराउने बाहेकको बीमा शुल्क ऋणी स्वयंले बेहोर्नु पर्नेछ,<br>४. मन्त्रालयको नियमन क्षेत्र भित्र पर्ने प्रदेश स्तरका सहकारी मार्फत ऋण प्रवाह भएमा दश |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | प्रतिशत सम्म ब्याज अनुदान उपलब्ध गराउन सकिनेछ,<br>५. सहकारी मार्फत प्रवाह भएको ऋणको हकमा प्रति व्यवसायी (ऋणी) अधिकतम पाँच लाख रुपैयाँसम्मको मात्र ब्याज अनुदान भुक्तानी हुनेछ,<br>६. बैंक तथा सहकारी मार्फत सञ्चालन हुने ब्याज अनुदान कार्यक्रमको बाँकी प्रक्रिया तथा मापदण्ड क्रमशः व्यावसायिक कृषि तथा पशुपन्छीपालन व्यवसायको लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६ र प्रदेश सरकारबाट निर्माण हुने सहकारी सस्था मार्फत ब्याज अनुदान कार्यविधि बमोजिम हुनेछ। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१ ऋण स्वीकृति प्रक्रियामा जिल्लाको सम्बन्धित कार्यालयको सिफारिस,<br>२. दश लाख रूपैयाँ भन्दा बढीको कर्जाको लागि विस्तृत परियोजना प्रस्ताव,<br>३. अनुदान प्राप्त बाली, पशुपन्छी र पूर्वाधारको अनिवार्य बीमा गर्नुपर्नेछ,<br>४. कर्जा सूचना केन्द्रबाट साख सूचना,<br>५. उपलब्ध गराइने अनुदान बजेट वार्षिक कार्यक्रममा स्वीकृत गराउनु पर्नेछ, दोहोरो अनुदानको व्यवस्था नहुने,<br>६. आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति, तथा सोको आधारमा सम्बन्धित बैंकसँगको समझदारी पत्र,<br>७. बैंक मार्फत ऋणको स्वीकृति हुनेछ,<br>८. ऋण प्रवाह गरिएका कृषकको ब्याज विवरण सहित बैंकको अनुरोधमा सम्झौता अनुसारको ब्याज भुक्तानी गरिनेछ,<br>९. सहकारीले यस कार्यक्रम अन्तर्गत प्रवाह गर्ने ऋणको ब्याजदर सिमा अधिकतम चौध प्रतिशत सम्म हुने,<br>१०. अन्य व्यवस्था "व्यावसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि ब्याज अनुदान कार्यक्रम कार्यविधि, २०७६" अनुरूप हुने। |
| ग. | **कृषि यान्त्रिकिकरण कार्यक्रम** |
| १. | <u>(क) कार्यक्रमको नामः</u> कृषि यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>१. कृषि यन्त्र तथा औजार उपकरणको प्रयोगबाट लागत खर्च कम गरि प्रतिस्पर्धी बनाउने,<br>२. मानव श्रममा आधारित कृषिलाई क्रमश यान्त्रिकीकरण तर्फ रूपान्तरण गर्दै लैजाने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. क्रप मनिटरिङ्ग डिभाइस, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री
मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | २. ट्रेक्टर, पावर टिलर, मल्टि क्रप थ्रेसर र स्वचालित उपकरण,<br>३. एट्याच्मेण्टः चारपाङ्ग्रे ट्रेक्टरको एट्याच्मेण्ट, रिपर, एरिएटर, राइस ट्रान्सप्लाण्टर, सिडलिङ्ग ट्रान्सप्लाण्टर,<br>४. मेज प्लाण्टर, कुलिङ्ग च्याम्बर, रिपर, मेज शेलर, मेज डिहस्कर, स्प्रेयर, पावर स्प्रेयर, बुम स्प्रेयर, फर्टिलाइजर ब्रोडकास्टर, सोलार पम्प, सोलार ड्रायर, पम्प सेट, पानी तान्ने मोटर, ग्रेडीङ मेसिन, प्रशोधन यन्त्र, कुटानी पिसानी मिल, जिरो इनर्जी स्टोरेज, ग्राभिटी रोपवे, अटोक्लेभ,<br>५. पशुपन्छी र मत्स्यको लागिः च्याफ कटर, बर्डिजो क्यास्ट्रेटर, मिल्क क्यान, मिल्किङ्ग मेसिन, डिपिङ्ग ट्याङ्क, काउ म्याट, इन्कुवेटर, ह्याचिङ्ग मेसिन, दाना बनाउने मेसिन, साईलेज बनाउने मेसिन लगायत अन्य उपकरण,<br>६. डेरी तथा मासुजन्य अन्य औजार उपकरण,<br>७. परम्परागत रूपमा स्थानीय स्तरमा कृषि जन्य औजार उपकरण निर्माण गर्ने व्यवसायी (आरन व्यवसायी) लाई कार्यालयले अनुगमन गरि स्थानीय तहको सिफारिसमा र आवश्यक उपकरण खरिद गरेको आधारमा प्रति व्यवसाय अधिकतम पचास हजार रुपैयाँ एकमुष्ट व्यवसाय सञ्चालन सहयोगको रूपमा उपलब्ध गराउन सकिने। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सीमा:</u><br>१. ट्रेक्टर, कम्बाइन थ्रेसर र अन्य ढुवानी साधनः तीस प्रतिशत<br>२. अन्य मेसिनरी औजारको हकमा अनुसूची १२ अनुसार हुनेछ। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. व्यावसायिक कृषक, पकेट क्षेत्र र कष्टम हायरिङ्ग सेण्टर स्थापना गर्नेलाई प्राथमिकता,<br>२. आधिकारिक सप्लायर्सबाट आपूर्ति तथा वारेण्टी भएको हुनुपर्ने। |
| घ. | **स्याउ तथा ओखर विकास कार्यक्रम** |
| १. | <u>(क) कार्यक्रमको नामः</u> स्याउ तथा ओखर विकास कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>"बगैंचा एक, स्वामित्व अनेक" को अवधारणा अनुरूप कर्णाली प्रदेशबाट निर्यात योग्य उच्च मूल्यका कृषिजन्य वस्तु, स्याउ तथा ओखरको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण मार्फत कृषकको आयआर्जन सुनिश्चित गर्दै रोजगारी सृजना गर्ने। |
| | <u>(ग) कार्यक्रम सञ्चालन जिल्लाः</u><br>यो परियोजना साबिक कर्णाली अञ्चलका पाँच जिल्ला (कालिकोट, मुगु, जुम्ला, हुम्ला र |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

डोल्पा) मा स्याउ तथा ओखर र बाँकी जिल्लाका पहाडी तथा उच्च पहाडी भेगमा सम्भाव्यताका आधारमा ओखरको समग्र मूल्य शृङ्खलामा सामग्री आपूर्ति, उत्पादन, प्रशोधन, बजारीकरण र उपभोगसम्मका कार्यमा विभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ।

**(घ) परियोजना सञ्चालन अवधिः**

यो परियोजना आ.व. २०७९/०८० बाट सुरुवात गरि पाँच आर्थिक वर्षसम्म निरन्तर सञ्चालन गरिनेछ।

**(ङ) लक्षित स्थान तथा समुदायको छनौटः**

१. यो परियोजना निश्चित स्थानीय तह र स्थानीय तहभित्रको क्षेत्र छनौट गरि कलष्टरको रूपमा सञ्चालन हुनेछ।

२. यो परियोजना सम्भव भएसम्म प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना अन्तर्गतको स्याउ र ओखरको ब्लक, जोन वा सुपर जोन सञ्चालन नभएको क्षेत्र, एसियाली विकास बैंकको सहयोगमा सञ्चालन हुन लागेको "नट्स एन्ड फ्रुट्स प्रोजेक्ट इन हिल्ली एरिया" सञ्चालन नभएको स्थानीय तह वा क्षेत्रमा सञ्चालन हुनेछ।

३. माथि उल्लिखित आयोजना वा परियोजना सञ्चालन भएको स्थानीय तहमा स्याउ र ओखर विकास परियोजना सञ्चालन गर्नुपर्ने अवस्था भएमा लाभग्राही (समुदाय, सहकारी, फर्म तथा व्यवसायी आदि) नदोहोरिने गरि छनौट गरिने छ।

४. परियोजना सञ्चालन स्थल वा स्थानीय तह छनौटको लागि तपसिल बमोजिमको परियोजना क्षेत्र छनौट समिति गठन गरि स्याउ तथा ओखरको सम्भावनाको आधार एवम् समितिले स्याउ तथा ओखर व्यवसाय प्रवर्द्धनसँग सम्बन्धित मापदण्ड तयार गरि निर्णय गर्न सक्नेछ।

संयोजक- प्रमुख, जिल्ला समन्वय समिति
सदस्य- प्रमुख, कृषि विकास कार्यालय
सदस्य- प्रमुख, पशु अस्पताल तथा पशुसेवा कार्यालय
सदस्य- प्रमुख, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
सदस्य- प्रतिनिधि, उद्योग वाणिज्य सङ्घ (कृषि क्षेत्र हेर्ने संयोजक)
सदस्य- जिल्ला अध्यक्ष, गै.स.स महासङ्घ
सदस्य सचिव- शाखा प्रमुख, बागवानी विकास शाखा प्रमुख वा योजना शाखा, कृषि विकास कार्यालय

माथि उल्लेखित सदस्यका अतिरिक्त उपलब्ध भएसम्म कृषि अनुसन्धान केन्द्रका वैज्ञानिक वा अधिकृत र बिषय बिशेषज्ञ गरि बढीमा दुईजना सम्म बैठकमा आमन्त्रण गर्न सकिनेछ।



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | माथि उल्लिखित समितिबाट परियोजना सञ्चालन हुने स्थानीय तह वा स्थान छनौट भइसकेपछि स्वीकृत क्रियाकलाप सञ्चालनका लागि समितिबाट छनौट भएको स्थानीय तह र स्थानबाट मात्र प्रतिस्पर्धा गराइ यस कार्यविधिको दफा ५ मा उल्लेख गरिएको प्राविधिक मूल्याङ्कन समितिबाट लाभग्राहीको प्रस्ताव सिफारिस गरि सोही कार्यविधिको दफा ६ बमोजिम गठित प्रस्ताव छनौट समितिबाट छनौट गरिनेछ। |
| | **(च) सञ्चालन गर्न सकिने प्रमुख क्रियाकलापः**<br>१ नर्सरी उद्यमीलाई नर्सरी बेर्ना उत्पादन सामग्री सहयोग,<br>२ टिस्यू कल्चर प्रयोगशाला स्थापना तथा सञ्चालन,<br>३ एग्रोभेटलाई प्राङ्गारिक मल एवं जैविक मल तथा जैविक विषादी सम्बन्धी तालिम,<br>४ स्याउको नर्सरी देखि उत्पादन र बजारीकरण सम्मका सेवा लिन वा दिनका लागि व्यावसायिक विकास सेवा कोषको स्थापना र सञ्चालन,<br>५ साना सिँचाइ निर्माण तथा मर्मत सम्भार (थोपा सिँचाइ, पोखरी, फेरोसिमेन्ट आदि),<br>६ कलस्टरमा बगैंचा घेरबार सहयोग,<br>७ बाझो वा हैसियत बिग्रेको जग्गामा गह्रा सुधार सहयोग,<br>८ प्राङ्गारिक मल तथा जैविक विषादीको परल मूल्यमा पचास प्रतिशत अनुदान सहयोग,<br>९ फलफूल बेर्ना उत्पादन गर्ने नर्सरीधनीलाई स्याउ तथा ओखर उत्पादनको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटि) तह-दुई स्तरको पाठ्यक्रम तयार गरि तालिम सञ्चालन गर्ने,<br>१० कृषि प्राविधिक वा कृषकलाई उच्च घनत्व स्याउ उत्पादन सम्बन्धी तालिम तथा अवलोकन भ्रमण,<br>११ स्याउ तथा ओखरको उन्नत प्रविधिको सिकाइ केन्द्र स्थापनाको लागि नमुना बगैंचा स्थापना,<br>१२ कृषक स्तर प्रविधि विस्तारको लागि बागवानी विषयमा स्नातक गरेका विद्यार्थीलाई तीन महिने कार्यगत तालिम (ईन्टर्न्सिप) सञ्चालन,<br>१३ उच्च घनत्व स्याउ उत्पादनको लागि थाक्रा सामग्री सहयोग,<br>१४ साना तथा मझौला स्तरका प्राङ्गारिक मल तथा जैविक विषादी निर्माण उद्योग स्थापना सहयोग,<br>१५ बजारीकरणका लागि भौतिक पूर्वाधार निर्माण (प्रि-फ्याब कोल्ड स्टोर, सङ्कलन केन्द्र तथा शुन्य शक्ति शीत भण्डार आदि),<br>१६ स्याउको प्राङ्गारिक प्रमाणीकरण सहयोग, |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सरकार वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | १७ सरकारी तथा निजी लगानीमा स्याउको सङ्कलन, ग्रेडिङ्ग, प्याकेजिङ्ग स्थल निर्माण,<br>१८ स्याउ ढुवानीको लागि वातावरण अनुकूलित ढुवानी साधनमा सहयोग आदि।<br>यस बाहेक परियोजनाबाट सञ्चालन गरिने क्रियाकलाप परियोजनाको प्रस्तावमा उल्लेख भए अनुसारका क्रियाकलापबाट जिल्ला वा लाभग्राहीको आवश्यकता अनुसार वार्षिक कार्यक्रम बनाउँदा प्रस्ताव गर्न सकिनेछ भने परियोजनाको प्रस्ताव दस्ताबेजमा उल्लेख भएको बाहेक क्रियाकलाप प्रस्ताव गर्दा मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ। |
| | <u>(छ) अनुदान रकम र अधिकतम सीमाः</u><br>१. प्राविधिक सेवा प्रवाहको लागि स्थापना गरिने व्यवसाय विकास सेवा (BDS) कोषमा पचास प्रतिशत परियोजना, पच्चिस प्रतिशत सम्बन्धित लाभग्राही र पच्चिस प्रतिशत उद्योग बाणिज्य संघ वा अन्य कुनै संघ संस्थाबाट लागत साझेदारी गरि कोषको स्थापना गर्न सकिने। |
| ङ. | **कृषि प्रविधि प्रवर्द्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा कार्यक्रम** |
| १. | <u>(क) कार्यक्रमको नामः</u> कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका अनुसार सञ्चालन गरिने कार्यक्रम |
| | १. सबै प्रकारका तालिम, गोष्ठी, बैठक, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड सम्बन्धमा (२.४ र २.५), सहभागिता भत्ता (२.६), इन्धन सुविधा (२.८) र लेख रचना पारिश्रमिक (२.९),<br>२. आवासीय तालिममा तालिम अवधिभर कृषकलाई सहभागी भत्ता प्रतिदिन सात सय रूपैयाँ र आवासीय सुविधा नभएको अन्य कुनै पनि भ्रमण खर्चमा श्रेणी विहिन कर्मचारी सरहको भ्रमण खर्च। |
| २. | <u>(क) कार्यक्रमको नामः</u> एक स्थानीय तह एक कृषि तथा पशुसेवा प्राविधिक तथा विशेषज्ञ सेवा परामर्श |
| | <u>(ख) उद्देश्यः</u><br>१. स्थानीय तहमा कृषि तथा पशुसेवा प्राविधिकको व्यवस्थापनबाट प्राविधिक सेवाको सुनिश्चितता तथा कार्यक्रमको प्रभावकारिता वृद्धि गर्ने,<br>२. प्रदेशलाई आवश्यक पर्ने बालीवस्तुको विशेषज्ञता सेवाको परिपूर्ति गर्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. करारमा कृषि तथा पशुसेवा प्राविधिक नियुक्त गर्ने,<br>२. स्थानीय तहसँगको समन्वयमा फिल्डमा प्राविधिक जनशक्ति परिचालन गर्ने,<br>३. विशेषज्ञ सेवा खरिद गर्ने। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सीमाः</u> |

| विवरण | अनुदानको रकम र अधिकतम सीमा |
|---|---|



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| एक स्थानीय तह एक कृषि/पशुसेवा प्राविधिक | १. मासिक तीस हजार पारिश्रमिक,<br>२. तोकिएको कार्यक्षेत्र बाहीर खटिएको अवस्थामा दैनिक तथा भ्रमण भत्ता दिन सकिनेछ। |
| विशेषज्ञ सेवा | कार्यभार वा कार्यदिनको आधारमा वार्ताद्वारा तय गरिने। |

**(ङ) न्यूनतम मापदण्डः**

१. पद अनुसारको न्यूनतम शैक्षिक योग्यता,

२. विशेषज्ञता सेवाको हकमा न्यूनतम शैक्षिक योग्यता तथा सम्बन्धित क्षेत्रमा तोकिएको कार्य अनुभव,

३. यस कार्यक्रम अन्तर्गत जिल्लाको कार्यक्रम कार्यान्वयनमा सेवा परामर्शका लागि लिइएका प्राविधिक कार्यक्रम तथा बजेट विनियोजन हुँदा सम्म र सम्बन्धित प्राविधिकको कार्य क्षमता सन्तोषजनक भएमा निरन्तरता हुने र बजेट तथा कार्यक्रममा विनियोजन नभएको अबस्थामा स्वतः सेवा परामर्श रद्द हुनेछ।

३. **(क) कार्यक्रमको नामः** स्रोतकेन्द्र स्थापना तथा सुदृढीकरण (बाली, फलफूल, नर्सरी, च्याउ, पशुपन्छी, मत्स्य लगायत)

**(ख) उद्देश्यः**

१. खाद्यान्न, तरकारी, तरकारी बीउ, फलफूल, आलङ्कारिक फूल, मसला, नगदेबाली, मौरी, च्याउ आदिको गुणस्तरीय घार, गोला, बीउ, बेर्ना उत्पादन तथा आपूर्ति सहजीकरण गर्ने,

२. घरायसी तथा व्यावसायिक पशुपन्छी पालनको लागि चाहिने गुणस्तरीय नस्ल, चल्ला, प्यारेण्ट स्टक, माछा भुरा, आदि उत्पादन तथा आपूर्ति सहजीकरण गर्ने,

३. प्रदेशभित्र कृषि उत्पादनका लागि आवश्यक पर्ने स्रोतमा आत्मनिर्भर हुने।

**(ग) प्रमुख क्रियाकलापः**

१. खाद्यान्न, तरकारी, तरकारी बीउ, फलफूल, मसला, नगदेबाली, च्याउ, मौरी आदिको स्रोत केन्द्र विकास तथा सुदृढीकरण,

२. भैंसी, गाई, चौंरी, भेडा, बाखा, च्याङ्ग्रा, रेन्वो ट्राउट माछा, बङ्गुर र कुखुराको स्रोत केन्द्र विकास तथा सुदृढीकरण,

३. पूर्वाधार निर्माण,

४. मेसिनरी औजार तथा उपकरण,

५. रजिष्ट्रेशन कार्य सहजीकरण तथा क्षमता अभिवृद्धि,

६. बीउ, बेर्ना, च्याउ स्पन, मौरी घार र गोला, पशु नस्ल, चल्ला, प्यारेण्टस्टक, माछा भुरा, आदि वितरण,



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

७. बाली वा पशु वस्तुको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी क्रियाकलाप,

८. कार्यक्रम सञ्चालन साझेदारी मोडेलमा (पूर्वाधार सरकारले बनाएर लिजमा दिने वा सरकार आफैंले सञ्चालन गर्ने वा सामुदायिक),

९. अनुदान कार्यको लागत अनुमान तयार गर्दा जम्मा रकमको अधिकतम पैतिस प्रतिशत सम्म घेराबार कार्यमा राख्न सकिनेछ।

**(घ) अनुदान रकम र अधिकतम सीमाः**

१. घेराबार, जैविक बार वा तारबारः पचास प्रतिशत

२. क्षमता अभिवृद्धिः शत प्रतिशत

३. अन्य क्रियाकलापको हकमा अनुसूची- १२ अनुसार हुनेछ

| क.स. | विवरण | निजी (प्रतिशत) | सामुदायिक वा सहकारी (प्रतिशत) |
|---|---|---|---|
| १. | खाद्यान्न, तरकारी, मसलाबाली, नगदेबाली, दलहन बाली, च्याउको बीउ उत्पादन, मौरी घार, मौरी गोला, फलफूल बिरुवा, तरकारी नर्सरी, फलफूल नर्सरी तथा आलङ्कारिक नर्सरी | पचास | सत्तरी |
| २. | प्रजननको लागि नस्ल भेडा, बाख्रा, च्याङ्ग्रा, थुमा, बोका, भैंसी, राँगा, गाई, साँढे, चौंरीगाई, याक, रेन्वो ट्राउट माछा, बङ्गुर र कुखुरा (भाले) | पचास | सत्तरी |
| ३. | पूर्वाधार निर्माण | पचास | सत्तरी |
| ४. | घेराबार, जैविक बार वा तारबार | पचास | पचास |
| ५. | मेसिनरी औजार तथा उपकरण | पचास | सत्तरी |
| ६. | क्षमता अभिवृद्धि | सय | सय |
| ७. | आयातित बिरुवाको जात र पशुपन्छीको ब्रिड | पचास | सत्तरी |
| ८. | बाली वा वस्तुको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी क्रियाकलाप | पचास | सत्तरी |

(क) व्यावसायिक योजनाको आधारमा अधिकतम एक करोड रुपैयाँ सम्म।

**(ङ) न्यूनतम मापदण्डः**

१. दर्ता प्रमाणपत्र,



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

२. रेकर्ड प्रणाली लागू गरिएको (बीउ, बेर्ना, बिरुवा, स्पन, गोला, नस्लको जातीय गुण, बिक्री वितरण, स्टक आदि),

३. नेपाल सरकारले परिभाषित गरेको जातीय गुणको बीउ, बेर्ना, बिरुवा, स्पन, गोला नस्ल हुनुपर्ने,

४. स्रोतकेन्द्रको न्यूनतम मापदण्ड पूरा गरेको,

५. उत्पादित स्रोतको मूल्य निर्धारण गर्दा तोकिएको अवधिसम्म न्यूनतम सरकारी दर रेटमा उपलब्ध गराउने प्रतिबद्धता,

६. सरकारी लगानीको सम्बन्धमा कर्णाली प्रदेश सरकारको साझेदारी कानून बमोजिम हुनेछ,

७. स्रोत केन्द्र स्थापनाको लागि प्राविधिक हिसाबले सम्भावना भएका वा स्रोत केन्द्रको रूपमा स्थापना विकास गर्न सकिने गरि उत्पादन भइरहेका क्षेत्रमा स्रोत केन्द्रको मापदण्ड बनाई लागू गरिने।

४. <u>(क) कार्यक्रमको नाम:</u> प्राविधिकको नेतृत्व तथा समूह, सहकारी र फर्म केन्द्रसँग कार्यगत अनुसन्धान (एक्सन रिसर्च), प्रविधि प्रदर्शन, बीउ उत्पादन, नमुना प्रदर्शन र अन्वेषण क्रियाकलाप

<u>(ख) उद्देश्य:</u>

१. कृषि क्षेत्रमा नविनतम सोच तथा अनुसन्धानलाई प्रवर्द्धन गर्ने,

२. कृषि क्षेत्रमा विकास गरिएका प्रविधिको परीक्षण, नमुना प्रर्दशन र कार्यगत अनुसन्धान आदि कार्य मार्फत प्रविधि प्रसारण गर्ने।

<u>(ग) प्रमुख क्रियाकलाप:</u>

१. कार्यगत अनुसन्धान,

२. प्रविधि परीक्षण,

३. अन्वेषण कार्य वा परियोजना,

४. नमुना प्रदर्शन,

४.१. जातीय उत्पादन प्रदर्शन,

४.२. नयाँ प्रविधिको नमुना प्रदर्शन (बसन्ते मकै, शरदकालीन आलु, साइलेज र हे, प्राङ्गारिक मलका लागि ग्रानुलेटर मेसिन, माछा पालनका लागि एरिएटर, वायोफ्लक पद्धतिबाट माछा पालन, नयाँ मेसिनको प्रयोग आदि),

५. नविनतम सोत तथा अनुसन्धानका क्रियाकलापहरु,

६. स्थानीय ज्ञान सीपको परीक्षण,

७. सुक्ष्म तत्व, जैविक मल, जैविक तथा प्रांगारिक विषादी परिक्षण।

<u>(घ) खर्च रकम र अधिकतम सिमा:</u>

२४

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | १. कार्यालयबाट गरिने कार्यगत अनुसन्धान, अध्ययन अनुसन्धान वा अन्वेषण क्रियाकलाप आदिको योजना तथा लागत अनुसार अधिकतम पचास लाख रुपैयाँ सम्म गरिने,<br>२. कार्यालयबाट कृषक स्तरमा गरिने उत्पादन, प्रविधि वा नमुना प्रदर्शनको हकमा प्रति नमुना प्रदर्शन अधिकतम पाँच लाख रुपैयाँसम्म हुने। तर कृषि तथा पशुपन्छीमा हुने मेसिनको प्रदर्शनमा एक पटकका लागि प्रथम पटक नमुना प्रदर्शन गर्दा मेसिनको लागतको शतप्रतिशत खर्च कार्यालयबाट गरिने,<br>३. कार्यालयबाट गरिने जातीय तथा नवीन प्रविधिको प्रदर्शनमा लाग्ने सम्पूर्ण खर्च कार्यक्रमबाट बेहोरिनेछ,<br>४. नयाँ बाली र प्रविधिको उत्पादन प्रदर्शन गर्दा कम्तीमा दुई रोपनी क्षेत्रफलमा गर्नुपर्ने। |
| | <u>(ङ) न्यूनतम मापदण्ड:</u><br>१. कार्यक्रमको अवधारणा, सञ्चालन प्रक्रिया, उपलब्धि लगायतका प्राविधिक पक्ष अग्रिम रूपमा सम्बन्धित निकायबाट प्रमाणित वा स्वीकृत गर्नुपर्ने,<br>२. कार्यगत अनुसन्धान, अन्वेषण, प्रदर्शन, परीक्षण आदि कार्यको नतिजा को आधारमा प्रतिवेदन तयार गरि तालुक निकाय (सम्बन्धित निर्देशनालय र कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र) मा अनिवार्य पेश गर्ने तथा कार्यालयबाट प्रचार तथा प्रसार गर्नुपर्ने। |
| ५. | <u>(क) कार्यक्रमको नाम:</u> नवीनतम प्रविधिमा आधारित कृषि तथा पशुपन्छी वस्तुको प्रवर्द्धन कार्यक्रम (नयाँ प्रविधिको ठूलो क्षेत्रमा विस्तार गर्नका लागि) |
| | **(ङ) न्यूनतम मापदण्डः**<br>१. कार्यालय प्रमुखले प्रयोगशालामा काम गर्ने कर्मचारीलाई कार्य सर्त सहित लिखित जिम्मेवारी तोकेको,<br>२. जोखिम भत्ता भुक्तानी लिने कर्मचारीले प्रयोगशाला भित्रको कार्यमा कम्तिमा पन्ध्र दिन संलग्न रहेको हुनु पर्नेछ। |
| ३१. | **(क) कार्यक्रमको नामः** तथ्याङ्क सङ्कलन विश्लेषण तथा प्रकाशन |
| | **(ख) उद्देश्यः** कृषि तथा पशुपन्छीसँग सम्बन्धित तथ्याङ्कको सङ्कलन प्रशोधन तथा विश्लेषण गर्ने। |
| | **(ग) प्रमुख क्रियाकलापः**<br>१. वार्षिक कार्यक्रमको प्रगति तयारी तथा प्रकाशन,<br>२. बाली नालीको उत्पादन रेकर्ड (क्रप कटिंग),<br>३. मासिक बालीनालीको स्थिति विवरण सङ्कलन,<br>४. कृषि तथा पशुपन्छीको मासिक बजार मूल्य सूचना सङ्कलन,<br>५. कृषि र पशुपन्छीमा संलग्न व्यवसायी, सेवा प्रदायक, उद्योग, उद्यमीको विवरण तथा प्रोफाइल,<br>६. विभिन्न आयोजना तथा परियोजनासँग सम्बन्धित प्रगति तथा तथ्याङ्क पुस्तिका,<br>७. अनुदानग्राहीको विवरण,<br>८. पशुपन्छी रोग तथा इपिडीयोमोलिजिकल प्रतिवेदन। |
| | **(घ) लागत रकम र अधिकतम सीमाः**<br>१. वार्षिक कार्यक्रमको प्रगति तयारी तथा प्रकाशन गर्नुपर्ने,<br>२. बालीनालीको उत्पादन रेकर्ड (क्रप कटिङ) (प्रति क्रप कटिङ पाँच सय रुपैयाँ कृषकलाई दिने) लिने,<br>३. मासिक बालीनालीको स्थिति विवरण सङ्कलन (मासिक रूपमा सङ्कलन गर्ने र वार्षिक प्रगति पुस्तिकामा समावेश गर्ने),<br>४. कृषि तथा पशुपन्छीको मासिक बजार मूल्य सूचना सङ्कलन गरि हरेक महिनाको पाँच गते भित्र मन्त्रालयमा पठाउनुपर्ने (मासिक रूपमा सङ्कलन गर्ने र वार्षिक प्रगति पुस्तिकामा समावेश गर्ने),<br>५. कृषि तथा पशुपन्छीको मासिक बजार मूल्य संकलन गरि मन्त्रालयमा रिपोर्टिङ गरे पश्चात तोकिएको कर्मचारीलाई मासिक एक हजार भुक्तानी दिन सकिने,<br>६. कृषि र पशुपन्छीमा संलग्न व्यवसायी, उद्योग र उद्यमीको विवरण तथा प्रोफाइल (वार्षिक रूपमा एक पटक प्रकाशन गर्न सकिने पचास हजार रुपैयाँ र तीन सय प्रति छपाइसम्म) |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | ७. कार्यालयले विभिन्न आयोजना तथा परियोजनासँग सम्बन्धित प्रगति तथा तथ्याङ्क पुस्तिका प्रकाशन गर्ने,<br>८. अनुदानग्राहीको विवरण पुस्तिका प्रकाशन गर्ने। |
| | **(ङ) न्यूनतम मापदण्डः**<br>१. वार्षिक प्रगति पुस्तिकामा समावेश गर्नुपर्ने विवरण मन्त्रालयको समन्वयमा तयार गरि प्रकाशन गर्ने र एक प्रति अनिवार्य रूपमा मन्त्रालयमा पेश गर्नुपर्ने,<br>२. जिल्लाबाट प्रकाशन हुने प्रकाशन अनिवार्य रूपमा मन्त्रालयमा एक प्रति पठाउनुपर्ने। |
| ३२. | **(क) कार्यक्रमको नामः** बागवानी विकास केन्द्रबाट सञ्चालित उत्पादन तथा प्रविधि प्रसारण कार्यक्रम |
| | **(ख) उद्देश्यः**<br>१. उच्च पहाडी क्षेत्रमा हुने विभिन्न तरकारी बालीको मूल, प्रमाणित तथा उन्नत बीउ बिजन साथै फलफूलका बिरुवा उत्पादन गरि कृषक स्तरमा बिक्री वितरण गर्ने,<br>२. केन्द्र वरपरका कृषकको खेती बारीमा भएको तरकारी र फलफूल खेतीमा देखा परेका समस्या बारे प्राविधिक सरसल्लाह दिने,<br>३. तरकारी बीउ र फलफूल बिरुवा उत्पादन तर्फ तालिम कार्यक्रम आयोजना गरि कृषकलाई गुणस्तरीय बीउ र बिरुवा उत्पादन गर्ने बारे जानकारी दिने,<br>४. निजी क्षेत्रमा बृहत् रूपमा ताजा फलफूल, तरकारी एवम् तरकारी बीउ उत्पादन गर्ने कार्यक्रम सञ्चालन गरि कृषकको आय स्रोत बढाइ जीवनस्तरमा सुधार ल्याउने। |
| | **(ग) प्रमुख क्रियाकलापः**<br>१. तरकारी मूल, प्रमाणित तथा उन्नत बीउ उत्पादन गरि बिक्री वितरण,<br>२. फलफूलका रुटस्टक उत्पादन गरि गुणस्तरीय बिरुवा बिक्री वितरण,<br>३. जग्गा सम्याउने तथा प्लट सुधार गर्ने,<br>४. मल, बीउ, बेर्ना, जैविक विषादी र कृषि औजार,<br>५. बीउ उत्पादनमा लागत न्यूनीकरणका लागि यान्त्रिकीकरण,<br>६. ग्रेडिङ्ग, प्याकेजिङ्ग र लेवलिङ्ग गर्ने,<br>७. कृषि मेसिनरी र उपकरण खरिद वा ढुवानी,<br>८. ज्यामी खर्च व्यवस्थापन,<br>९. बीउ प्याकेजिङ्ग सामग्री खरिद, ढुवानी तथा प्याकेजिङ्ग कार्य,<br>१०. सूचना प्रकाशन र जिंगल निर्माण,<br>११. फलफूलको मदर प्लान्ट खरिद, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | १२. जातीय शुद्धता कायम गर्ने,<br>१३. उन्नत प्रविधि प्रर्दशन गर्ने,<br>१४. तालिम, गोष्ठी र सेमिनार सञ्चालन गर्ने। |
| | <u>(घ) खर्चको मापदण्ड:</u><br>१. वार्षिक स्वीकृत कार्यक्रमको विनियोजित बजेटको परिधिमा रहि खर्च गर्ने,<br>२. समूह, सहकारी तथा व्यावसायिक कृषि फर्मलाई बागवानी विकास केन्द्रबाट अनुदान सहुलियत दिनु परेमा समूह र सहकारीलाई सत्तरी प्रतिशत र निजी फर्मलाई पचास प्रतिशत अनुदान सहुलियत उपलब्ध गराउन सकिने। |
| ३३. | **<u>(क) कार्यक्रमको नाम:</u>** स्थानीय तहमा आधारभूत कृषि तथा पशुपन्छी प्रयोगशाला स्थापना तथा सञ्चालन सहयोग कार्यक्रम |
| | <u>(ख) उद्देश्य:</u><br>१. स्थानीय तहमा नै आधारभूत माटो स्वास्थ्य जाँच सेवा उपलब्ध गराउनु,<br>२. प्रमुख बालीनालीका प्रमुख रोग-किराको पहिचान स्थानीय स्तर मै गर्न टेवा पुऱ्याउनु,<br>३. कृषि सम्बन्धी अन्य सामान्य प्रयोगशाला जाँच सेवा उपलब्ध गराउनु,<br>४. पशुपन्छीका विभिन्न रोगहरुको निदान, उपचार तथा रोकथाम गर्ने, स्थानीय तहमा कार्यरत प्राविधिकलाई थप सक्षम र सबल बनाउनु। |
| | <u>(ग) प्रमुख क्रियाकलाप:</u><br>१. आधारभूत कृषि तथा पशुपन्छी प्रयोगशाला स्थापना गर्न आवश्यक सामग्री हस्तान्तरण,<br>२. पशुपन्छीको गोबर, पिसाब, पोष्टमार्टम, दुध र रगत लगाएतको नमूना संकलन, परीक्षण तथा प्रेषण,<br>३. स्थानीय तहमा कार्यरत प्राविधिकलाई प्रयोगशाला सम्बन्धी तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन। |
| | <u>(घ) अधिकतम रकम र अनुदान सीमा:</u><br>एक स्थानीय तहको लागि कृषि प्रयोगशाला स्थापनामा बढीमा एक लाख बीस हजार र पशुपन्छी प्रयोगशाला स्थापनामा बढीमा दुई लाख रुपैयाँ सम्मको सामग्री सहयोग गरिनेछ। |
| | <u>(ङ) न्यूनतम मापदण्ड:</u><br>१. सम्बन्धित कार्यालयले कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहबाट कार्यपालिकाको निर्णय सहितको पत्र,<br>२. स्थानीय तहमा प्रयोगशाला सञ्चालन गर्नका लागि अलग्गै कोठाको सुनिश्चितता र जिम्मेवार प्राविधिक तोकिएको हुनुपर्ने, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | ३. प्रयोगशाला स्थापना तथा सञ्चालनका लागि स्थानीय तहका कृषि तथा पशु सेवा प्राविधिकलाई आवश्यक सीप र क्षमता विकास कार्यक्रम सम्बन्धित कार्यालयले दिनु पर्नेछ। |
| ३४. | **(क) कार्यक्रमको नाम:** कृषि पर्यटन क्षेत्रका लागि पुष्पखेती सुदृढीकरण कार्यक्रम |
| | **(ख) उद्देश्य:**<br>पुष्पखेती प्रवर्द्धन गरि कृषि पर्यटनको विकास मार्फत आयआर्जनमा वृद्धि गरि ग्रामीण अर्थतन्त्रमा टेवा पुऱ्याउने। |
| | **(ग) प्रमुख क्रियाकलाप:**<br>१. पुष्प खेतीका लागि स्थायी प्लाष्टिक घर निर्माण गर्ने,<br>२. सिजन अनुसार पुष्प नर्सरी बनाउने,<br>३. गमला लगातय अन्य आवश्यक सामग्री तथा औजार उपकरण खरिद गर्ने,<br>४. पुष्प खेतीमा प्रयोग हुने मलखाद व्यवस्थापन,<br>५. ग्लाडिलोस लगायत अन्य फूलको आयु बढाउने खाद्य पदार्थको व्यवस्थापन गर्ने। |
| | **(घ) कार्यक्रम बजेट र अधिकतम सीमा:**<br>अधिकतम दश लाख रुपैयाँ अनुदान प्रति कार्यक्रम। |
| | **(ङ) न्यूनतम मापदण्ड:**<br>१. ग्रीन नेटयुक्त प्लाष्टिक घर निर्माण भएको हुनुपर्ने,<br>२. आफ्नो जग्गा वा कम्तीमा दश वर्षको लिजमा लिएको जग्गाको विवरण हुनुपर्ने<br>३. बजारीकरणको व्यवस्थापन भएको हुनुपर्ने,<br>४. प्राविधिक रूपले दक्ष कामदारको सुनिश्चित भएको हुनुपर्ने,<br>५. कम्तीमा एक रोपनी क्षेत्रफलमा प्लाष्टिक घर सहित ग्रीन नेटमा पुष्प खेती गर्नलाई सुनिश्चित हुनुपर्ने,<br>६. उपयुक्त सिँचाइ प्रणालीको व्यवस्थापन भएको हुनुपर्ने। |
| ३५. | **(क) कार्यक्रमको नाम:** छैटौं उद्योग (Sixth Industry) को अवधारणा अनुरुप नमुना व्यवसाय पाइलटिङ्ग कार्यक्रम |
| | **(ख) उद्देश्य:**<br>कुनै बाली वस्तुको उत्पादन, प्रशोधन र प्रशोधित वस्तुको बजारिकरण सेवा प्रवाह सम्मको क्रियाकलाप एउटै कृषि उद्योगको रुपमा सञ्चालन गर्ने। |
| | **(ग) सञ्चालन गरिने क्रियाकलाप:**<br>१. कृषि व्यवसाय सञ्चालन गरेको कृषक, फर्म/कम्पनी छनौट गर्ने,<br>२. छनौट भएको कृषक, फर्म/कम्पनीले कार्यालयको सहजीकरणमा उद्योग सञ्चालनको अवधारणा |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | तयार गर्ने,<br>३. उद्यमीलाई अवधारणा अनुसारको उत्प्रेरणा जगाउन उद्देश्य अनुसारको व्यवसाय सञ्चालन गरेका उद्योगमा अध्ययन तथा अवलोकन गराउने,<br>४. कार्ययोजना अनुसारको कार्यक्रम सञ्चालन गर्ने। |
| | (घ) बजेटको सिमाः शत प्रतिशत |
| | (ङ) न्यूनतम मापदण्डः<br>१. कृषि सम्बन्धी व्यवसाय सञ्चालन गरेको हुनुपर्ने,<br>२. कार्यक्रमको उद्देश्य अनुसार कार्यक्रम सञ्चालन गर्नसक्ने सम्भावित संरचना, स्थान र जनशक्ती भएको,<br>३. उद्यमीले मूल्य श्रृखलाको सबै तहको क्रियाकलाप आँफैले सञ्चालन गर्नुपर्ने,<br>४. उद्यमीले कार्यालयले तोकेको फर्मेटमा तथ्याङ्क राख्नुपर्ने। |
| ३६. | (क) कार्यक्रमको नामः कृषि प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम (स्थानिय तह) |
| | (ख) उद्देश्यः<br>स्थानीय तहमा कृषकहरुलाई अति आवश्यक बीउ, मिनिकिट र पशुपन्छीको लागि औषधी वितरण गरि खाद्य तथा पोषणमा सुधार ल्याउने। |
| | (ग) अनुदानको सिमाः<br>जम्मा बजेट रकम मध्ये कृषि तर्फ दुई लाख र पशुपन्छी तर्फ एक लाख पचास हजार रुपैंया सम्म। |
| | (घ) सञ्चालन गरिने क्रियाकलापः<br>१. बीउ, विरुवा, पशुपन्छीको लागि औषधि वितरण,<br>२. करेसाबारी सञ्चालनको लागि आवश्यक तरकारी बीउको कम्पोजिट प्याकेज,<br>३. स-साना कृषि औजारहरु (हजारी, स्प्रेयर, स्प्रीङ्कलर)। |
| | (ङ) न्यूनतम मापदण्डः<br>कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले त्रैमासिक र वार्षिक प्रगती निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ, |

| कृषि तर्फ | पशुपन्छी तर्फ |
|---|---|
| १. कम्पोजिट बीउ प्याकेज प्रति कृषक अधिकतम तीन सय रुपैंया सम्म,<br>२. स-साना कृषि औजारहरु अधिकतम एक लाख सम्म (हजारीको लागि तीन सय | स्थानीय स्तरमा पशुपन्छी उपचार र वचाउको लागि आन्तरिक तथा वाह्य परिजिवि नियन्त्रणको लागि औषधिहरु मागको आधारमा वितरण। |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

रुपैया सम्म, स्प्रेयरको लागि दुई हजार रुपैया सम्म)।

३७. **(क) कार्यक्रमको नाम:** लागत सहभागितामा आधारित अनुदान कार्यक्रम

**(ख) उद्देश्य:**

कृषकहरूको लगानी अभिवृद्धि गरि कृषकलाई स्वरोजगार बनाउने।

**(ग) प्रमुख क्रियाकलाप:**

१. युवा लक्षित कृषि कार्यक्रम,
२. कम्तीमा एक सय दिनको रोजगार दिन युवा बेरोजगारहरूलाई युवा लक्षित विशेष कार्यक्रम,
३. मत्स्य पालन, पशुपन्छी, मौरी, जडीबुटी सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम।

**(घ) अनुदान रकम र अधिकतम सीमा:**

| क्र.स. | क्रियाकलाप | कृषक तथा कृषक उद्यमी | समूह तथा सहकारी |
|---|---|---|---|
| १ | उत्पादन सामग्री (बीउ, मल, माछा भुरा, चल्ला, मौरी गोला, च्याउ स्पन, ज्यामी) | पचास प्रतिशत | सत्तरी प्रतिशत |
| २ | तालिम कार्यक्रम | शत प्रतिशत | शत प्रतिशत |
| ३ | पुँजीगत खर्च, यन्त्र औजार उपकरण मर्मत केन्द्र स्थापना, पोष्टहार्भेष्ट उपकरण, च्याउ घर, प्लाष्टिक घर, बाख्राको खोर र माछा पोखरी निर्माण | पचास प्रतिशत | सत्तरी प्रतिशत |
| ४ | सिँचाइ तथा पूर्वाधार निर्माण वा साना सूक्ष्म सिँचाइ सम्बन्धी उपकरण खरिद तथा दक्ष मिस्त्रीबाट जडान | पचासी प्रतिशत | पचासी प्रतिशत |
| ५ | ढुवानी साधन तथा ट्रयाक्टर खरिद | तीस प्रतिशत | पचास प्रतिशत |

**(ङ) न्यूनतम मापदण्ड:**

१. व्यक्तिको हकमा वडा कार्यालयको सिफारिस तथा फर्मको हकमा संस्था दर्ता प्रमाणपत्र समेत,
३. व्यावसायिक योजना,
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्र वा करारमा लिइने जग्गाको करारनामा पत्र।

३८. **(क) कार्यक्रमको नाम:** प्रदेशको मुख्य नाकामा तथ्याङ्क संकलक परिचालन तथा व्यवस्थापन



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**(ख) उद्देश्यः**

प्रदेशमा कृषि तथा पशुपन्छी जन्य उपज आयात र निर्यातको तथ्याङ्क संकलन गरि तथ्यमा आधारित नीति तथा कार्यक्रम निर्माण गरि कृषि उत्पादन तथा बजार प्रवर्द्धन गर्ने।

**(ग) प्रमुख क्रियाकलापः**

१. सेवा करारमा तथ्याङ्क संकलक नियुक्त गर्ने,
२. स्थानीय तह, प्रदेश प्रहरी, जिल्ला प्रशासन कार्यालय, उद्योग वाणिज्य संघ र ढुवानी व्यवसायसँगको समन्वयमा कर्णाली प्रदेशको मुख्य दुई नाकामा परिचालन गर्ने,
३. प्रदेशको कृषि तथा पशुपन्छी जन्य आयात र निर्यातको तथ्याङ्क संकलन तथा व्यवस्थापन गर्ने।

**(घ) अधिकतम सीमाः**

| विवरण | जिम्मेवारी तथा अधिकतम रकम सीमा |
|---|---|
| तथ्याङ्क संकलकको सेवा खरिद | १. सेवा खरिदको कार्यसर्त विवरण (TOR) र सम्झौता अनुसारको वढीमा मासिक पारिश्रमिक रकम तीस हजार रुपैंया सम्म,<br>२. मन्त्रालयले तोकेको कार्यक्षेत्र वाहेक अन्यत्र कामकाजमा खटाएको अवस्थामा नियमानुसार सहायक स्तरको कर्मचारी सरहको दैनिक तथा भ्रमण भत्ता। |

**(ङ) न्यूनतम मापदण्डः**

१. सेवा सर्त सम्बन्धी व्यवस्था स्वीकृत कार्यसर्त विवरण (TOR) अनुसार हुने,
२. अन्य व्यवस्था कार्यसर्त विवरणमा उल्लेख भए अनुसार हुने।

**च. साना सिँचाइ निर्माण तथा मर्मत सम्भार कार्यक्रमः**

**१. (क) कार्यक्रमको नामः** साना सिँचाइ निर्माण, मर्मत सम्भार र मागमा आधारित सिंचाई कार्यक्रम

**(ख) उद्देश्यः**

१. सतह तथा भूमिगत स्रोतको पानी कृषि योग्य भूमिमा पुऱ्याइ सिँचाइ सुविधा विस्तार गर्ने,
२. नयाँ प्रविधि (पोखरी, स्प्रिङ्क्लर, प्लाष्टिक पोखरी, थोपा सिँचाइ, लिफ्ट प्रणाली, सोलार सिँचाइ, फेरोसिमेण्ट टेङ्क, पम्प, बोरिङ्ग आदि) मा आधारित सिँचाइको प्रयोग गरि पानीको प्रभावकारिता बढाउने,
३. सिँचाइ आयोजनाको मर्मत सम्भार गर्ने,
४. सतह तथा भूमिगत सिँचाइ, नयाँ प्रविधि तथा सिँचाइ आयोजनाको निर्माण तथा मर्मत सम्भार गरि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

५९

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. सतह तथा भूमिगत जलस्रोतमा आधारित सिँचाइ योजना निर्माण,<br>२. नयाँ प्रविधि (पोखरी, स्प्रिंक्लर, प्लाष्टिक पोखरी, थोपा सिँचाइ, लिफ्ट सिँचाइ, सोलार सिँचाइ, फेरोसिमेण्ट टेङ्क, पम्प, बोरिङ्ग आदि) मा आधारित सिँचाइ योजना निर्माण,<br>३. सिँचाइ आयोजनाको मर्मत सम्भार,<br>४. मागमा आधारित साना सिँचाइ मर्मत तथा निर्माण,<br>५. अधुरा सिँचाइ योजनाको निर्माण सम्पन्न। |
| | <u>(घ) न्यूनतम मापदण्डः</u><br>१. सम्बन्धित प्राविधिकबाट तयार पारिएको संक्षिप्त इञ्जिनियरिङ्ग डिजाइन सहितको लागत अनुमान,<br>२. सम्बन्धित समूह, सहकारी वा उपभोक्ता समिति वा कृषि फर्मको आयोजना माग सम्बन्धी निर्णय,<br>३. स्थानीय तहको सिफारिस वा प्रदेश सभा सदस्यबाट सिफारिस,<br>४. आयोजनाको औचित्य र अनुदानग्राही वा सिँचाइ सुविधा पुग्ने क्षेत्रफल तथा सम्भाव्य बाली वस्तुको विवरण,<br>५. पानीको मुहान र कुलो पास हुने जग्गामा कुनै विवाद नभएको सम्बन्धमा वडा वा स्थानीय तहको सिफारिस,<br>६. मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयका प्रतिनिधि, सरोकारवाला, जननिर्वाचित प्रतिनिधिद्वारा गरिने अनुगमनको क्रममा अति आवश्यक मर्मत सम्भार तथा स-साना सिँचाइ सामग्रीको समुदायमा आवश्यकता देखिएको खण्डमा मागको आधारमा प्रति सिँचाइ योजना अधिकतम एक लाख रुपैयाँ नबढ्ने गरि सम्बोधन गर्न सकिने,<br>७. हालको जलवायु परिवर्तनबाट परेको प्रभावलाई न्यूनीकरण गर्न हिउँ तथा बर्षादको पानी सङ्कलन, मुहान संरक्षण सहितको सिँचाइ योजना, थोपा सिँचाइ आदि प्रविधिलाई प्राथमिकता दिने। |
| छ. | **कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रमः** |
| १. | <u>(क) कार्यक्रमको नामः</u> बीउ उत्पादन कार्यक्रम (खाद्यान्न, तरकारी, मसलाबाली, आलुबाली, जरेबाली, रैथानेबाली आदि) |
| | <u>(ख) उद्देश्यः</u><br>१. विभिन्न बालीनालीको गुणस्तरीय बीउ उत्पादन गरि कृषक, कृषक समूह तथा सहकारीको आम्दानी वृद्धि गरि प्रदेशलाई बीउमा आत्मनिर्भर गराउने, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | २. कर्णाली प्रदेशमा रहेको अनुकूल हावापानीको उच्चतम उपयोग गर्दै बीउ बिजन निर्यात मार्फत कृषकको आम्दानी वृद्धि गर्ने।<br>३. वैदेशिक पलायनलाई निरुत्साहित गरि स्थानीय स्वरोजगार सृजना गर्ने। |
| | **(ग) प्रमुख क्रियाकलापः**<br>१. बीउ उत्पादन कार्यक्रम,<br>२. बीउ प्रशोधन उद्योगमा सहयोग गर्ने,<br>३. बीउ उत्पादनमा लागत न्यूनीकरणका लागि यान्त्रिकीकरण,<br>४. ग्रेडिङ्ग, प्याकेजिङ्ग र लेवलिङ्ग, र तालिम। |
| | **(घ) अनुदान रकम र अधिकतम सीमाः**<br>अधिकतमः तीस लाख रुपैयाँ मात्र। |
| | **(ङ) न्यूनतम मापदण्डः**<br>१. गुणस्तरीय बीउ भएको हुनुपर्ने,<br>२. बैधानिक रूपमा बीउ उत्पदन गर्ने भनि दर्ता भएको हुनुपर्ने,<br>३. बीउ उत्पादन सम्बन्धी प्राविधिक ज्ञान भएको हुनुपर्ने,<br>४. बीउ उत्पादन कृषक सन्जाल बनाएको हुनुपर्ने,<br>५. कृषक समूह तथा सहकारीले बीउ प्रशोधनका लागि भवन बनाएको हुनुपर्ने,<br>६. लेबलिङ्ग, प्याकेजिङ्ग साथै ट्यागिङ्ग गरेको हुनुपर्ने,<br>बीउ उत्पादन गर्दा बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ मा व्यवस्था भए बमोजिम खाद्यान्न बालीको हकमा न्यूनतम पाँच रोपनी, तरकारी बालीको हकमा न्यूनतम दुई रोपनी र घाँसेबालीको हकमा न्यूनतम तीन रोपनी क्षेत्रफलमा उत्पादन कार्य गरेको हुनुपर्ने। |
| २. | **(क) कार्यक्रमको नामः** साझेदारीमा आधारित एक स्थानीय तह एक (कृषि वा पशुसेवा) बाली तथा वस्तु उत्पादन विशेष कार्यक्रम। |
| | **(ख) उद्देश्यः**<br>१. व्यावसायिक क्षेत्रमा एकीकृत कृषि तथा पशुपन्छी मत्स्य सेवा उपलब्ध गराइ कृषि उपजको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,<br>२. तोकिएको बाली वस्तुको व्यावसायीकरण गर्ने,<br>३. पकेट क्षेत्रको विकासमा सडक, सिँचाइ, विद्युत, वित्तीय संस्था तथा बजार पूर्वाधारसँग तालमेल गर्ने। |
| | **(ग) प्रमुख क्रियाकलापः**<br>१. कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन प्रविधि प्रदर्शन, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | २. उत्पादन सामग्री तथा प्राविधिक सहयोग विस्तार,<br>३. कृषि, पशुपन्छी तथा मत्स्य उत्पादन तथा अभियानमूलक उत्पादन कार्यक्रम,<br>४. बाली वा वस्तुको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी क्रियाकलाप,<br>५. चक्लाबन्दी, सामूहिक खेती र करार खेती सञ्चालन,<br>६. मेसिनरी तथा औजार उपकरण,<br>७. प्रारम्भिक प्रशोधनका पूर्वाधार विकास,<br>८. सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सीमाः</u><br>१. लागत सहभागिताः कार्यालयको अधिकतम सत्तरी प्रतिशत र अनुदानग्राहीको तीस प्रतिशत लागत सहभागिता रहनेछ। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. पकेट क्षेत्र छनौटको लागि समिति गठन गर्ने,<br>२. उपभोक्ताबाट पकेट सञ्चालक समिति गठन गर्ने,<br>३. पकेट क्षेत्र (खाद्यान्न बाली वा फलफूलमा पन्ध्र हेक्टरमा, तरकारीमा पाँच हेक्टर वा न्यूनतम पाँचसय घार मौरी वा न्यूनतम एक हजार किलोग्राम बीउ उपयोग गरि गरिएको च्याउ खेती वा कम्तीमा एक हेक्टर क्षेत्रफलमा फैलिएको प्लाष्टिक घर वा न्यूनतम पाँच रोपनी जलासय भएको माछापालन वा न्यूनतम एक हजार वर्ग मीटर जलासय क्षेत्रफलमा रेन्वो ट्राउट माछापालन वा एकसय उन्नत गाई वा भैंसी, दश हजार कुखुरा वा एक हजार बाखा, भेडा वा च्याङ्ग्रा वा दुई सय वटा बङ्गुर) मा कृषि उत्पादन वा पशुपन्छी तथा मत्स्य पालन गर्न सकिने स्थानमा मात्र पकेट कार्यक्रम सञ्चालन गर्ने,<br>४. कार्यालयले प्राविधिक सेवा बढीमा तीन महिना सम्म उपलब्ध गराउन सक्नेछ,<br>५. पकेट कार्यक्रम सम्पन्न गर्न निरन्तर तीन वर्ष कार्यक्रम सञ्चालन गरिनेछ,<br>६. विगतमा पकेट, ब्लक जस्ता कार्यक्रम सञ्चालन नगरिएको क्षेत्रलाई प्राथमिकता दिइने छ,<br>७. पशुपन्छीको हकमा पशुपन्छी खरिद गर्दा सम्बन्धित समितिबाट मापदण्ड तथा मूल्य सूची तयार गरि सम्बन्धित कार्यालयबाट स्वीकृत गराएर मात्र खरिद गर्नुपर्नेछ। |
| ३. | **<u>(क) कार्यक्रमको</u> नामः** व्यावसायिक तरकारी खेती ठूला ग्रीननेट हाउसमा अनुदान कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>१. कृषिको आधुनिकीकरण, व्यावसायीकरण र प्रतिस्पर्धात्मक क्षमतामा विकास गरि तरकारी बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरि जीविकोपार्जनमा सुधार ल्याउनुका साथै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | २. तरकारीको बालीमा हुने प्राकृतिक जोखिम न्यूनीकरण गर्ने,<br>३. बाहिर जिल्ला र छिमेकी देशबाट आयात हुने तरकारीको परिमाणलाई प्रतिस्थापन गर्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. कम्तीमा चार रोपनी क्षेत्रफलमा प्लाष्टिक घर सहित ग्रीन नेट निर्माण,<br>२. जग्गाको क्लस्टरिङ्ग गर्ने,<br>३. थोपा सिँचाइ प्रणाली जडान गर्ने,<br>४. तरकारी बालीको बीमा गर्ने,<br>५. बिरुवा अड्याउनका लागि डोरी र क्लिप प्रयोग गर्ने। |
| | <u>(घ) कार्यक्रम बजेट र अधिकतम सीमाः</u><br>अधिकतम पचास लाख रुपैयाँ अनुदान प्रति कार्यक्रम। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. ग्रीन नेटयुक्त प्लाष्टिक घर निर्माण भएको हुनुपर्ने,<br>२. आफ्नो जग्गा वा कम्तीमा दश वर्षको लिजमा लिएको जग्गाको विवरण हुनुपर्ने,<br>३. बजारीकरणको अग्रिम सम्झौता भएको हुनुपर्ने,<br>४. सञ्चालक समितिको प्रष्ट व्यवस्था भएको हुनुपर्ने,<br>५. प्राविधिकरूपले दक्ष कामदारको सुनिश्चित भएको हुनुपर्ने,<br>६. कम्तीमा चार रोपनी क्षेत्रफलमा प्लाष्टिक घर सहित ग्रीन नेटमा तरकारी खेती गर्नलाई सुनिश्चित हुनुपर्ने। |
| ४. | <u>(क) कार्यक्रमको नामः</u> रोड कोरिडोर तरकारी बाली प्रवर्द्धन कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>१. मुख्य राजमार्ग र सहायक मार्ग आसपासमा क्लस्टरमा आधारित प्लाष्टिक घर निर्माण गरि तरकारी बाली उत्पादनमा वृद्धि गरि आयातलाई प्रतिस्थापन गर्ने,<br>२. गुणस्तरीय वस्तु उत्पादन गरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने,<br>३. बाली सघनता वृद्धिबाट उत्पादकत्व वृद्धि गरि बढी भन्दा बढी आय आर्जन सृजना गर्नुका साथै स्वरोजगारको अवस्था सृजना गर्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. नर्सरी स्थापना तथा ग्रीननेटमा आधारित प्लाष्टिक घर निर्माण,<br>२. प्राविधिक सेवा,<br>३. तरकारी प्याकेजिङ्गका लागि क्यारेट तथा जालीवाल प्लाष्टीक थैला व्यवस्थापन, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सरकार वीरेन्द्रनगर,सुर्खेत, नेपाल

| | |
|---|---|
| | ४. कृषक समूह तथा सहकारीका पदाधीकारीलाई क्षमता अभिवृद्धि तालिम कार्यक्रम,<br>५. थोपा सिँचाइ तथा मल, बीउ व्यवस्थापन। |
| | <u>(घ) कार्यक्रम बजेट र अधिकतम सीमाः</u><br>अधिकतम पचास लाख रुपैयाँ सम्म अनुदान प्रति कार्यक्रम। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. आफ्नो जग्गा वा कम्तीमा दश वर्षको लिजमा लिएको जग्गाको विवरण हुनुपर्ने,<br>२. अनुदान क्षेत्र क्लस्टरमा भएको हुनुपर्ने। |
| ५. | <u>(क) कार्यक्रमको नामः</u> रोड कोरिडोर लक्षित व्यावसायिक प्रोत्साहन कार्यकम (रोड कोरिडोर तरकारी कार्यकम) |
| | <u>(ख) उद्देश्यः</u><br>१. मुख्य तथा सहायक राजमार्ग आसपासमा क्लष्टर मा आधारित तरकारी व्यवसाय सञ्चालन तथा प्रवर्द्धन गर्ने,<br>२. तरकारी खेतीको क्षेत्र विस्तार गरि उत्पादन वृद्धि गर्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. प्राविधिक दृष्टिकोणले तरकारी खेती व्यवसाय सञ्चालनका लागि सम्भावना भएका रोड कोरिडोरको क्षेत्र वा खण्ड पहिचान गरि कार्यक्रम तयार गर्ने,<br>२. छनौट भएको रोड कोरिडोरको खण्डमा कृषक, समूह, सहकारी तथा व्यावसायिक कृषि फर्म छनौट गरि क्लष्टरमा तरकारी उत्पादन कार्यक्रम सञ्चालन गर्ने,<br>३. तरकारीका उन्नत बीउ वितरण,<br>४. तरकारी नर्सरी स्थापना,<br>५. बेमौसमी उत्पादनका लागि प्लाष्टिक टनेल निर्माण,<br>६. तरकारी उत्पादन सम्बन्धी क्षमता अभिवृद्धि। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सीमाः</u><br>१. छनौट भएका रोड कोरिडोर क्षेत्रमा खुला जमिनमा दुई सिजन तरकारी उत्पादन गर्ने कृषकलाई प्रति रोपनी पाँच हजार रुपैयाँका दरले खातामा उत्पादन प्रोत्साहन रकम उपलब्ध गराइनेछ,<br>२. छनौट भएका रोड कोरिडोरमा बेमौसमी तरकारी उत्पादन गर्ने कृषकले प्लाष्टिक घर (६x१२ मि. को) निर्माण गरेमा प्रति प्लाष्टिक घर बीस हजार रुपैयाँका दरले अधिकतम दश पलास्टिक घर सम्मलाई प्रोत्साहन रकम उपलब्ध गराइनेछ। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u> |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | १. रोडकोरिडोरमा तरकारी उत्पादन गरिरहेका र गर्न ईच्छुकसँग कार्य सञ्चालन गर्ने,<br>२. रोड कोरिडोर लक्षित तरकारी खेतीका लागि न्यूनतम क्षेत्रफल दुई रोपनी हुनु पर्नेछ,<br>३. वेमौसमी तरकारीको लागि कम्तीमा दुई वटा प्लाष्टिक घर निर्माण गरि खेती गरिएको हुनु पर्नेछ,<br>४. मल व्यवस्थापनका लागि कम्तीमा दुई वटा कम्पोष्ट खाडल तयार गरेको हुनु पर्नेछ।<br>५. रोड कोरिडोर लक्षित तरकारी खेतीका लागि विनियोजन गरिएको कुल रकमको दश प्रतिशत नबढ्ने गरि तरकारी लगाउने कृषकलाई स्थलगत तरकारी खेती प्रविधि तालिममा खर्च गर्न सकिने,<br>६. यस कार्यक्रममा सहभागी हुन चाहने कृषकलाई कार्यालयबाट सूचीकृत गराई कार्य थालनी गर्न सकिने,<br>७. यस कार्यक्रममा एक स्थानीय तह एक कृषि प्राविधिकलाई लक्ष्य तोकेर परिचालन गर्नुपर्ने,<br>८. रोड कोरिडोर भन्नाले मुख्य सडक देखि अधिकतम पाँच किलोमिटर दायाँ बायाँको क्षेत्र बुझिने छ। |
| ६. | (क) कार्यक्रमको नामः सदरमुकाम लक्षित तरकारी आत्मनिर्भर कार्यक्रम |
| | (ख) उद्देश्यः<br>घना वस्ती भएका जिल्ला सदरमुकामको बढ्दो तरकारीको मागलाई सदरमुकाम आसपासका गाउँबाट नै उत्पादन गराई तरकारीमा आत्मनिर्भर बनाउने। |
| | (ग) प्रमुख क्रियाकलापः<br>१. सदरमुकाम र सदरमुकामको सीमासँग जोडिएका स्थानका व्यावसायिक कृषकहरूको सूचीकरण गर्ने,<br>२. अनुगमन तथा फिल्ड भेरिफिकेशन। |
| | (घ) अनुदान रकम र अधिकतम सीमाः<br>१. सूचीकृत भएका व्यावसायिक कृषकलाई प्रति रोपनी पाँच हजार रुपैयाँका दरले बढीमा दुई किस्तामा उत्पादन प्रोत्साहन रकम उपलब्ध गराइने,<br>२. बेमौसमी तरकारी उत्पादन गर्ने कृषकले प्लाष्टिक घर निर्माण (६x१२ मि.) गरेमा प्रति प्लाष्टिक घर बीस हजार रुपैयाँ प्रति टनेलका दरले अधिकतम दश टनेल सम्मको वार्षिक रूपमा प्रोत्साहन रकम उपलब्ध गराइने।<br>**नोटः** हुम्ला, डोल्पा र मुगुमा जिल्ला दररेट अनुसारको लागतमा पचास प्रतिशत सम्म र कालिकोट र जुम्लामा उल्लेखित अनुदान रकममा बीस प्रतिशत थप गर्न सकिने। |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | **(ङ) न्यूनतम मापदण्डः**<br>१. सदरमुकाम तथा आसपासका क्षेत्रका तरकारी व्यवसाय गरिरहेका वा गर्न चाहाने कृषक मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने,<br>२. व्यावसायिक रूपमा तरकारी खेती उत्पादनमा संलग्न भएको,<br>३. बजार माग अनुसार तरकारी उत्पादन गर्ने,<br>४. कम्तीमा दुई रोपनी क्षेत्रफलमा तरकारी खेती गरेको र बेमौसमी तरकारी खेतीको लागि दुई वटा प्लाष्टिक घर भएको,<br>५. मल व्यवस्थापनका लागि कम्पोष्ट खाडल वा भकारो सुधार भएको हुनुपर्ने। |
| ७. | **(क) कार्यक्रमको नामः** रोड कोरिडोर व्यावसायिक कार्यकम (फलफूल खेती) |
| | **(ख) उद्देश्यः**<br>१. मुख्य तथा सहायक राजमार्ग आसपासमा क्लस्टरमा आधारित फलफूल व्यवसाय सञ्चालन तथा प्रवर्द्धन मार्फत उत्पादनमा वृद्धि गर्ने,<br>२. रोड कोरीडोरमा फलफूल क्षेत्र विस्तार गर्ने। |
| | **(ग) प्रमुख क्रियाकलापः**<br>१. प्राविधिक दृष्टिकोणले फलफूल व्यवसाय सञ्चालनका लागि सम्भावना भएका रोड कोरिडोरको निश्चित खण्ड पहिचान गरि क्रमिक रूपमा कार्यक्रम तयार गरि कार्यन्वयनमा ल्याउने,<br>२. छनौट भएका रोड कोरिडोरको क्षेत्र वा खण्डमा समूह, सहकारी तथा व्यावसायिक कृषि फर्म छनौट गरि क्लष्टरमा फलफूल उत्पादन कार्यक्रम सञ्चालन गर्ने,<br>३. फलफूलका उन्नत बिरुवा वितरण,<br>४. बिरुवा ढुवानी सहयोग,<br>५. बिरुवा रोपणका लागि खाडल तयारी,<br>६. गुणस्तरीय फलफूल उत्पादन सम्बन्धी क्षमता अभिवृद्धि। |
| | **(घ) अनुदान रकम र अधिकतम सीमाः**<br>१. बिरुवाको सन्दर्भ मूल्यको पचहत्तर प्रतिशत बराबरको रकम रोपिएको बिरुवाको सङ्ख्या हिसाव गरि एकमुष्ट रूपमा कृषकको खातामा जम्मा गरिदिने,<br>२. कम्तीमा बीस रोपनी भन्दा बढी क्षेत्रफल चक्लाबन्दी गरि फलफूल लगाएमा साना सिँचाइको लागि बढीमा पचासी प्रतिशत सहुलियत दिन सकिने,<br>३. किसानले कार्यालयबाट नै बिरुवा खरिद गर्ने माग आएमा कार्यालयबाट खरिद गरि किसानलाई वितरण गर्न सकिने,<br>४. यस कार्यक्रममा एक स्थानीय तह एक कृषि प्राविधिकलाई लक्ष्य तोकी परिचालन गर्नुपर्ने, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | ५. बिरुवा खरिद गर्दा सरकारी फर्मबाट खरिद गर्नुपर्ने र सरकारी फर्म केन्द्रबाट उपलब्ध हुन नसकेमा सोको प्रमाण राखि अन्य स्रोत केन्द्र वा फर्मबाट खरिद गर्न सकिने। |
| | <u>(ङ) न्यूनतम मापदण्ड:</u><br>१. रोड कोरिडोर लक्षित फलफूल खेतीका लागि न्यूनतम बगैंचाको क्षेत्रफल दुई रोपनी हुनु पर्ने,<br>२. रोड कोरिडोर लक्षित फलफूल खेतीका लागि विनियोजन गरिएको कुल रकमको दश प्रतिशत नबढ्ने गरि फलफूल लगाउने कृषकलाई स्थलगत फलफूल खेती प्रविधि तालिममा खर्च गर्न सकिने,<br>३. मल व्यवस्थापनका लागि कम्तीमा दुई वटा कम्पोष्ट खाडल तयार गरेको हुनु पर्ने,<br>४. रोपिएका बिरुवाको फिल्ड भेरिफिकेशन गरि भुक्तानी उपलब्ध गराइने। |
| ८. | <u>(क) कार्यक्रमको नाम:</u> व्यावसायिक फलफूलखेती प्रवर्द्धन कार्यक्रम |
| | <u>(ख) उद्देश्य:</u><br>१. सघन फलफूल खेती मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,<br>२. व्यावसायिक फलफूलको क्षेत्रफल विस्तार गर्ने,<br>३. आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलाप:</u><br>१. फलफूल बाली तथा पकेट क्षेत्रको प्राथमिकीकरण,<br>२. फलफूल खेती विस्तार,<br>३. सघन फलफूल खेती तथा चक्लाबन्दीमा फलफूल खेती प्रवर्द्धन,<br>४. सघन फलफूल बगैंचा व्यवस्थापन,<br>५. हैसियत विग्रेका वन तथा सदुपयोगमा नआएका जमिनमा फलफूल खेती,<br>६. नमुना बगैंचा स्थापना,<br>७. फलफूल खेतीमा अनुदान (बिरुवाको मूल्यमा, बगैंचाको बारबन्देज, मूल्य अभिवृद्धि, औजार उपकरण, फर्टिगेशन सहितको सूक्ष्म सिँचाइ, खाडल निर्माण तथा बिरुवा रोपन, थाक्रा व्यवस्थापन),<br>८. कृषि तथा पशु विज्ञान सम्बन्धी अध्यापन नगराएका तर विद्यालयको खाली जग्गा भएको अवस्थामा फलफूल बिरुवाहरूको रोपण तथा प्रविधि प्रदर्शन पनि सञ्चालन गर्न सकिने गरि स्कुल हर्टिकल्चर कार्यक्रम सञ्चालन गर्न सकिने। |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

(घ) अनुदान रकम र अधिकतम सीमाः

| क.स. | विवरण | हिमाली जिल्ला | पहाडी जिल्ला | विशेष जातका आयातित फलफूल |
|---|---|---|---|---|
| १. | फलफूलको नाम | स्याउ र ओखर | सुन्तलाजात, लिची, केरा, आँप | स्याउ, ओखर, किवी, ड्रागन फ्रुट, एभोकाडो, |
| २. | बिरुवाको मूल्यमा अनुदान (प्रतिशत) | | | |
| | एक रोपनी भन्दा ठुलो बगैंचा (सघन) | पचासी | पचासी | पचासी |
| | एक रोपनी भन्दा ठुलो बगैंचा (साधारण) | पचास | पचास | पचासी |
| ३. | हैसियत बिग्रेका वा सदुपयोगमा नआएका जमिनमा खेती कार्य | पचहत्तर | पचहत्तर | पचहत्तर |
| ४. | फर्टिगेशन प्रणाली, सूक्ष्म सिँचाइ तथा साना सिँचाइ | पचहत्तर | पचहत्तर | पचहत्तर |
| ५. | औजार उपकरण, थाक्रा व्यवस्थापन, खाडल निर्माण तथा रोपन कार्य | पचास | पचास | पचास |
| ६. | बगैंचाको बारबन्देज | पचास | पचास | पचास |
| ७. | मूल्य श्रृङ्खला अभिवृद्धि | पचास | पचास | पचास |
| ८. | विरुवाको मोर्टालिटी | दश | दश | दश |
| ९. | प्याकेजिङ्ग चार्ज (आवश्यकतामा मात्र) | दश | दश | दश |
| १०. | बिरुवा ढुवानी (आन्तरिक स्रोतबाट पूर्ति हुने हकमा) | शत प्रतिशत | शत प्रतिशत | |
| ११. | बिरुवा ढुवानी (आयातित) | | | सर्त अनुसार |

यस कार्यक्रम अन्तर्गत सहभागि हुने समूह/सहकारी र फर्म/कम्पनीहरुलाई एउटै अनुदान प्रतिशत रहनेछ।



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. सूचीकृत नर्सरीबाट बिरुवा खरिद,<br>२. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,<br>३. स्थानीय तहको सिफारिस पत्र तथा वन क्षेत्र प्रयोग गर्ने हकमा सम्बन्धित क्षेत्रको सहमति,<br>४. आयातित बिरुवाको हकमा बिरुवा स्वस्थताको प्रमाणपत्र सहित नेपालको प्लाण्ट क्वारेण्टिनको प्रक्रिया पूरा गरेको हुनुपर्ने,<br>५. आयातित बिरुवाको लागि प्रचलित खरिद ऐन बमोजिम गर्नुपर्ने। आयातित बिरुवा खरिद गर्नुपरेमा मन्त्रालयको अनिवार्य सहमति लिनु पर्ने,<br>६. बिरुवा खरिद गर्दा सरकारी फर्मबाट खरिद गर्नुपर्नेछ। सरकारी फर्म केन्द्रबाट उपलब्ध हुन नसकेमा सोको प्रमाण राखि अन्य स्रोत केन्द्र वा फर्मबाट खरिद गर्न सकिने। |
| ९. | <u>(क) कार्यक्रमको नामः</u> फलफूल क्षेत्र विस्तार कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>१. विभिन्न स्थानीय तथा उन्नत जातका फलफूल खेतीको क्षेत्र विस्तार गर्ने,<br>२. फलफूलको उत्पादन तथा उत्पादकत्व बढाउने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. फलफूल बिरुवा वितरण,<br>२. फलफूल बिरुवा रोपणका लागि खाडल तयारी,<br>३. फलफूलको बगैंचा व्यवस्थापन,<br>४. फलफूल बिरुवा लगाउनको लागि माग सङ्कलन, खाडल तयारी तथा बिरुवा रोपणमा एक स्थानीय तह एक कृषि प्राविधिकको परिचालन,<br>५. चक्लाबन्दी गरि सामूहिक रूपमा फलफूल लगाउने स्थानमा घेरबार र साना सिंचाइ। |
| | <u>(घ) लागत रकम र अधिकतम सीमाः</u><br>१. फलफूल बिरुवा लगाउने कृषकलाई बिरुवाको परल मूल्यको सत्तरी प्रतिशत रकम,<br>२. फलफूल बिरुवाको खाडल तयारी गरे बापत प्रति खाडल दुई सय रुपैयाँका दरले हुन आउने रकम,<br>३. चक्लाबन्दी भएको र सामूहिक रूपमा फलफूल लगाउने क्षेत्रमा घेरबारमा पचास प्रतिशत, व्यक्तिगत फर्ममा पच्चिस प्रतिशत,<br>४. सामूहिक प्रयोजनमा आउने साना सिंचाइमा पचासी प्रतिशत र व्यक्तिगत प्रयोजनमा पचास प्रतिशत अनुदान। |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | **(ङ) न्यूनतम मापदण्डः**<br>१. यो कार्यक्रम खाद्य सुरक्षा तथा आम्दानी प्रवर्द्धन गर्नको लागि कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा जिल्लामा सञ्चालन हुने,<br>२. जिल्लाको खाद्य सुरक्षाको हिसाबले जोखिम युक्त बस्ती, फलफूलको सम्भावना भएको, महिला सहकारी तथा समूह भएको स्थान, बाझो जग्गा भएको र फलफूल लगाउन इच्छुक कृषक लगायतका अन्य मापदण्ड तयार गरि जिल्लाबाट स्थान छनौट गरिने,<br>३. छनौट गरिएको स्थानमा समूह तथा सहकारी मार्फत फलफूल लगाउनको लागि सूचना आह्वान गरिने,<br>४. समूह तथा सहकारीबाट चक्लाबन्दी वा जग्गा एकीकृत गरि एकै स्थानमा फलफूल लगाउने कृषकलाई प्राथमिकता दिइने,<br>५. फलफूल लगाउन इच्छुक कृषकबाट बिरुवा लगाउनका लागि माग सङ्कलन, खाडल तयारी, बिरुवा रोपण लगायतका कार्यका लागि कृषि प्राविधिकलाई लक्ष्य तोकि परिचालन गर्नुपर्ने,<br>६. फलफूल लगाउने जग्गाको लालपुर्जा तथा सामूहिक वा समूहमा चक्लाबन्दी गरि फलफूल लगाउने निर्णयको कागजपत्र,<br>७. फलफूल लगाउने क्षेत्रफल हरेक व्यक्तिको कम्तीमा दुई रोपनी भएको हुनुपर्नेछ। |
| १०. | **(क) कार्यक्रमको नामः** कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम |
| | **(ख) उद्देश्यः**<br>१. लक्षित समूहलाई कृषि पेशामा आकर्षित गर्ने,<br>२. निर्वाहमुखी कृषिलाई साना व्यावसायिक कृषक तथा उद्यमीको रूपमा विकास गर्ने। |
| | **(ग) प्रमुख क्रियाकलापः**<br>१. कृषि बाली खेती व्यवसाय, पशुपालन र बीउ उत्पादन,<br>२. कृषि तथा पशुपन्छीजन्य उपजको बजारीकरण,<br>३. प्रारम्भिक कृषि प्रशोधन र मूल्य अभिवृद्धि,<br>४. बालीवस्तुको स्वास्थ्य, संरक्षण तथा सुरक्षा सम्बन्धी क्रियाकलाप। |
| | **(घ) अनुदान रकम र अधिकतम सीमाः**<br>१. प्रति व्यवसाय अधिकतम पाँच लाख रुपैयाँ सहयोग,<br>२. लक्षित वर्ग (फरक क्षमता भएका, द्वन्द्व पीडित, एकल महिला, दलित महिला) को लागि पचासी प्रतिशत र बेरोजगार युवा, प्राविधिक शिक्षा अध्ययन गरेका तथा विदेशबाट फर्किएका युवाहरुका लागि पचास प्रतिशत। |
| | **(ङ) न्यूनतम मापदण्डः** |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | १. कुल आयोजनाको न्यूनतम पचास प्रतिशत आयोजना लक्षित समूह (फरक क्षमता भएका, द्वन्द्व पीडित, एकल महिला, दलित महिला) र पचास प्रतिशत बेरोजगार युवा, प्राविधिक शिक्षा अध्ययन गरेका तथा विदेशबाट फर्किएका युवा,,<br>२. लक्षित वर्गको पहिचान खुल्नेगरि सम्बन्धित निकायबाट जारि भएको प्रमाणपत्र। |
| ११. | **(क) कार्यक्रमको नामः** उत्पादनमुखी मिशन कार्यक्रम |
| | **(ख) उद्देश्यः**<br>व्यावसायिक रूपमा कृषिजन्य बाली वस्तुको उत्पादन गरि प्रदेशको खाद्य सुरक्षा, आयआर्जन तथा रोजगारी अभिवृद्धि गर्ने। |
| | **(ग) प्रमुख क्रियाकलापः**<br>१. मकै, प्याज, लसुन, चैते धान, भटमास, मसला बालीमा मिसन कार्यक्रम सञ्चालन गर्ने,<br>२. मिसन कार्यक्रम सञ्चालन गर्न प्राविधिक दृष्टिकोणले सम्भाव्य बाली र स्थानको छनौट गर्ने,<br>३. मिसन कार्यक्रममा संलगन हुन चाहने कृषक, समूह, सहकारी, व्यावसायिक कृषि फर्म तथा कम्पनीको छनौट गर्ने,<br>४. बीउ तथा ढुवानी सहयोग,<br>५. कृषि औजार उपकरणको सहयोग,<br>६. उत्पादनोपरान्त क्रियाकलापमा सहयोग,<br>७. उत्पादन तथा पोष्टहार्भेष्ट तालिम,<br>८. उत्पादित वस्तुको बिक्री वितरणका लागि छलफल तथा अन्तरक्रिया,<br>९. मिल तथा उद्योगसँग समन्वय,<br>१०. उत्पादनमुखी मिसन कार्यक्रमसँग सम्बन्धित साना सिँचाइ मर्मत तथा निर्माण। |
| | **(घ) अनुदान रकम र अधिकतम सीमाः**<br>१. समूह तथा सहकारी मार्फत सञ्चालित कार्यक्रममा सत्तरी प्रतिशत र व्यावसायिक कृषि फर्मका लागि पचास प्रतिशत अनुदान,<br>२. उत्पादनका लागि सामूहिक प्रयोजनमा आउने सिँचाइ योजनामा पचासी प्रतिशत अनुदान,<br>३. उत्पादन तथा पोष्ट हार्भेष्ट तालिममा कुल बजेटको दश प्रतिशत खर्च गर्न सकिने। |
| | **(ङ) न्यूनतम मापदण्डः**<br>क्लष्टरमा बाली लगाइने न्यूनतम क्षेत्रफल दुई हेक्टर, मकै बालीको हकमा न्यूनतम पाँच हेक्टर। |
| १२. | **(क) कार्यक्रमको नामः** कर्णाली प्रदेश बीउ क्षेत्र सहयोग कार्यक्रम |

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**(ख) उद्देश्यः**

उन्नत जातका बीउ उत्पादन तथा बजारीकरण मार्फत उत्पादकत्व बढाउने।

**(ग) प्रमुख क्रियाकलापः**

१. उन्नत बीउ उत्पादन,
२. बीउ सङ्कलन प्रशोधन भण्डारण,
३. स्रोत बीउ तथा ढुवानी सहयोग,
४. उत्पादन प्रोत्सहान,
५. साना सिँचाइ,
६. बीउ प्रशोधन पूर्वाधार सहयोग,
७. क्षमता अभिवृद्धि, बैठक र समन्वय ।

**(घ) अनुदान रकम तथा सीमा निर्धारणः**

१. समूह, सहकारी मार्फत बीउ उत्पादन भएकोमा पूर्वाधार (भण्डारण, प्रशोधन तथा साना सिँचाइ आदि) विकासमा सत्तरी प्रतिशत अनुदान र व्यावसायिक कृषि फर्मको हकमा पचास प्रतिशत अनुदान,
२. बीउ उत्पादनको परिमाणको आधारमा प्रति किलोग्राम सम्झौता मूल्यको तीस प्रतिशत रकम बीउ बिजन कम्पनीको सिफारिसमा उत्पादनकर्तालाई उपलब्ध गराउने।

**(ङ) न्यूनतम मापदण्डः**

१. बीउ उत्पादनको कार्य बीउ बिजन खरिदकर्ता (बीउ कम्पनी, सहकारी, एग्रोभेट आदि) सँगको समन्वय, सहकार्य तथा बिक्री सम्झौता गराएर मात्र सञ्चालन गर्नुपर्नेछ,
२. अन्य प्राविधिक बिषय नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत बीउ बिजन आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

१३. **(क) कार्यक्रमको नामः** व्यावसायिक फलफूल, तरकारी, खाद्यान्न, आलु, दलहन, मौरी, च्याउ, तेलहन, कपास बाली प्रवर्द्धन कार्यक्रम

**(ख) उद्देश्यः**

१. प्रमुख बाली (खाद्यान्न, फलफूल, तरकारी, आलु, दलहन, तेलहन, मसलाबाली, मौरी, च्याउ) को उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
२. निर्वाहमुखी कृषि लाई साना व्यावसायिक कृषक तथा उद्यमीको रूपमा विकास गर्ने,
३. कृषि व्यावसायीकरण तर्फ आकर्षित गर्ने।

**(ग) प्रमुख क्रियाकलापः**



डा. नरहरि प्रसाद घिमिरे

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | १. प्रमुख बाली (खाद्यान्न, फलफूल, तरकारी, आलु, दलहन, तेलहन, मसलाबाली, मौरी घार, च्याउ) को क्षेत्रफल विस्तार,<br>२. उन्नत कृषि प्रविधि (मल, बीउ र बाली संरक्षण सामग्री) को प्रयोग,<br>३. तरकारी र फलफूलमा फर्टिगेशन,<br>४. प्रारम्भिक कृषि प्रशोधन र मूल्य अभिवृद्धि। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सीमाः</u><br>१. अधिकतम रकम बीस लाख सम्म प्रति कार्यक्रम,<br>२. विरुवाको मोर्टालिटीमा अधिकतम दश प्रतिशत। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. खाद्यान्न, आलु, दलहन, तेलहन, मसला बाली र तरकारी तर्फ व्यक्तिगत दुई रोपनी र समूह सहकारीका लागि न्यूनतम दुई दशमलव पाँच हेक्टर क्षेत्रफल,<br>२. मौरी घार बाह्रवटा प्रतिव्यक्ति (समूह, सहकारी साठी घार),<br>३. च्याउ दश किलोग्राम बीउ प्रतिव्यक्ति (पचास किलोग्राम बीउ प्रत्येक समूह वा सहकारी),<br>४. फलफूल तर्फ न्यूनतम क्षेत्रफलः व्यक्तिगत दुई रोपनी र समूह, सहकारी एक हेक्टर,<br>५. समूहको हकमा न्यूनतम सत्तरी प्रतिशत जमिन एउटै ब्लकमा हुनुपर्ने,<br>६. कृषकहरू पकेट क्षेत्रको हुनुपर्ने,<br>७. समूह, सहकारीको हकमा व्यावसायिक योजना। |
| १४. | <u>(क) कार्यक्रमः</u> उच्च मूल्य कृषि वस्तुको उत्पादन स्थल देखि बजार स्थल सम्म ढुवानी अनुदान कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>मूल सडकसँग नजोडिएका क्षेत्र वा स्थलमा उत्पादित उच्च मूल्य कृषि जन्य वस्तुलाई मूल सडकसम्म मानव स्रोत वा पशुजन्य ढुवानी साधन प्रयोग मार्फत ढुवानी अनुदान उपलब्ध गराई आन्तरिक तथा बाह्य बजार सम्म बजार पहुँच वृद्धि गर्ने। |
| | <u>(ग) अनुदान उपलब्ध हुने प्रमुख कृषि वस्तुः</u><br>**उच्च मूल्य कृषि वस्तु**ः अलैंची, बेसार, स्याउ, सुन्तलाजात फलफूल, किवि, लसुन, अदुवा, प्याज, आलु, बीउ, तरकारी आदि। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सीमाः</u><br>१. स्याउ, सुन्तलाजातः आठ रुपैयाँ प्रति किलोग्राम,<br>२. बेसार, अदुवा, लसुन, प्याज, आलु, किवी, केरा, बीउ, तरकारीः दश रुपैयाँ प्रति किलोग्राम, |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u> |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

१. ढुवानी अनुदान प्राप्त गर्नको लागि मूल सडक वा कृषि सडक पुगेको तर उत्पादन स्थल तीन किलो मिटर भन्दा टाढा रहेको,

२. उक्त उत्पादन क्षेत्र व्यावसायिक पकेटको रूपमा विस्तार भएको वा हुन सक्ने,

३. उत्पादन क्षेत्रमा कम्तीमा दश भन्दा बढी कृषकको उत्पादन भएको र बजारयोग्य परिमाण (कम्तीमा पाँच सय किलोग्राम) मा कृषि जन्य वस्तु उत्पादन भएको। तर अलैंचीको हकमा कम्तीमा पाँच जना कृषकले उत्पादन गरेको र बजार योग्य परिमाण कम्तीमा दुई सय किलोग्राम रहेको,

४. ढुवानी अनुदान प्राप्त गर्ने कृषि जन्य वस्तुको ग्रेडिङ गरि गुणस्तर कायम भएको हुनुपर्ने।

५. ढुवानी साधनको लागि मानव श्रम वा पशुजन्य साधन (खच्चड, घोडा, गधा र च्याङ्ग्रा) प्रयोग गर्न सकिने,

६. कृषक आफूले उत्पादन गरि बिक्री गरेको स्पष्ट परिमाण, गुणस्तर, मिति, स्थान र खरिदकर्ताको विवरण खुलाइ स्थानीय तहको सिफारिस तथा नेपाली नागरिकताको प्रतिलिपि सहित कृषि विकास कार्यालयमा बिक्री कार्य गरेको पैंतालिस दिनभित्र निवेदन दिइसक्नुपर्ने,

७. कार्यालयले प्राप्त निवेदनको स्थलगत अनुगमन गरि भुक्तानीको प्रक्रिया अगाडि बढाउन सकिने,

८. अन्य मापदण्ड सम्बन्धित कार्यालयले निर्धारण गर्न सक्ने।

१५. <u>(क) कार्यक्रमको नामः</u> कृषिजन्य वस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन

<u>(ख) उद्देश्यः</u>

१. कृषिजन्य वस्तुको प्रारम्भिक प्रशोधन गरि उत्पादन विविधीकरण गर्ने,

२. मूल्य अभिवृद्धि तथा बजारीकरण मार्फत कृषकको आय बढाउने,

३. व्यावसायिकरण र आय-आर्जनका दृष्टिले सम्भावना भएका बाली वस्तुको निकासी प्रवर्द्धन गर्ने।

<u>(ग) प्रमुख क्रियाकलापः</u>

१. औजार उपकरण,

२. प्रशोधन केन्द्र परिसरमा सञ्चय घर टहरा निर्माण,

३. फेन्सिङ्ग,

४. प्याकेजिङ्ग सामग्री खरिद तथा प्याकेजिङ्ग कार्य,

५. ढुवानी साधन र एसेक्सरीज।

<u>(घ) अनुदान रकम र अधिकतम सीमाः</u>

१. अधिकतम सीमाः पचास प्रतिशत (पचास लाख रुपैयाँ सम्म),



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | २. औजार उपकरण, प्रशोधन केन्द्र परिसरमा सञ्चय घर टहरा निर्माण.फेन्सिङ्ग र प्याकेजिङ्ग सामग्री खरिद तथा प्याकेजिङ्ग कार्यका लागि पचास प्रतिशत,<br>३. सवारी साधनका लागि तीस प्रतिशत मात्र। |
| | (ङ) न्यूनतम मापदण्डः<br>१. कानूनमा व्यवस्था भएकोमा प्रारम्भिक वातावरणीय मुल्याङ्कन प्रतिवेदन,<br>२. विषादी उत्सर्जन तथा फोहर व्यवस्थापन प्रणाली हुनुपर्ने,<br>३. व्यवसाय दर्ता प्रमाणपत्र, प्यान वा भ्याट दर्ता,<br>४. व्यावसायिक योजना,<br>५. वस्तु ढुवानीको लागि एसेक्सरीज जडित सवारी साधनको लागि मात्र। |
| १६. | (क) कार्यक्रमको नामः नर्सरी स्थापना सञ्चालन विस्तार र सुदृढीकरण |
| | (ख) उद्देश्यः<br>स्वस्थ र गुणस्तरीय बिरुवा उत्पादन गर्ने। |
| | (ग) प्रमुख क्रियाकलापः<br>१. नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस, एग्रिनेट हाउस निर्माण, स्क्रिन हाउस एवम् सेड हाउस निर्माण,<br>२. प्लाष्टिक घर तथा टनेल निर्माण,<br>३. बजारमुखी उत्पादन योजना,<br>४. नवीनतम प्रविधियुक्त खेती,<br>५. माउबोट व्यवस्थापन। |
| | (घ) अनुदान रकम र अधिकतम सीमाः<br>अधिकतम अनुदान रकम बीस लाख रुपैया सम्म। |
| | (ङ) न्यूनतम मापदण्डः<br>१. प्राविधिक डिजाइन तथा लागत अनुमान,<br>२. जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र वा लिजमा लिएको भए करारनामा (हाइटेक ग्रिन हाउस, नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस, एग्रीनेट हाउसका लागि कम्तीमा दश वर्ष र प्लाष्टिक घर तथा टनेलको लागि कम्तीमा पाँच वर्ष),<br>३. व्यावसायिक कृषि फर्म तथा कम्पनीको हकमा संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, करचुक्ता र नवीकरण गरेको प्रमाणपत्र,<br>४. अन्य प्रावधान प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम। |
| १७. | (क) कार्यक्रमको नामः कृषि वन कार्यक्रम |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत, नेपाल

**(ख) उद्देश्यः**

एकीकृत कृषि वन प्रणालीको माध्यमबाट कृषि उपज तथा वनजन्य पैदावरको उत्पादन एवम् उत्पादकत्व वृद्धि गरि हरियाली तथा जैविक विविधता प्रवर्द्धन, वातावरण संरक्षण तथा भू-संरक्षण कार्य गर्ने।

**(ग) प्रमुख क्रियाकलापः**

१. डालेघाँसको नर्सरी स्थापना तथा सोसम्बन्धी स्ट्रक्चर निर्माण,
२. फलफूल, जडीबुटी जन्य, बहुउपयोगी छहारी रूख, हावा रोक्ने बिरुवा रोपण,
३. नगदेबाली, दलहन, मसलाबाली खेती,
४. जैविक बार तथा तारबार,
५. बायो इञ्जिनियरिङ्ग कार्य।

**(घ) अनुदान रकम र अधिकतम सीमाः**

१. कुल लागत सहभागिताः  पचास प्रतिशत (अधिकतम रू दश लाख),
२. नर्सरी स्थापना तथा प्रवर्द्धन पचास प्रतिशतः नयाँ नर्सरी स्थापना (अधिकतम दुई लाख पचास हजार रुपैयाँ) तथा सुदृढीकरण (अधिकतम एक लाख रुपैयाँ),
३. बिरुवाको मूल्य, नगदेबाली, दलहन तथा मसला बालीको बीउमा पचास प्रतिशत,
४. आयातित जैतुन तथा एभोकाडोको बिरुवाको मूल्यमा पचहत्तर प्रतिशत,
५. जैविक वार तथा तारवार र वायो इञ्जिनियरिङ्ग कार्यमा अनुमानको आधारमा पचास प्रतिशत।

**(ङ) न्यूनतम मापदण्डः**

१. न्यूनतम एक हेक्टर (बीस रोपनी),
२. व्यक्तिको हकमा स्थानीय तहको चौकिल्ला प्रमाणित पत्र,
३. पर्ती जग्गा र वन अन्तर्गत को जग्गाको हकमा सम्बन्धित वन कार्यालयको सहमति तथा सामुदायिक वनको हकमा फेकोफनको सहमति,
४. आयातित बिरुवाको हकमा आयात गरिएको प्रमाण।

१८. **(क) कार्यक्रमको नामः** युवा कृषकलाई जग्गा भाडा सहयोग कार्यक्रम

**(ख) उद्देश्यः**

युवा उद्यमी कृषकलाई व्यावसायिक खेतीमा प्रोत्साहन गरि रोजगारी सृजना गर्ने

**(ग) प्रमुख क्रियाकलापः**

जग्गाको भाडा उपलब्ध गराउने।

**(घ) अनुदान रकम र अधिकतम सीमाः**

स्थानीय प्रचलित दर वा बढीमा प्रति रोपनी पाँच हजार रुपैयाँका दरले एक कृषक, फर्म,



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | समूह, सहकारी अधिकतम एक लाख रुपैयाँसम्म वार्षिक रूपमा भाडा उपलब्ध गराउने सकिने। |
| | (ङ) न्यूनतम मापदण्ड:<br>१. जग्गाधनि सँग लिजमा लिएको सम्झौता कागजपत्र,<br>२. लिजमा लिएको जग्गामा कृषि व्यवसाय सञ्चालन गरेको हुनुपर्ने,<br>३. न्यूनतम पाँच वर्षको लिज अवधि हुनुपर्ने,<br>४. लिजमा लिएको जग्गामा कृषि वस्तुको उत्पादन गर्नुपर्नेछ। |
| १९. | (क) कार्यक्रमको नाम: पुष्प खेती प्रवर्द्धन कार्यक्रम |
| | (ख) उद्देश्य:<br>पुष्पखेती सञ्चालन मार्फत रोजगारी सृजना गर्ने |
| | (ग) प्रमुख क्रियाकलाप:<br>१. आलङ्कारिक बिरुवा तथा पुष्प नर्सरी स्थापना,<br>२. क्षमता अभिवृद्धि कार्यक्रम,<br>३. टनेल तथा नेट हाउस निर्माण,<br>४. व्यावसायिक पुष्प खेती। |
| | (घ) न्यूनतम मापदण्ड:<br>१. सदरमुकाम तथा व्यापारिक केन्द्र आसपासका स्थानमा सञ्चालन गर्ने,<br>२. पुष्प खेतीमा संलग्न वा पुष्प खेती सम्बन्धी तालिम लिएकालाई प्राथमिकता,<br>३. व्यवसासायिक प्रयोजनका फूल (गुलाब, सयपत्री, मखमली, तरबारे फूल आदि) को खेती गर्नुपर्नेछ। |
| २०. | (क) कार्यक्रमको नाम: व्यावसायिक कीट विकास कार्यक्रम |
| | (ख) उद्देश्य:<br>व्यावसायिक सम्भावना भएका मौरी तथा रेशम खेती प्रवर्द्धन गरि आयआर्जन तथा रोजगारी सृजना गर्ने। |
| | (ग) प्रमुख क्रियाकलाप:<br>१. मौरीपालन:<br>क. ब्लकमा मौरीपालन कार्यक्रम सञ्चालन,<br>ख. उन्नत मौरी घार तथा गोला वितरण,<br>ग. मौरी सामग्री वितरण, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | घ. प्राविधिक तालिम सञ्चालन,<br>ङ. उत्पादित महको प्रशोधन, लेबलिङ्ग र प्याकेजिङ्गमा सहयोग।<br>२. रेशम खेतीः<br>क. ब्लकमा रेशम खेती कार्यक्रम सञ्चालन,<br>ख. रेशम पालनको लागि बीउ ढुवानी र वितरण,<br>ग. किम्बु खेती विस्तार,<br>घ. प्राविधिक तालिम सञ्चालन,<br>ङ. रेशम किरापालन टहरा निर्माण, |
| | **(घ) न्यूनतम मापदण्डः**<br>व्यावसायिक रूपमा उत्पादन तथा बजारीकरण गर्न सकिने व्यावसायिक कीटमा कार्यक्रम सञ्चालन गर्ने। |
| २१. | **(क) कार्यक्रमः** बाली र पशुपन्छी विशेष उत्पादन क्षेत्र कार्यक्रम |
| | **(ख) उद्देश्यः**<br>प्राविधिक दृष्टिकोणले उपयुक्त सम्भावना देखिएका बाली र पशुपन्छीहरुको उत्पादनका क्षेत्रहरुलाई विशेष क्षेत्रको रुपमा निर्धारण गरि व्यवसायिक कृषिको विकास गर्ने। |
| | **(ग) सञ्चालन गरिने क्रियाकलापः**<br>१. बीउ, बिरुवा, उन्नत नश्ल, कृषि औजार उपकरण, वितरण,<br>२. तरकारी खेतीको लागि प्लाष्टिक संरचना निर्माण, साना सिंचाई संरचना निर्माण सुधार, गोठ/खोर निर्माण सुधार, भकारो सुधार, उत्पादन तथा भण्डारण सम्बन्धि पुर्वाधार निर्माण,<br>३. स्थलगत क्षमता विकास तालिम,<br>४. बजारिकरण सहयोग,<br>५. प्राङ्गारिक मल, जैविक मल, जैविक विषादी वितरण। |
| | **(घ) न्यूनतम मापदण्डः**<br>१. उत्पादन विशेष क्षेत्र निर्धारण गरेको,<br>२. क्लष्टर भित्र पर्ने कृषक, फर्म/कम्पनी, समूह, सहकारी, कृषि सम्बन्धी समिति लाभग्राही हुनेछन,<br>३. स्थानीय तहको कृषि हेर्ने प्राविधिक, जनप्रतिनिधि र कार्यालयले उत्पादन विशेष क्षेत्रको आवश्यकता पहिचान गर्ने,<br>४. पहिचान भएका आवश्यकतालाई प्राथमिकीकरण पश्चात स्वीकृत बजेट अनुसारको कार्ययोजना तयार गरि कार्यक्रम सञ्चालन गरिने, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | ५. यस सम्बन्धमा कार्यक्रम सञ्चालनको लागि छुट्टै सूचना प्रकाशन गरि प्रस्ताव माग गरिने छैन,<br>६. तोकिएको क्षेत्र भित्रको क्लष्टरमा समूह गठनको आवश्यकता देखिएमा समूह गठन गरि कार्यक्रम सञ्चालन गर्न सकिनेछ,<br>७. बजेटको परिधिभित्र रहि क्लष्टरमा एकीकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ,<br>८. आवश्यकता प्राथमिकीकरण तथा अन्य आवश्यक विषय प्राविधिक मापदण्डमा तोकिए बमोजिम हुनेछ। |
| २२ | **(क) कार्यक्रमको नामः** न्यूनतम समर्थन मूल्य नमुना कार्यक्रम (काउली/बन्दा) |
| | **(ख) उद्देश्यः**<br>कृषकलाई काउली र बन्दा उत्पादनमा निरन्तरता दिदै बजार मुल्यको जोखिम न्यूनिकरण गर्ने। |
| | **(ग) प्रमुख क्रियाकलापहरुः**<br>१. काउली र बन्दाको उत्पादन लागतको आधारमा न्यूनतम सर्मथन मूल्य तयार गर्ने,<br>२. न्यूनतम समर्थन मूल्य भन्दा कम मूल्यमा काउली र बन्दा बिक्री भएमा न्यूनतम समर्थन मूल्यमा सहयोग गर्ने। |
| | **(घ) अनुदान रकम र अधिकतम सिमाः**<br>तोकिएको बन्दा र काउलीको न्यूनतम समर्थन मूल्य र कृषकहरुबाट बजारमा बिक्री गरिएको मूल्य, न्यूनतम समर्थन मूल्य भन्दा कम भएमा उक्त अन्तर बराबरको रकम प्रोत्साहन सहयोग गर्ने। |
| | **(ङ) न्यूनतम मापदण्ड र विधिः**<br>१. न्यूनतम समर्थन मूल्यलाई नमुनाको रुपमा सञ्चालन गर्ने,<br>२. कार्यक्रम सञ्चालन गर्ने पकेट क्षेत्र तोक्ने र सन्दर्भ बजार मूल्यको लागि नजिकको आधिकारिक कृषि बजार तोक्ने,<br>३. मन्त्रालयले बालीको प्रति रोपनी लागत अनुमान र उत्पादकत्व तयार गर्ने,<br>४. कार्यालयले बन्दा र काउली कम्तिमा एक रोपनी क्षेत्रफलमा उत्पादन गर्न ईच्छुक कृषकहरुलाई सूचीकृत हुन सूचना प्रकाशन गर्ने,<br>५. सूचीकृत भएका कृषकहरुको उत्पादन क्षेत्रको अनुगमन मन्त्रालयको प्रतिनिधि र कार्यालयले तोकेको प्राविधिकले सम्बन्धित वडाका जनप्रतिनिधि/स्थानीय तहको प्राविधिकको रोहबरमा गर्नेछ,<br>६. सूची तयार भएका कृषक/समुहहरुले उत्पादित बन्दा र काउलीलाई कुन बजार, कति मूल्य र उत्पादकत्वको आधारमा क्षेत्रफल अनुसारको उत्पादनको विवरण तयार गरि उक्त बजारको बिक्री समयको सासाहिक औसत खरिद मुल्य बजारबाट संकलन गरि कार्यालयले तयार गर्ने,<br>७. बिक्री समयको उक्त बजारको औसत खरिद मूल्य र न्यूनतम समर्थन मूल्य बीचको अन्तर |

७९

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | बराबरको रकमले हुन आउने जम्मा उत्पादनको रकम कार्यक्रम हेर्ने कर्मचारीको सिफारिसमा कृषकको खातामा एकमुष्ट भुक्तानी गरिनेछ। |
| | (च) न्यूनतम समर्थन मुल्य तोक्ने:<br>१. कार्यक्रम सञ्चालन गरिने स्थान विशेष बालीको उत्पादन, प्रति रोपनी उत्पादकत्व र प्रति एकाइ लागत मुल्य निर्धारण गर्ने,<br>२. प्रति एकाइ लागत मूल्यको आधारमा प्राविधिक मापदण्डमा तोकिए अनुसारको फर्मेटमा न्यूनतम समर्थन मुल्य निर्धारण गर्ने। |
| २३. | (क) कार्यक्रमको नाम: समूह वा सहकारी मार्फत कुटानी पिसानी मिल स्थापना कार्यक्रम |
| | (ख) उद्देश्य:<br>१. परम्परागत घट्टमा सुदृढीकरण गरि कार्यक्षमता बढाउने,<br>२. कुटानी पिसानी मिल सञ्चालन मार्फत महिला कृषकको कार्यबोझ कम गराउने। |
| | (ग) प्रमुख क्रियाकलाप:<br>१. सुधारिएको घट्ट निर्माण तथा परम्परागत घट्टको सुधार,<br>२. समूह, सहकारी मार्फत कुटानी पिसानी मिल सञ्चालनमा सहयोग,<br>३. कुटानी पिसानी मिलको मेसिनरी सामग्रीमा सहयोग। |
| | (घ) न्यूनतम मापदण्ड:<br>१. समूह वा सहकारी मार्फत मात्र सञ्चालन गरिने,<br>२. परम्परागत घट्टमा सुधारको कार्यक्रमलाई प्राथमिकता दिने,<br>३. भवन निर्माण तथा सुधारमा सहयोग उपलब्ध हुनेछैन। |
| ज. | **कृषि पुर्वाधार बिकास कार्यक्रम** |
| १. | (क) कार्यक्रमको नाम: कृषिमा आधारित उद्योग स्थापना तथा सञ्चालन |
| | (ख) उद्देश्य:<br>१. कृषिमा आधारित उद्योगको विकास मार्फत उचित मूल्य श्रृङ्खला विकास गरि दिगो रूपमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,<br>२. स्थानीय रोजगारी सृजना तथा प्रशोधित वस्तुको बिक्री वितरणबाट आय आर्जनमा वृद्धि गर्ने,<br>३. गुणस्तरीय वस्तु उत्पादन गरि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने। |
| | (ग) प्रमुख क्रियाकलाप:<br>१. उद्योगको स्थापनामा मेसिनरीमा सहयोग, |

८०

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | २. उद्योगको कम्पाउण्डमा साझेदारीमा घेराबार गर्ने,<br>३. कच्चा तथा प्रशोधित वस्तुको भण्डारणका लागि गोदाम घरको निर्माण गर्ने,<br>४. ग्रेडिङ्ग, लेबलिङ्ग तथा प्याकेजिङ्ग उद्योगमा सहयोग हुने। |
| | (घ) कार्यक्रम बजेट र अधिकतम सीमाः<br>अधिकतम एक करोड रुपैयाँ अनुदान प्रति उद्योग। |
| | (ङ) न्यूनतम मापदण्डः<br>१. उद्योग सञ्चालन गर्ने स्थानको जग्गाको स्वामित्व सम्बन्धित फर्म, समूह वा संस्थाको नाममा भएको हुनुपर्ने,<br>२. सञ्चालक समितिको व्यवस्था भएको हुनुपर्ने,<br>३. उद्योग सञ्चालनका लागि सम्बन्धित प्राविधिक जनशक्तिको व्यवस्था भएको हुनुपर्ने,<br>४. कम्तीमा पाँच रोपनी क्षेत्रफलमा उद्योग स्थापनाका लागि जग्गाको सुनिश्चितता हुनुपर्ने,<br>५. औद्योगिक उत्पादनका लागि आवश्यक कच्चा पदार्थमा कार्यालयको अनुदान नरहने,<br>६. उद्योग सञ्चालनको लागि संचालकले पूँजिको स्रोत सुनिश्चित भएको प्रमाण हुनुपर्ने,<br>७. कम्तिमा कृषि सडक र उद्योग सञ्चालनको लागि आवश्यक पर्ने विद्युत पहुँच पुगेका स्थानमा मात्र सञ्चालन गरिने। |
| २. | (क) कार्यक्रमः शीत भण्डार, सेलारस्टोर, रष्टिक स्टोर निर्माण तथा सञ्चालन |
| | (ख) उद्देश्यः<br>कृषि उपजको भण्डारण गर्ने। |
| | (ग) प्रमुख क्रियाकलापः<br>१. शीत भण्डार निर्माण (सिमेन्टेड वा प्रि-फ्याब),<br>२. सेलारस्टोर र रष्टिक स्टोर निर्माण,<br>३. च्याउ तथा च्याउ बीउ उत्पादनको लागि प्रि-फ्याब च्याम्बर,<br>४. कोल्ड रुम वा च्याम्बर निर्माण तथा सञ्चालन,<br>५. विगत आर्थिक वर्षमा निर्माण भइ सञ्चालनमा आउन नसकेका कोल्डस्टोरहरुमा मर्मत सम्भार, स-साना मेसिनरी पाटपुर्जा थप गरि सञ्चालनमा ल्याउने। |
| | (घ) अनुदान रकम र अधिकतम सिमाः<br>१. शीत भण्डार (समूह वा सहकारी) अधिकतम सत्तरी प्रतिशत (एक करोड पचास लाख रुपैयाँ सम्म),<br>२. शीत भण्डार (कम्पनी वा फर्म) अधिकतम पचास प्रतिशत (एक करोड रुपैयाँ सम्म),<br>३. सामूहिक प्रयोगमा आउने न्यूनतम दश मेट्रिक टन क्षमताको सेलारस्टोर, रष्टिक स्टोर (समूह |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | वा सहकारी) अधिकतम पचासी प्रतिशत (बाह्र लाख रुपैयाँ सम्म),<br>४. न्यूनतम दश मेट्रिक टन क्षमताको सेलारस्टोर, रष्टिक स्टोर (व्यावसायिक कृषि फर्म) अधिकतम पचास प्रतिशत (सात लाख रुपैयाँ सम्म)। |
| | (ङ) न्यूनतम मापदण्डः<br>१. प्रमाणित वा स्वीकृत विस्तृत डिजाइन तथा लागत अनुमान,<br>२. जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र,<br>३. उत्पादन पकेट क्षेत्र वा बजार क्षेत्र वा पायक पर्ने उपयुक्त स्थान,<br>४. पाँचसय मेट्रिक टन वा सोभन्दा ठुला क्षमताका शीत भण्डारको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन तथा मन्त्रालयबाट स्वीकृति,<br>५. शीत भण्डार सञ्चालनको लागि थ्री-फेज विद्युत तथा सडकको पहुँच पुगेको स्थानमा मात्र निर्माण गर्नुपर्नेछ,<br>६. स्थापना भइ सञ्चालनमा आउन नसकेका र मर्मत गर्नुपर्ने शीत भण्डार, सेलारस्टोर, रष्टिक स्टोरमा मर्मत तथा पाटपुर्जा थपको लागत अनुमान, मर्मतको पुष्ट्याई सहितको स्वीकृत प्रतिवेदन। |
| ३. | (क) कार्यक्रमः प्रयोगशाला निर्माण तथा सञ्चालन |
| | (ख) उद्देश्यः<br>स्वस्थ तथा गुणस्तरीय बीउ तथा बिरुवा उत्पादन, पशुपन्छी तथा मत्स्य रोग अन्वेषण तथा प्रयोगशाला सेवा प्रवाह गर्ने। |
| | (ग) प्रमुख क्रियाकलापः<br>१. आलु, केरा, सुन्तलाजात फलफूल, आलङ्कारिक फूलको टिस्युकल्चर प्रयोगशाला निर्माण तथा सञ्चालन,<br>२. पशुपन्छी तथा मत्स्य सम्बन्धी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह,<br>३. बुँदा नम्बर १ र २ बाहेकको बाली वस्तुको हकमा औचित्य र आधार सहितको प्रस्तावकको प्राविधिक प्रतिवेदन। |
| | (घ) अनुदान रकम र अधिकतम सिमाः<br>१. टिस्युकल्चर प्रयोगशाला, पशुपन्छी तथा मत्स्य उत्पादन सम्बन्धी प्रयोगशाला (व्यावसायिक कृषि फर्म) अधिकतम पचास प्रतिशत (एक करोड रुपैयाँसम्म),<br>२. निर्माण तथा मेसिनरीको हकमा पचास प्रतिशत। |
| | (ङ) न्यूनतम मापदण्डः<br>१. प्रमाणित वा स्वीकृत विस्तृत डिजाइन तथा लागत अनुमान, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

२. जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र वा लिजमा लिएको भए दश वर्षको करारनामा,
३. उत्पादन पकेट क्षेत्र वा बजार क्षेत्र वा पायक पर्ने उपयुक्त स्थान,
४. प्रयोगशाला सञ्चालन गर्न सक्ने प्राविधिक क्षमता सहितको पुस्ट्याई।

४. **(क) कार्यक्रमको नाम:** कृषि हाटबजार तथा कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा सञ्चालन

**(ख) उद्देश्यः**

१. कृषि उपजको बजारीकरणमा सहजीकरण गर्ने,
२. कृषि बजारसँग कृषि उत्पादन पकेट क्षेत्रको सम्बन्ध स्थापित गर्ने।

**(ग) प्रमुख क्रियाकलापः**

१. कृषि उपज बिक्री वितरणको लागि बजार सेड वा भवन निर्माण,
३. कम्पाउण्ड वाल, तारवार, रिटेनिङ्ग वाल निर्माण,
४. भण्डारण कोठा, कार्यालय कोठा, सूचना कक्ष, कारोबार स्थान निर्माण,
५. खानेपानी सुविधा सम्बन्धी पूर्वाधार, पालोपहरा कक्ष, शौचालय निर्माण,
६. कृषि हाट बजार तथा कृषि उपज सङ्कलन केन्द्र निर्माण एवम् सञ्चालनका लागि आवश्यक अन्य सुविधा तयार।

**(घ) अनुदान रकम र अधिकतम सीमा:**

कृषि हाटबजार तथा उपज सङ्कलन केन्द्रः पालिकासंगको साझेदारीमा वा समन्वयमा सञ्चालन।

**(ङ) न्यूनतम मापदण्ड:**

१. समूह, सहकारी र बजार सञ्चालक समिति मार्फत मात्र कार्यक्रम सञ्चालन हुने,
२. सङ्कलन केन्द्रको हकमा औचित्य, सम्भाव्यता, संक्षिप्त डिजाइन, जग्गाको स्वामित्व, लाभाग्राही सम्बन्धी जानकारी,
३. कृषि हाटबजारको हकमा सम्भाव्यता प्रतिवेदन सहितको विस्तृत डिजाइन, लागत अनुमान सहित जग्गाको सुनिश्चितता,
४. स्थानीय तहको सिफारिस,
५. नियमानुसार प्रारम्भिक वातावरण परीक्षण वा वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन,
६. पालिकासंगको सहकार्यमा निर्माण हुने हाट बजारको लागि सम्झौता भएको हुनुपर्ने।

५. **(क) कार्यक्रमको नाम:** कृषिजन्य उद्योगको प्रवर्द्धनात्मक कार्यकम

**(ख) उद्देश्य:**

१. कृषि तथा पशुपन्छीजन्य उद्योगको लागि चाहिने कच्चा पदार्थको गुणस्तरीय उत्पादन र सुनिश्चित आपूर्तिको लागि उद्योगसँगको समन्वयमा कृषि तथा पशुपन्छीजन्य वस्तुहरूको



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

ब्लकमा उत्पादन गर्ने,

२. कृषि तथा पशुपन्छीजन्य उद्योगको प्रवर्द्धन गर्ने।

<u>(ग) प्रमुख क्रियाकलापः</u>

१. **उत्पादनका क्रियाकलापः**

१.१ कृषि तथा पशुपन्छीजन्य उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ अनुसार बाली वा पशुपन्छीको ब्लकमा उत्पादन,

१.२ कृषकको क्षमता अभिवृद्धि,

१.३ कृषि तथा पशुपन्छी उत्पादन सामग्री सहयोग,

१.४. कृषि तथा पशुपन्छी प्रशोधन सामग्री।

२. **प्रवर्द्धनात्मक क्रियाकलापः**

२.१ कृषि उद्योग तथा शीत भण्डार (बीउ उत्पादन तथा प्रशोधन सहित) लाई विद्युत महशुलमा अनुदान,

२.२ उत्पादित कृषि तथा पशुपन्छीजन्य सामग्रीको ढुवानी साधनमा अनुदान (दुग्ध ट्याङ्कर, कुखुरा ढुवानीको लागि पिकअप गाडीमा जाली र्‍याक जडान, कृषि वस्तुको ढुवानी साधनमा वातावरण अनुकूलित सुविधा जडान खर्च),

२.३ कृषि तथा पशुजन्य प्रशोधन तथा भण्डारण सामग्रीमा सहुलियत,

२.४ कृषि तथा पशुजन्य वस्तुको भण्डारणको लागि कोल्ड च्याम्बर जडान,

२.५. रिफ्रीजेरेटेड माछा ढुवानी साधन तथा कोल्ड रुम,

२.६. कृषि तथा पशुपन्छी जन्य वस्तुको निर्यात गर्ने उद्योगले मेसिनरी औजार आयात गरेमा लागत सहयोग गर्ने सकिने,

२.७ कोल्ड रुम निर्माण (कृषि तथा पशुपन्छी जन्य वस्तुको बजारीकरण गरिरहेका सङ्कलन केन्द्र, सहकारी र निजी व्यापारी मार्फत सञ्चालन गरिने)।

<u>(घ) अनुदान रकम र अधिकतम सीमाः</u>

१. निजी व्यवसायीलाई दुग्ध ट्याङ्करको हकमा खरिद मूल्यको तीस प्रतिशत अनुदान हुनेछ भने सहकारी संस्थालाई सत्तरी प्रतिशत सहुलियत,

२. कार्यालयबाट सरकारी निकायलाई सहयोग गरिने साधनमा यो प्रावधान लागू नहुने,

३. कृषिजन्य ढुवानी साधनमा वातावरण अनुकूलित सुविधा जडान वा कुखुरा ढुवानीको लागि जाली र्‍याक जडान भएको लागत खर्चको पचास प्रतिशत रकम वा अधिकतम रकम पाँच लाख रुपैयाँसम्मको लागत खर्च सहयोग,

६. दश टन क्षमता सम्मका कोल्ड च्याम्बर जडानका लागि लागत मूल्यको पचास प्रतिशतसम्म



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय वीरेन्द्रनगर सुर्खेत, नेपाल

सहुलियत उपलब्ध गराउन सकिने,

७. रिफ्रीजेरेटेड माछा ढुवानी साधन तथा कोल्ड रुममा लागत मूल्यको तीस प्रतिशत,

८. कृषि तथा पशुपन्छी जन्य वस्तुको निर्यात गर्ने उद्योगले क्षमता विस्तार गर्नका लागि मेसिनरी औजार आयात गरेमा सहकारी भएमा सत्तरी प्रतिशत र निजी व्यावसाय भएमा पचास प्रतिशत आयात गरिएको मेसिनको लागतमा जडान पश्चात् सहयोग गर्न सकिने,

९. कृषि तथा पशुपन्छीजन्य उद्योगमा लागेको विद्युत महशुलको सत्तरी प्रतिशत सम्म (समूह, सहकारी र निजी फर्म सबै) खर्च,

१०. एक सय टन क्षमता भन्दा ठूला शीत भण्डार गृहमा लागेको विद्युत महसुलको तीस प्रतिशतसम्म अनुदान उपलब्ध हुनेछ।

**(ङ) न्यूनतम मापदण्डः**

१. उत्पादन मापदण्ड

१.१ पशुपन्छी जन्य उत्पादनः

| | | |
|---|---|---|
| दुध उत्पादन परिमाण | दैनिक दुई हजार लिटर भन्दा माथि दुध उत्पादन तथा सङ्कलन | साबिकका कर्णाली जिल्लामा दैनिक तीन सय लिटरभन्दा माथि दुध उत्पादन तथा सङ्कलन हुनुपर्ने |

१.२ कृषि बाली उत्पादनः

| तरकारी, मसला, आलु, फलफूल लगायतका बालीवस्तु | कैफियत |
|---|---|
| दैनिक पाँच हजार किलोग्राम भन्दा माथि उत्पादन तथा सङ्कलन | सिङ्गल क्याबको गाडीमा मात्र वातावरण अनुकूलित जडान सुविधा उपलब्ध हुने |

२. **प्रवर्द्धनात्मक मापदण्डः**

२.१ कृषि र पशुपन्छीजन्य उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको ब्लकमा उत्पादनको लागि उत्पादनकर्ता (कृषक, समूह, सहकारी, फर्म) र उद्योगीबीच उत्पादन अघि उत्पादन र खरिद बिक्रीको सम्झौता हुनुपर्ने र ठाउँ छनौट गर्दा उद्योगसँगको समन्वयमा गर्नुपर्ने,

२.२ विद्युत महसुल अनुदान प्राप्त गर्नका लागि उद्योगमा जडान भएको विद्युतको खर्च भुक्तानीको लागि नेपाल विद्युत प्राधिकरणको खर्च बिल हुनुपर्ने वा स्थानीय उत्पादित विद्युत भएमा स्थानीय वितरण समितिको बिल हुनुपर्ने।

२.३ दुग्ध ट्याङ्करको लागि ट्याङ्कर खरिद गरेको बिल वा आयात गरेको भए भन्सार कर तिरेको रसिद,

८५

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | २.४ कृषि वस्तु ढुवानीको लागि वातावरण अनुकूलित सुविधा जडान गरेको बिल भरपाई,<br>२.५ दुग्ध ट्याङकरको हकमा दुग्ध ट्याङ्करको रूपमा यातायात कार्यालयमा दर्ता भएको हुनुपर्ने,<br>२.६ कृषिजन्य सामान ढुवानी साधनको हकमा यातायात कार्यालयमा ढुवानी साधनको रूपमा दर्ता भएको हुनुपर्ने। |
| झ. | **प्राङ्गारिक कृषि प्रवर्द्धन, रैथाने बाली तथा पशुपन्छी विकास कार्यक्रम** |
| १. | <u>(क) कार्यक्रमको नाम:</u> रैथाने पशुपन्छी संरक्षण, सम्वर्द्धन र उपयोग कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>स्थानीय नस्लका पशुपन्छीको आनुवांशिक स्रोत संरक्षण तथा प्रवर्द्धनका लागि नस्ल पहिचान तथा स्थान छनौट गरि स्व-स्थानमै वा अनुकूल हुने स्थानमा स्व-जातीय सुधारका माध्यमले उत्पादन र उत्पादकत्व वृद्धि गर्दै संलग्न कृषक एवम् जनसमुदायको क्षमता अभिवृद्धि गरि स्वरोजगार तथा आर्य आर्जनमा अभिवृद्धि मार्फत जीवनस्तर सुधार गर्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. पशुपन्छीका अनुवांशिकी स्रोत सम्न्बन्धी आधारभूत तथ्याङ्क सङ्कलन,<br>२. पशु नस्लको आधारभूत तथा नस्ल विशेष चरित्र प्राविधिक मापदण्ड र परम्परागत ज्ञान, सीप तथा प्रविधिको अध्ययन तथा सङ्कलन,<br>३. उच्च गुण भएका स्थानीय जातका भाले वा पोथी पशुपन्छीको व्यवस्था, प्रजनन तथा छनौट प्रणाली र प्राकृतिक गर्भाधान प्रक्रियाबाट नस्ल सुधार कार्यक्रम र उपलब्ध भए राष्ट्रिय पशु प्रजनन केन्द्रको समन्वयमा स्वजातका सिमेन प्रयोग गरि कृत्रिम गर्भाधान कार्यक्रम,<br>४. पशुपन्छी व्यवस्थापन खोर गोठ निर्माण सुधार,<br>५. चरन र खर्क सुधार व्यवस्थापन, दाना, डालेघाँस, घाँस खेती विस्तार तथा पशुपन्छी आहारा गुणस्तर वृद्धि कार्यक्रम (मिनरल ब्लक, साईलेज, हे आदि),<br>६. पशु स्वास्थ्य व्यवस्थापन र रोग नियन्त्रण कार्यक्रम,<br>७. उत्पादित स्थानीय पशुजन्य पदार्थको बजार व्यवस्था, विविधीकरण र मूल्य अभिवृद्धि सम्बन्धी कार्यक्रम,<br>८. सचेतना, अभिमूखीकरण र क्षमता अभिवृद्धि कार्यक्रम। |
| | <u>(घ) कार्यक्रम बजेट र अधिकतम सीमाः</u><br>अधिकतम चालिस लाख सम्म। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. आयातित नस्लका पशुपन्छीको तुलनामा स्थानीय पशुपन्छीको सङ्ख्या उल्लेखनीय सङ्ख्यामा बढी भएको, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | २. दुधालु पशुको हकमा उन्नत नस्लका पशु उत्पादन कार्यक्रम वा पशु नस्ल सुधार कार्यक्रमले नसमेटेको क्षेत्र,<br>३. कार्यक्रम कार्यान्वयन क्षेत्रमा छनौट भएको नस्ल बाहेक उक्त नस्लसँग प्रजनन हुन सक्ने अन्य कुनै पनि नस्लका वयस्क भाले पशु नपाल्ने र पाल्नै पर्ने भएमा संरक्षित नस्लका पशुसँग प्रजनन नगरी त्यसै नस्ल भित्र मात्रै प्रजनन गर्ने सामूहिक प्रतिबद्धता पेश भएको स्थान,<br>४. पशुपन्छीजन्य पदार्थको बिक्री वितरणको लागि बजारको पहुँच रहेका वा बजार विस्तार गर्न सम्भावित स्थान रहेको,<br>५. भौगोलिक अवस्था, हावापानी, वातावरणको दृष्टिकोणबाट स्थानीय नस्लको संरक्षण र विकासको लागि अनुकूल रहेका क्षेत्र वा स्थान,<br>६. रैथानै पशुपन्छीः लुलु र याक जातका गाई, लिमे र पारकोटे जातका भैंसी, भ्याङ्लुङ, बरुवाल र कागे जातका भेडा, खरी, सिन्हाल र च्याङ्ग्रा जातका बाख्रा, हुर्रा र च्वाँचे जातका सुँगुर र साकिनी, घाँटी खूइले र प्वाँख उल्टे जातका कुखुरा। |
| २. | <u>(क) कार्यक्रमको नामः</u> भकारो सुधार कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>१. पशु स्वास्थ्यमा सुधार गरि स्वस्थ पशुजन्य उत्पादनमा वृद्धि गर्ने,<br>२. पशु मूत्र सङ्कलन गरि प्राङ्गारिक उत्पादनमा वृद्धि गर्ने,<br>३. सुधारिएको छाना निर्माण गरि मलबाट हुने बोट बिरुवाको लागि चाहिने खाद्य तत्व नोक्सानी घटाउने,<br>४. घर वरिपरिको वातावरण सफा र स्वच्छ राख्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. सिमेन्टेड भकारो निर्माण,<br>२. भकारोमा म्याट बिछ्याउने,<br>३. घाम पानीबाट मलखादलाई बचाउन छानो हाल्ने,<br>४. मूत्र सङ्कलनका लागि ट्याङ्की निर्माण र ड्रम वितरण आदि। |
| | <u>(घ) कार्यक्रम बजेट र अधिकतम सीमाः</u><br>प्रति भकारो सुधारमा अधिकतम तीस हजार रुपैयाँ अनुदान (सिमेन्ट, बालुवा, सरिया, काठ, जस्ता, खर, सिमेन्टेड ट्याङ्की, प्लाष्टिक ड्रम आदिका लागि अनुदान)। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. न्यूनतम दुई वटा पशु वस्तु बस्ने गोठ हुनुपर्ने, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | २. पशुलाई स्वस्थ राख्न प्रति पशु बलियो म्याट हुनुपर्ने, |
| | ३. मूत्र सङ्कलनलाई प्राथमिकता दिएको हुनुपर्ने, |
| | ४. मलखादलाई घाम पानीबाट बचाउन खर या जस्ताको छाना भएको हुनुपर्ने, |
| | ५. उत्पादित मूत्रलाई तरकारी बालीमा अनिवार्य प्रयोग गर्ने व्यवस्था हुनुपर्ने, |
| | ६. मूत्र सङ्कलनका लागि एउटा अतिरिक्त ड्रमको व्यवस्था हुनुपर्ने। |
| ३. | (क) कार्यक्रमको नाम: स्थानीय तहमा प्राङ्गारिक कृषि उत्पादन प्रोत्साहन |
| | (ख) उद्देश्य:<br>प्राङ्गारिक कृषिको उत्पादन, प्रशोधन तथा बजारीकरणको लागि प्राङ्गारिक कृषि उत्पादनको नीति बनाई कार्यान्वयनमा गएका स्थानीय तहलाई प्रोत्साहन गर्ने। |
| | (ग) प्रमुख क्रियाकलाप:<br>१. प्राङ्गारिक कृषिका मापदण्डको पालना गरि रासायनिक मल, विषादी र हर्मोनमुक्त प्राङ्गारिक मोडेल कृषि फर्म स्थापना तथा सञ्चालन,<br>२. गोठ सुधार तथा पशुपन्छी पालन,<br>३. भर्मिकम्पोष्ट, हरियो मल, जैविक मल तथा विषादी लगायतका प्राङ्गारिक प्रविधि प्रसार<br>४. संस्थागत विकास। |
| | (घ) अनुदान रकम र अधिकतम सीमा:<br>१. अधिकतम सीमा एक करोड रुपैयाँ प्रति स्थानीय तह,<br>२. प्रस्तावको आधारमा सम्बन्धित स्थानीय तहले कृषि व्यवसायसँग आबद्ध सहकारी, कृषक समूह र कृषि उद्यमी, कृषि फर्म वा कम्पनीलाई लागत अनुमानको आधारमा बढीमा क्रमशः सत्तरी प्रतिशत, साठी प्रतिशत र पचास प्रतिशत अनुदान रकम प्रदान गर्नुपर्ने। |
| | (ङ) न्यूनतम मापदण्ड:<br>कृषि तथा पशुपन्छी जन्य औजार उपकरण अनुदान। |
| ४. | (क) कार्यक्रमको नाम: स्थानीय कुखुरा विकास कार्यक्रम (सामुदायिक) |
| | (ख) उद्देश्य:<br>१. स्थानीय कुखुरा प्रवर्द्धन तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,<br>२. खाद्य पोषण सुरक्षाको लागि स्थानीय कुखुराको विकास गर्ने र व्यावसायिकरण गरि आय आर्जन स्रोतको रूपमा स्थापना गर्ने,<br>३. अण्डा तथा मासु आत्मनिर्भर कार्यक्रमलाई टेवा पुऱ्याउने। |
| | (ग) प्रमुख क्रियाकलाप:<br>१. कुखुराको खोर निर्माण सुधार, |

८८

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | २. स्थानीय जातका कुखुराको चल्ला खरिद,<br>३. जैविक सुरक्षा तथा घेरवारका कार्य,<br>४. विद्युत र पानीको नियमित आपूर्ति सम्बन्धी कार्य,<br>५. दाना व्यवस्थापन आठ हप्ता सम्मको लागि मात्र,<br>६. खोप तथा औषधी,<br>७. साधन स्रोत तथा पूर्वाधार भएको स्थानमा आवश्यकता अनुसार मिनी ह्याचिङ्ग मेसिन,<br>८. सम्बन्धित निकायको सिफारिसमा आधारभूत कुखुरापालन तालिम। |
| | <u>(घ) कार्यक्रम बजेट र अधिकतम सीमाः</u><br>अधिकतम साझेदारी रकम सत्तरी प्रतिशत। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. कार्यक्रममा समूह, सहकारीका कम्तीमा पन्ध्र जना सदस्य संलग्न हुनु पर्नेछ र प्रत्येक सदस्यले कम्तीमा एक सय भन्दा माथि स्थानीय जातको कुखुरा पालन गर्नुपर्ने,<br>२. सामुदायिक स्थानीय जातको कुखुरा पालन व्यवसाय कम्तीमा तीन वर्ष अनिवार्य गरेको हुनु पर्ने,<br>३. बाह्रै महिना गाडी चल्ने सडक देखि बढीमा पाँच कि.मि. आसपास भएको,<br>४. सम्बन्धित ठाउँ होटेल, रेष्टुरेण्ट, होमस्टे बाहुल्य भएको ग्रामीण क्षेत्र वा लोकमार्ग वा हुलाकी मार्ग वरिपरि रहेको,<br>५. कार्यक्रममा संलग्न समूह, सहकारीमा आवश्यक भएमा कम्तीमा पाँच सय अण्डा कोरल्ने क्षमता भएको एकवटा इन्कुवेटर वा ह्याचिङ्ग मेसिन समूहले तोकेको सदस्यलाई सञ्चालन गर्न सोको लागि आवश्यक बजेट व्यवस्था मिलाउनु पर्ने,<br>६. कृषक वा उद्यमी स्थानीय कुखुरा पालन गर्न इच्छुक भएको,<br>७. स्थानीय कुखुराको चल्ला वा अण्डा खरिद गर्दा सरकारी फर्मबाट खरिद गर्नुपर्ने,<br>८. सरकारी फर्म केन्द्रबाट उपलब्ध हुन नसकेमा सोको प्रमाण राखी अन्य स्रोत केन्द्र वा फर्मबाट खरिद गर्न सकिने। |
| ५. | <u>(क) कार्यक्रमको नामः</u> प्राङ्गारिक मल, जैविक मल तथा जैविक विषादी उत्पादन प्रवर्द्धन कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>प्रदेशलाई आवश्यक पर्ने प्राङ्गारिक मल प्रदेश भित्र नै उत्पादन गराई प्राङ्गारिक खेतीको प्रवर्द्धन गर्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. गोठ सुधार, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | २. गोठेमल सुधार,<br>३. प्राङ्गारिक मल,<br>४. जैविक मल,<br>५. जैविक विषादी,<br>६. हरेक गोठ प्राङ्गारिक मलको स्रोत अभियान,<br>७. साना तथा मध्यम स्तरको प्राङ्गारिक मल उत्पादन तथा प्रशोधन उद्योग (गोबर, गहुँत, गडयौला लगायत अन्य वनस्पतिमा आधारित),<br>८. उच्च पहाडी तथा हिमाली जिल्लाका पाटनमा उत्पादित प्राङ्गारिक मल सङ्कलन ढुवानी अनुदान। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सीमा:</u><br>१. गोठ सुधार, गोठेमल सुधारका लागि प्रति परिवार अधिकतम तीस हजार रुपैयाँ मात्र,<br>२. उच्च पहाडी तथा हिमाली जिल्लाका पाटनमा रहेको गोठेमल प्रशोधन तथा प्याकेजिङ्ग कार्यमा संलग्न भेडापालक कृषकका लागि दर्ता भएका निजी फर्म भएमा पचहत्तर प्रतिशत अनुदान उपलब्ध गराइने,<br>३. निजी क्षेत्रबाट जीवाणु मल तथा जैविक विषादी प्रयोगशाला वा उद्योग स्थापना गर्नका लागि लागत अनुमानको पचास प्रतिशत अनुदान उपलब्ध गराइने,<br>४. पाटनबाट सङ्कलन तथा प्रशोधन गरिएको प्राङ्गारिक मल बेंसीमा ढुवानी गरेबापत प्रति क्विन्टल एक हजार रुपैयाँ ढुवानी अनुदान उपलब्ध गराइने। |
| | <u>(ङ) न्यूनतम मापदण्ड:</u><br>१. गोठ सुधारका लागि क्लष्टरमा सञ्चालन (न्यूनतम पच्चिस कृषक घरधुरी),<br>२. गोठ तथा भकारो सुधारका लागि कम्तीमा दुईवटा ठुला पशु भएको हुनुपर्ने,<br>३. निर्धारण गरिएको डिजाइन अनुमान अनुसार गोठ सुधार गर्नुपर्ने,<br>४. गोठेमल प्रशोधन उद्योग स्थापना गर्दा लागत अनुमान स्वीकृत गराई सम्झौता अनुरूप कार्य सञ्चालन गर्नुपर्नेछ। |
| ६. | <u>(क) कार्यक्रमको नाम:</u> प्राङ्गारिक मोडेल कृषि कार्यक्रम |
| | <u>(ख) उद्देश्य:</u><br>प्राङ्गारिक कृषि प्रविधिको अनुसरण तथा विस्तारको लागि कृषकलाई स्थान विशेष प्रविधिको अवलम्बनमा सहजीकरण गर्दै विषादी रहित कृषि उत्पादन वृद्धि गर्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलाप:</u><br>१. प्राङ्गारिक मोडेल कृषि फर्म विकास कार्यक्रम, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश सरकार वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | २. गोठ सुधार, भर्मिकम्पोष्ट, कम्पोष्ट मल, हरियो मल, जैविक मल, वानस्पतिक विषादी, सूक्ष्म जैविक मल, कोसेबाली, भिरालो जग्गा खेती प्रविधि, माटो निर्मलीकरण, आइ. पि. एम. प्रविधि जस्ता प्राङ्गारिक कृषि प्रविधि तथा उत्पादन सामग्री सहयोग कार्यक्रम,<br>३. क्षमता अभिवृद्धि कार्यक्रम,<br>४. संस्थागत विकास, जनचेतना तथा प्रचार प्रसार कार्यक्रम, विश्व खाद्य दिवस, प्राङ्गारिक कृषि दिवस, प्राङ्गारिक कृषि मेला प्रदर्शनी, जैविक विविधता र रैथाने बाली संरक्षण,<br>५. प्राङ्गारिक कृषि उपज बजारीकरण। |
| | **(घ) अनुदान रकम र अधिकतम सीमाः**<br>१. प्राङ्गारिक मोडेल कृषि फर्म विकास कार्यक्रममा साठी प्रतिशत,<br>२. प्राङ्गारिक कृषि प्रविधि तथा उत्पादन सामग्री सहयोग कार्यक्रममा पन्ध्र प्रतिशत,<br>३. क्षमता अभिवृद्धि कार्यक्रममा दश प्रतिशत,<br>४. संस्थागत विकास, जनचेतना तथा प्रचार प्रसार कार्यक्रममा पाँच प्रतिशत,<br>५. प्राङ्गारिक कृषि उपज बजारीकरण सम्बन्धी कार्यक्रममा दश प्रतिशत। |
| | **(ङ) न्यूनतम मापदण्डः**<br>१. संस्थाको हकमा दर्ता प्रमाणपत्र,<br>२. कार्यक्रम सञ्चालनगर्ने संस्थागत निर्णय प्रतिलिपि,<br>३. स्थानीय तहको सिफारिस,<br>४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण। |
| ७. | **(क) कार्यक्रमको नामः** प्राङ्गारिक मिसन कार्यक्रम |
| | **(ख) उद्देश्यः**<br>प्राङ्गारिक कृषि उत्पादनको प्रवर्द्धन गर्ने। |
| | **(ग) प्रमुख क्रियाकलापः**<br>१. रैथाने बाली वस्तुको प्रवर्द्धन,<br>२. प्राङ्गारिक तथा जैविक मल प्रदर्शन,<br>३. प्राङ्गारिक होमस्टे प्रवर्द्धन,<br>४. प्राङ्गारिक एकिकृत मोडेल कृषि फर्म,<br>५. कम्पोष्ट मल तथा भकारो सुधार कार्यक्रम। |
| | **(घ) अनुदान रकम र अधिकतम सीमाः**<br>१. लागत साझेदारीः<br>(क) कृषक समूह र सहकारीः सत्तरी प्रतिशत (अधिकतम रकम आठ लाख रुपैयाँ सम्म), |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | (ख) कृषि उद्यमी कृषि फर्म र कम्पनीः पचास प्रतिशत (अधिकतम रकम पाँच लाख रुपैयाँ सम्म),<br>२. सिँचाइ कार्य गर्नुपर्ने भएमा कुल लागतको चालिस प्रतिशत नबढ्ने गरि गर्न सकिने,<br>३. रैथाने बाली बीउ संरक्षण तथा प्रोत्साहन कार्यक्रमः सत्तरी प्रतिशत अनुदान,<br>४. प्राङ्गारिक तथा जैविक मल डेमोः सत्तरी प्रतिशत अनुदान,<br>५. प्राङ्गारिक होमस्टे प्रवर्द्धनः सत्तरी प्रतिशत अनुदान,<br>६. प्राङ्गारिक एकीकृत मोडेल कृषि फर्ममा प्रति उद्यमी अधिकतम पाँच लाख रुपैयाँ,<br>७. अन्य क्रियाकलापको हकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्राङ्गारिक मिसन कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले निर्धारण गरे बमोजिम हुनेछ। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. संस्था दर्ता प्रमाणपत्र,<br>२. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्र,<br>३. ३. प्राङ्गारिक प्रमाणीकरण गरिएको प्रमाणित कागजपत्र। |
| ८ | <u>(क)कार्यक्रमको नामः</u> जैविक तथा प्राङ्गारिक मल बिक्री परिमाणको आधारमा अनुदान |
| | <u>(ख) उद्देश्यः</u><br>१. जैविक तथा प्राङ्गारिक मलको प्रयोगलाई बढावा गर्ने,<br>२. दिगो कृषि विकास प्रवर्द्धन गर्ने,<br>३. प्राङ्गारिक तथा जैविक मलको प्रयोगबाट उत्पादन तथा उत्पादकत्व बढाउने। |
| | <u>(ग) प्रमुख क्रियाकलापहरुः</u><br>जैविक तथा प्राङ्गारिक मलको बिक्री परिमाणमा अनुदान सहयोग। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सिमाः</u><br>स्वीकृत बजेटको आधार र जैविक तथा प्राङ्गारिक मलको बिक्री परिमाणको आधारमा कृषकलाई बिक्री गरेको मूल्यको चालिस प्रतिशत रकम बराबरको अनुदान सहयोग। |
| | <u>(ङ) न्यूनतम मापदण्ड र विधिः</u><br>१. जैविक तथा प्राङ्गारिक मल बिक्रेताको सार्वजनिक सूचना मार्फत सूचीकृत गर्नुपर्ने,<br>२. मल बिक्रेताले मलको नाम, उत्पादन गर्ने कम्पनी, कृषकलाई जिल्ला सदरमुकाम सम्मको बिक्री मूल्य, मलको खाद्य तत्वको विवरण, सम्बन्धित उत्पादन लटको आधिकारिक प्रयोगशालाको प्रतिवेदन लगायतका कागजपत्र सहित सूचीकृतको लागि सम्बन्धित कार्यालयमा निवेदन पेश गर्नुपर्ने,<br>३. मापदण्ड पुरा गरेका मल बिक्रेताहरुको मलको नाम, बिक्री मूल्य, खाद्यतत्वको मात्रा लगायतको विवरण सहित सूचीकृत भएको जानकारी सार्वजनिक गर्नुपर्ने, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | ४. बुदाँ ३ अनुसार सूचीकृत भएको मल बिक्रेताबाट कृषकहरुले आफ्नो चाहाना र इच्छा अनुसार मल खरिद गर्नुपर्ने,<br>५. कृषकहरुले खरिद गर्ने मल तथा जैविक विषादीको परिमाण कार्यालय प्रमुख वा निजले तोकेको व्यक्तिबाट स्वीकृत गरेर मात्र मल बिक्रेताबाट खरिद गर्नुपर्नेछ,<br>६. मलको बिक्री मूल्यमा कार्यालयबाट दिइने अनुदान बाहेकको रकम कृषकले मल बिक्रेतालाई भुक्तानी गरेपछि मात्र बाँकी मूल्य बराबरको रकम मल बिक्रेताको खातामा उपलब्ध गराउनु पर्नेछ,<br>७. मल बिक्रेताले कृषकहरुलाई बिक्री गरेको मलको परिमाण साप्ताहिक रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ,<br>८. बिक्री भएको परिमाणलाई मासिक रुपमा कार्यालय प्रमुखको संयोजकत्वमा कम्तीमा तीन सदस्य र आवश्यकताको आधारमा सम्बन्धित विषयको प्राविधिक सहितको बैठकबाट अनुमोदन गराउनुपर्नेछ। |
| ९ | (क) कार्यक्रमको नाम: प्राङ्गारिक कृषि सम्बन्धी शोधपत्र अनुसन्धान सहयोग कार्यक्रम |
| | (ख) उद्देश्य:<br>१. कर्णाली प्रदेशको प्राङ्गारिक कृषि, प्रविधि र विकासका विविध पक्षमा कलेजका विद्यार्थीबाट कम लागतमा अनुसन्धानमा आधारित शोध पत्रमा सहयोग गर्ने,<br>२. प्राङ्गारिक कृषि, प्रविधि र विकासमा देखिएका समस्याको अनुसन्धान गरि समस्याको पहिचान गर्ने र पृष्ठपोषण लिने,<br>३. प्रदेश सरकारको प्राङ्गारिक कृषि अभियानमा शैक्षिक संस्थालाई पनि संलग्न गराउंदै लैजाने। |
| | (ग) प्रमुख क्रियाकलाप:<br>१. शोधपत्र अनुसन्धान कार्यको लागि बिषयवस्तु र क्षेत्रको यकिन गर्ने,<br>२. उत्कृष्ट प्रस्तावमा आधारित अनुसन्धान कार्य तथा शोधपत्र तयारी। |
| | (घ) अनुदान रकम र अधिकतम सीमा:<br>१. उच्च हिमाली जिल्ला (जुम्ला, हुम्ला, मुगु, कालीकोट र डोल्पा) अधिकतम एक लाख पचास हजार रुपैयाँ सम्म,<br>२. पहाडी जिल्ला (दैलेख, जाजरकोट, सल्यान, रूकुम पश्चिम र सुर्खेत) अधिकतम एक लाख रुपैयाँ सम्म। |
| | (ङ) न्यूनतम मापदण्ड:<br>१. स्नातक तह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि तथा स्नातकोत्तर अध्ययनरत रहेको प्रमाण (विद्यावारिधिको हकमा स्नातकोत्तर अध्ययन गरेको प्रमाण पत्र र सोध पत्रको प्रस्ताव), |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत, नेपाल

| | |
|---|---|
| | २. अन्य स्रोतबाट सोधकार्यको लागि कुनै आर्थिक सहयोग प्राप्त नगरेको स्वघोषणा पत्र,<br>३. सोधपत्र मुख्य सल्लाहकारको सिफारिसपत्र,<br>४. सोधकार्य प्रस्ताव स्वीकृत भएको बिषयमा सम्बन्धित विभाग, कलेज वा विश्वविद्यालयको सिफारिस पत्र,<br>५. भुक्तानीमा शोधपत्र अन्तिम प्रतिवेदन स्वीकृत भएको सिफारिस, (विद्यावारिधिको हकमा सोही आर्थिक वर्षमा प्रस्तावमा उल्लेख भएको अनुसन्धान कार्य सम्पन्न गरेको प्रमाण तथा विश्वविद्यालयको सिफारिस)। |
| १०. | <u>(क) कार्यक्रमको नाम:</u> जैविक विषादी उत्पादन सामग्री वितरण कार्यक्रम |
| | <u>(ख) उद्देश्य:</u><br>१. बाली संरक्षणमा वैकल्पिक प्रविधिको प्रवर्द्धन तथा रासायनिक विषादीको प्रयोगलाई न्यूनीकरण गर्ने,<br>२. आई.पि.एम. कार्यक्रमको संस्थागत विकासमा टेवा पुऱ्याउने,<br>३. स्वस्थ बालीको क्षेत्रफल, उत्पादन तथा बजार विस्तारमा सुधार गर्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलाप:</u><br>जैविक विषादी उत्पादन सामग्री वितरण। |
| | <u>(घ) कार्यक्रम बजेट र अधिकतम सीमा:</u><br><u>अधिकतम बजेट सीमा: एक लाख रुपैयाँ</u><br>अनुदान: सामग्रीमा असी प्रतिशत (सामूहिक प्रयोगमा सत्तरी प्रतिशत र फर्म, व्यक्ति तथा कम्पनीमा पचास प्रतिशत)<br>१. ड्रम वितरण (दुई वटा अधिकतम दुई हजार रुपैयाँका दरले) चार हजार,<br>२. हजारी वितरण पाँच सय रुपैयाँ,<br>३. अन्य एकमुष्ठ एक हजार रुपैयाँ,<br>४. जम्मा: पाँच हजार पाँच सय रुपैयाँ,<br>५. प्याकेज अनुसार एक कार्यक्रममा पच्चिस जना अगुवा तथा इच्छुक कृषकमा वितरण गरिनेछ। |
| | <u>(ङ) न्यूनतम मापदण्ड:</u><br>१. विगतका आई.पि.एम. कार्यक्रम सञ्चालन भएर उपज उत्पादनमा क्रियाशिल भएका समूह र कृषि उत्पादनका दृष्टिले क्षमतावान पकेट क्षेत्र र आई.पि.एम. उत्पादनलाई बजारीकरणमा समावेश गर्न सकिने क्षेत्रलाई छनौट गरिनेछ,<br>२. कम्तीमा बाली अवधिभरको कृषक पाठशालामा सफलतापूर्वक सहभागी रहेका कृषक र |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | आई.पि.एम. पद्धति अवलम्बन गरेर समूहमा आबद्ध कृषकलाई आधार बनाइनेछ,<br>३. समूह तथा संस्था छनौटः आई.पी.एम. कार्यक्रम सञ्चालन गरि समूहको रूपमा दर्ता भएको वा आई.पि.एम कृषक समूहको वैधानिक पहिचान प्राप्त गरेको संस्था छनौट गरिनेछ,<br>४. न्यूनतम घरधुरी सङ्ख्याः पच्चिस,<br>५. कम्पनी तथा फर्मको हकमाः रजिष्टर्ड तथा व्यावसायिक फर्म। |
| ११. | (क) कार्यक्रमको नामः जैविक मल तथा जैविक बिषादी परिक्षण |
| | (ख) उदेश्यः<br>१. बालीमा जैविक वा प्राङ्गारिक मल र जैविक विषादीको परीक्षण गर्ने,<br>२. बालीमा जैविक वा प्राङ्गारिक मल र जैविक बिषादीको प्रयोग बढाउने। |
| | (ग) प्रमुख क्रियाकलापहरुः<br>१. बालीमा जैविक वा प्राङ्गारिक मल तथा जैविक बिषादीको प्रयोग गर्ने,<br>२. जैविक वा प्राङ्गारिक मल तथा जैविक विषादी व्यवस्थापन। |
| | (घ) अनुदान रकम र अधिकतम सिमाः<br>स्वीकृत बजेट अनुसार प्रति फलफूल (स्याउ/सुन्तला) बोट दुइ हजार पाँच सय रुपैंया र मसला बाली (अदुवा/बेसार) प्रति रोपनी पच्चीस हजार रुपैंया सम्मको प्राङ्गारिक तथा जैविक मल र जैविक विषादीको खरिद। |
| | (ङ) न्यूनतम मापदण्ड र बिधिः<br>१. परीक्षणको लागि अगुवा कृषकको छनोट,<br>२. प्राङ्गारिक मल तथा जैविक विषादीको परीक्षणको लागि मन्त्रालय र खाद्य तथा कृषि संगठन बाट प्रकाशित स्याउ, सुन्तला र अदुवा बालीको प्राङ्गारिक कृषि प्रविधि बिषयक पुस्तिका अनुसार प्राविधिक मापदण्ड अनुसार कार्य सञ्चालन गर्ने,<br>३. मन्त्रालयबाट प्राङ्गारिक तथा जैविक मल र जैविक विषादी परीक्षणको खाका तथा फरमेट तयार गरि सबै जिल्लामा परीक्षण कार्य सञ्चालन गरि परीक्षणको प्रतिवेदन तयार गर्ने। |
| १२. | (क) कार्यक्रमको नामः प्राङ्गारिक स्थानीय तह घोषणा तथा सहयोग कार्यकम |
| | (ख) उद्देश्यः<br>प्राङ्गारिक कृषिको आधार तयार गरि प्राङ्गारिक कृषि प्रवर्द्धन मार्फत प्राङ्गारिक कर्णाली बनाउने अभियानलाई सहयोग गर्ने। |
| | (ग) प्रमुख क्रियाकलापः<br>१. प्राङ्गारिक कृषि प्रवर्द्धनको लागि स्थानीय तहले प्राङ्गारिक स्थानीय तहको स्वघोषणा गर्ने,<br>२. घोषित स्थानीय तहसँग प्राङ्गारिक कृषि प्रवर्द्धनको लागि सहयोग गर्ने, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | ३. प्राङ्गारिक कृषि प्रवर्द्धनका लागि स्थानीय तहलाई उपलब्ध गराइने रकमबाट तपसिल अनुसारको क्रियाकलाप सञ्चालन गर्न सकिने,<br>क. प्राङ्गारिक कृषि सम्बन्धी जनचेतनामूलक तथा प्राङ्गारिक स्थानीय तह घोषणा सभा कार्यक्रम,<br>ख. प्राङ्गारिक कृषि प्रविधि को नमुना प्रदर्शन,<br>ग. प्राङ्गारिक कृषि तथा रैथाने बालीको उत्पादन ब्लक,<br>घ. क्षमता अभिवृद्धि,<br>ङ. रैथाने बाली तथा प्राङ्गारिक कृषिवस्तुहरूको मूल्यवान् लोगो सहितको लेबलिङ्ग प्याकेजिङ्ग तथा बिक्री केन्द्र सञ्चालन सहयोग। त्यस्ता बिक्री केन्द्र स्थानीय तहको पहिचानको लागि स्थानीय तह बाहिरका बजारमा पनि गर्न सकिने,<br>च. नमुना फर्म प्रदर्शन। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सीमाः</u><br>समूह वा सहकारीलाई सत्तरी प्रतिशत सहुलियत सहयोग र व्यावसायिक कृषि फर्मलाई पचास प्रतिशत सहुलियत। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>प्राङ्गारिक स्थानीय तह घोषणा पश्चात् प्राङ्गारिक कृषि प्रवर्द्धनका लागि प्राप्त कुल बजेटको खर्च प्रतिशत तपसिल अनुसार गर्नु पर्नेछः-<br>क. प्राङ्गारिक कृषि सम्बन्धी घोषणा तथा जनचेतनामूलक कार्यक्रम- दश प्रतिशत,<br>ख. प्राङ्गारिक कृषिको नमुना प्रदर्शन तथा नमुना फर्म स्थापना- तीस प्रतिशत,<br>ग. प्राङ्गारिक कृषि तथा रैथाने बालीको साना सिँचाइ मर्मत तथा निर्माण सहितको उत्पादन ब्लक -चालिस प्रतिशत,<br>घ. रैथाने बाली तथा प्राङ्गारिक कृषि वस्तुहरूको लेबलिङ्ग प्याकेजिङ्ग सहयोगः बीस प्रतिशत। |
| १३. | **<u>(क) कार्यक्रमको नामः</u>** प्राङ्गारिक कृषि सेवा प्रदान गर्न वडास्तरमा नमुना प्राङ्गारिक फर्म स्थापना |
| | <u>(ख) उद्देश्यः</u><br>१. प्राङ्गारिक कृषि र पशु पालन नमुना फर्म स्थापना तथा सञ्चालन गरि प्राङ्गारिक कृषि प्रवर्द्धन गर्ने,<br>२. स्रोत व्यक्ति तथा सहजकर्ताको रूपमा परिचालन गरि प्राङ्गारिक कृषि प्रसार सेवा पुऱ्याउने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. प्राङ्गारिक कृषि उत्पादन र पशु पालन नमुना फर्म सञ्चालन,<br>२. प्राङ्गारिक कृषि र पशुपालनको प्रविधि प्रदर्शन, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | ३. व्यावसायिक रूपमा कृषि र पशुपन्छीजन्य वस्तुको उत्पादन तथा बजारीकरण,<br>४. सिकाइ केन्द्रको स्थापना। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सीमाः</u><br>प्राङ्गारिक नमुना फर्म स्थापना तथा सञ्चालन गर्नका लागि एकमुष्ट रकम पचास हजार रुपैयाँ प्रति स्रोत व्यक्ति वा फर्मलाई दुई किस्तामा कार्यक्रम सम्पन्न पश्चात् भुक्तानी गरिनेछ। |
| | <u>(ङ) न्यूनतम मापदण्डः</u><br>१. बेरोजगार कृषि प्राविधिक (कृषि र पशुसेवा) बाट नमुना फर्म स्थापना तथा सञ्चालन गरिने,<br>२. कृषि प्राविधिक  नभएमा ग्रामीण कृषि वा पशुसेवा तालिम प्राप्त व्यक्तिबाट पनि सञ्चालन गर्न सकिनेछ,<br>२. पहिलो चरणमा दैलेख र रुकुम (पश्चिम) जिल्लाको सबै वडामा परीक्षणलाई नमुनाको रूपमा सञ्चालन गरिने,<br>३. जमिनको क्षेत्रफलः कम्तीमा तीन रोपनी क्षेत्रफलमा एकीकृत कृषि तथा पशुपन्छी नमुना फर्म सञ्चालन गरेको,<br>४. वर्षाको पानी सङ्कलन, कम्पोष्ट खाडल, भर्मिकम्पोष्ट पिट, सुधारिएको गोठ, प्राङ्गारिक विषादी, पशु मूत्र सङ्कलन र उपयोग आदि गरेको वा गर्नेलाई प्राथमिकता,<br>५. नमुना फर्म स्थापना गरि स्रोत व्यक्तिको रूपमा स्थापित हुनका लागि प्रति वडा एक जनाका दरले वडाको सिफारिसमा स्थानीय तहको कृषि तथा पशुसेवा शाखामा सूचीकृत गरि जिल्ला स्थित कार्यालयबाट छनौट गरिने। |
| १४. | <u>(क) कार्यक्रमको नामः</u> रैथाने बाली प्रवर्द्धन कार्यक्रम |
| | <u>(ख) उद्देश्यः</u><br>रैथाने बालीहरूको संरक्षण, उपयोग र प्रवर्द्धन गरि कृषकको पोषण स्थितिमा सुधार ल्याउनुका साथै आयआर्जन वृद्धि गर्ने। |
| | <u>(ग) प्रमुख क्रियाकलापः</u><br>१. ब्लकमा रैथानै बालीहरूको उत्पादन,<br>२. जैविक विविधता संरक्षण, संवर्द्धन,<br>३. रैथाने बालीको जात सूचीकरण,<br>४. रैथाने बालीहरूको ब्लक उत्पादनमा साना सिँचाइ,<br>५. प्रशोधन तथा परिकार विविधीकरण,<br>६. लेवलिङ्ग, प्याकेजिङ्ग, ब्रान्डिङ तथा बिक्री कक्ष वा कोशेली घर सञ्चालनमा सहयोग,<br>७. जैविक विविधता मेला सञ्चालन र सहभागिता, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

८. कुटानी पिसानीमा मेसिनरी सहयोग,

९. सामूदायिक बीउ बैंक सञ्चालन।

**(घ) न्यूनतम मापदण्डः**

१. रैथानै बालीहरूको ब्लकमा उत्पादनको लागि न्यूनतम दुई हेक्टर,

२. कम्पोष्ट तथा गोबर मलको प्रयोग,

३. घरेलु विषादीको प्रयोग,

४. बिक्री प्रवर्द्धन को लागि मूल्यवान लोगोको प्रयोग।

**१५. (क) कार्यक्रमको नामः**

कर्णाली ब्राण्ड निर्माण तथा प्राङ्गारिक वस्तु बजारीकरण सहयोग कार्यक्रम र कर्णालीको पहिचान निर्यातयोग्य बाली (स्याउ, सिमी, आलु, मह, अदुवा, बेसार, लसुन, घ्यू, छुर्पी, ऊन लगायतका निर्यात योग्य बाली वा वस्तु) को लागि बजारीकरण तथा निर्यातमा अनुदान

**(ख) उद्देश्यः**

कर्णाली ब्राण्डको माध्यमबाट यस प्रदेशमा उत्पादित कर्णालीको पहिचान दिने विशिष्ट वस्तु, रैथाने बाली तथा प्राङ्गारिक बाली वस्तुको बजार प्रवर्द्धन गर्ने।

**(ग) प्रमुख क्रियाकलापः**

१. कर्णालीको प्राङ्गारिक ब्राण्ड निर्माण,

२. प्याकेजिङ्ग (बजारीकरण र निकासीयोग्य कृषि उपज),

३. ढुवानी सहयोग,

४. निर्यात सहयोग।

**(घ) अनुदान रकम र अधिकतम सीमाः**

| क.स. | कार्यक्रम | विवरण |
|---|---|---|
| १ | ब्राण्ड निर्माण | स्याउ, सिमी, मार्सी, रैथाने बालीहरू, आलु, मह, अदुवा लगायतका प्रदेशका विशिष्ट बाली वस्तुको एकीकृत रूपमा ब्राण्ड निर्माण गर्ने कार्यमा बढीमा एक लाख रुपैयाँ (प्राविधिक अध्ययन टोलीको प्रतिवेदनको आधारमा) |
| २ | प्याकेजिङ्ग सामग्री | प्राङ्गारिक उत्पादनमा पचास प्रतिशत र अन्यमा पच्चिस प्रतिशत (बढीमा छ लाख रुपैयाँ) |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश सरकार
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | ३ | ढुवानी सहयोग | प्राङ्गारिक उत्पादनमा पचास प्रतिशत र अन्यमा पच्चिस प्रतिशत (बढीमा तीन लाख रुपैयाँ)<br>हवाइ सेवा मार्फत ढुवानी भएमा: सम्बन्धित जिल्लाबाट सुर्खेत वा नेपालगञ्जसम्म अन्य तरिकाबाट ढुवानी भएमा: वीरेन्द्रनगर सुर्खेत, नेपालगञ्ज र दाङ्ग तुलसीपुर सम्मको मात्र। |
| | | ४ | निर्यात सहयोग | मुलुक बाहिर निकासीको हकमा प्राङ्गारिक प्रमाणीकरण र रेकर्डको आधारमा निर्यातकर्तालाई प्रमाणीकरणको खर्च पचास प्रतिशत (वार्षिक सात लाख पचास हजार रुपैयाँसम्म) |
| | | ५ | क्यू. आर. कोड निर्माण तथा सञ्चालन | तयारी तथा सञ्चालन मापदण्ड निर्माण र क्षमता अभिवृद्धि तथा प्रचार प्रसार,<br>मापदण्ड अनुसार कृषि उपज बिक्री गर्ने बिक्रेतालाई क्यू. आर. कोड निर्माण सहयोग |

<u>(ङ) न्यूनतम मापदण्ड:</u>

१. नेपाल प्राङ्गारिक मापदण्डसँग सामञ्जस्य हुने गरि कर्णालीको मापदण्ड तयार पार्ने,
२. लोगो र ब्राण्ड स्वीकृत नभएसम्म जिल्ला कृषि विकास कार्यालय, पशु अस्पताल, जिल्ला सहकारी सङ्घ, अनुसन्धान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, फर्मकेन्द्र, उद्योग वाणिज्य सङ्घ र जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि सम्मिलित समितिले निर्धारण गरे बमोजिम प्याकेजिङ्ग र ढुवानी सहयोग उपलब्ध गराउन सकिनेछ,
३. ढुवानी गर्दा प्रस्थान विन्दुको चलानी र गन्तव्य विन्दुको प्राप्तिको प्रमाणित विवरण तोकिएको निकायबाट गरिएको हुनु पर्नेछ,
४. मुलुक बाहिर निकासीको हकमा निर्यात प्रमाण र प्राङ्गारिक प्रमाणीकरण खर्चको रसिद।

१६. <u>(क) कार्यक्रमको नाम:</u> प्राङ्गारिक तथा रैथाने कृषि तथा पशुपन्छी उपज बजारीकरण गर्ने सहकारीहरुलाई प्रोत्साहन कार्यक्रम

<u>(ख) उद्देश्य:</u>

१. प्राङ्गारिक कृषि उपजहरुको उत्पादन बृद्धि गरि बजारीकरणमा टेवा पुर्‍याउने,
२. छरिएर रहेका कृषि उपजहरुको संकलन गरि बजारीकरण गर्न सहकारी संस्थालाई प्रोत्साहित गर्ने।

९९

डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा.भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | <u>(ग) प्रमुख क्रियाकलापहरु:</u><br>१. कृषि उपज उत्पादन तथा बिक्री गर्ने सहकारीको छनौट,<br>२. कृषि उपजहरुको बिक्री बितरणको लागि आवश्यक पर्ने सामग्रीहरु (तौल मेसिन, प्लाष्टिक क्रेट, लेवलिङ तथा प्याकेजिङ सामग्रीहरु) को व्यवस्थापन,<br>३. कृषि उपजहरुको खरिद तथा बिक्री परिमाणको आधारमा प्रोत्साहन सहयोग उपलब्ध गराउने। |
| | <u>(घ) अनुदान रकम र अधिकतम सिमा:</u><br>१. कृषि उपजहरुको बिक्री परिमाणको आधारमा प्रति केजी पाँच रुपैया वा प्रति सहकारी अधिकतम रकम दश लाख रुपैया सम्म प्रोत्साहन सहयोग उपलब्ध गराउने,<br>२. सहकारीले प्राप्त गरेको प्रति केजी पाँच रुपैया प्रोत्साहन मध्ये दुइ रुपैया प्रति केजी जुन कृषकबाट किनेको सोहि कृषकको खातामा उपलब्ध गराउने। |
| | <u>(ङ) न्यूनतम मापदण्ड र प्रक्रिया:</u><br>१. कृषि उपजहरुको उत्पादन तथा बजारीकरणमा संलग्न सहकारीलाई मात्र छनौट गर्ने,<br>२. छनौट भएको सहकारीको कम्तीमा एक तिहाइ सदस्यहरु प्राङ्गारिक कृषि उपजहरुको उत्पादनमा संलग्न भएको,<br>३. छनौट भएको सहकारी, कृषि उपज उत्पादन गर्ने कृषकहरु र उत्पादित परिमाणको तथ्याङ्क राख्ने,<br>४. छनौट भएको सहकारीले सहकारी मार्फत बिक्री गरिएको कृषि उपजहरुको परिमाण, बिक्री गरिएको बजार/व्यापारी, कारोबारको बिल भरपाई लगायत अन्य विवरण राख्ने,<br>५. बुँदा ३ र ४ मा उल्लेख भएको मापदण्डलाई सहकारीको सञ्चालक समितिबाट निर्णय गराउनु पर्ने,<br>६. प्रोत्साहन प्राप्त गर्ने सहकारीले, उत्पादक कृषक र सहकारीले विक्री गर्ने व्यापारी दुवै पक्षसंग खरिद बिक्री सम्बन्धि छुट्टा छुट्टै सम्झौता गरेको हुनुपर्ने,<br>७. छनौट भएको सहकारीका पदाधिकारीहरुले रासायनिक मल तथा विषादी प्रयोग नगरि प्राङ्गारिक/जैबिक मल प्रयोग गरि स्वच्छ, प्राङ्गारिक कृषि उपजहरुको बिक्री वितरण गरेको स्वघोषणा गर्नुपर्ने। |
| १७. | <u>(क) कार्यक्रमको नाम:</u> प्राङ्गारिक अदुवा वेसार उत्पादन गर्ने कृषकहरुलाई बिक्री परिमाणको आधारमा प्रोत्साहन सहयोग कार्यक्रम |
| | <u>(ख) उद्देश्य:</u><br>१. प्राङ्गारिक अदुवा र वेसार उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहित गरि उत्पादन वृद्धि गर्ने,<br>२. प्राङ्गारिक अदुवा र वेसार उत्पादनलाई थप प्रवर्द्धन गर्ने, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| | ३. प्राङ्गारिक अदुवा र वेसारको बजारिकरणमा सहयोग पुऱ्याउने। |
| | (ग) प्रमुख क्रियाकलापहरु:<br>१. प्राङ्गारिक अदुवा र वेसार उत्पादक कृषकहरुको सूचिकरण,<br>२. प्राङ्गारिक अदुवा र बेसार उत्पादन गरि बिक्री गरेको परिमाणमा प्रोत्साहन सहयोग। |
| | (घ) अनुदान रकम र अधिकतम सिमा:<br>स्वीकृत बजेटको आधारमा प्राङ्गारिक अदुवा र बेसार उत्पादन गरि बिक्री गरेको परिमाणको आधारमा प्रति केजी दश रुपैयाँ प्रोत्साहन उपलब्ध गराउने। |
| | (ङ) न्यूनतम मापदण्ड र विधि:<br>१. प्राङ्गारिक अदुवा र वेसार उत्पादक कृषकहरु प्राङ्गारिक उत्पादन तथा प्रमाणीकरणमा समावेश भएको हुनुपर्ने,<br>२. कृषकले उत्पादन गरेको अदुवा र वेसार तेस्रो पक्षबाट प्राङ्गारिक प्रमाणीकरण भएको हुनुपर्ने,<br>३. प्राङ्गारिक अदुवा र बेसार बिक्रेताले खरिद गरेको हुनुपर्ने,<br>४. खरिदकर्ताबाट कृषकको अदुवा प्राङ्गारिक प्रमाणीकरण भएको परिमाण तथा तथा कृषकको नामको आधारमा कार्यक्रम हेर्ने प्राविधिकको सिफारिसमा भुक्तानी गर्न सकिने,<br>५. कृषकहरुले प्राङ्गारिक अदुवा र वेसार उत्पादन गरेको प्रमाण (कागजपत्रहरु) पेश गर्नुपर्ने। |
| ञ. | **पशुपन्छी व्यवसाय प्रवर्द्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार कार्यक्रम** |
| १. | (क) कार्यक्रमको नाम: पशु विकास कार्यदल गठन तथा परिचालन |
| | (ख) उद्देश्य:<br>पशुपन्छी व्यवसायको प्रभावकारीता अध्ययन, अनुगमन तथा मुल्याङ्कन गर्ने। |
| | (ग) प्रमुख क्रियाकलाप:<br>१. जिल्लास्थित पशु विकास कार्यदल गठन, बैठक र कार्यक्रम छनौटका स्थानीय विधि तयार गर्ने,<br>२. कार्यालयबाट सञ्चालन भएका कार्यक्रमको प्रभावकारीता अध्ययन गरि सम्बन्धित निकायमा सिफारिस गर्ने,<br>३. सञ्चालित कार्यक्रमबाट लाभग्राहीको समस्या र समाधानका उपायको निर्णय गर्ने। |
| | (घ) लागत रकम र अधिकतम सीमा:<br>कार्यविधिमा तोकिएको अनुदान र स्वीकृत कार्यक्रम तथा बजेट अनुसार। |
| | (ङ) न्यूनतम मापदण्ड:<br>१. सम्बन्धित सरोकारवाला निकायसँगको समन्वय सहकार्य र सह-अस्तित्वको आधारमा कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन गर्ने, |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

| | |
|---|---|
| | २. पशु विकास कार्यदलको संरचना प्राविधिक मापदण्डमा तोकिए अनुसार हुनेछ। |
| २. | (क) कार्यक्रमको नाम: विशिष्ट जातका (कालिज, बट्टाई, टर्की, कडकनाथ कुखुरा र अष्ट्रिच) प्रवर्द्धन कार्यक्रम |
| | (ख) उद्देश्य:<br>१. विशिष्ट जातका पन्छी व्यवसायको प्रवर्द्धन गर्ने,<br>२. विशिष्ट जातका पन्छी व्यवसायमा संलग्न कृषक, उद्यमी व्यवसायीको आयस्तर वृद्धि गर्ने,<br>३. विशिष्ट जातका पन्छीको संरक्षण गर्ने। |
| | (ग) प्रमुख क्रियाकलाप:<br>१. विशिष्ट जातका पन्छीको अण्डा, चल्ला, माउ तथा प्यारेण्ट स्टक खरिद,<br>२. खोर तथा आवश्यक संरचना निर्माण,<br>३. कम्पाउण्ड र बारबन्देज,<br>४. ह्याचरी मेसिन तथा उपकरण खरिद,<br>५. सामग्री ढुवानी। |
| | (घ) अनुदान रकम र अधिकतम सीमा:<br>१. कालिज (नेपालको स्थानीय बाहेक) न्यूनतम परिमाण पाँच सयमा पाँच लाख रुपैयाँसम्म र सो भन्दा माथि प्रति गोटा दुई हजार रुपैयाँका दरले सात लाख सम्म,<br>२. बट्टाई न्यूनतम परिमाण एक हजारमा तीन लाख रुपैयाँ सम्म र सो भन्दा माथि प्रति गोटा पाँच सय रुपैयाँका दरले सात लाख सम्म,<br>३. टर्की न्यूनतम परिमाण सय दुई लाख रूपैयाँ सम्म र सोभन्दा माथि प्रति गोटा र दुई हजार रुपैयाँका दरले सात लाख सम्म,<br>४. अष्ट्रिच न्यूनतम परिमाण दुई सयमा पाँच लाख रुपैयाँसम्म र सोभन्दा माथि प्रति गोटा चार हजार रुपैयाँका दरले नौ लाख रुपैयाँ सम्म,<br>५. ह्याचरी स्थापना गर्ने सन्दर्भमा प्रति गोटा अधिकतम पाँच लाख रुपैयाँ सम्म,<br>६. समूह वा सहकारीको लागि सत्तरी प्रतिशत र निजी फर्मको हकमा पचास प्रतिशत सम्म अनुदान रहने छ। |
| | (ङ) न्यूनतम मापदण्ड:<br>१. विषय सम्बन्धी अनुभव वा तालिम भएको,<br>२. व्यवसाय सञ्चालनको अनुमति पत्र,<br>३. जग्गाधनी प्रमाण पुर्जा वा जग्गा भोगाधिकार पत्र वा लिजमा लिएको भए करारनामा (न्यूनतम दश वर्षको)। |



डा. नरहरि प्रसाद घिमिरे
प्रदेश सचिव

मा. भिम प्रकाश शर्मा
मन्त्री

३. **(क) कार्यक्रमको नाम:** पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र विकास (निजी, सामुदायिक वा सहकारी)

**(ख) उद्देश्य:**

१. घरायसी तथा व्यावसायिक पशुपन्छी पालनको लागि चाहिने गुणस्तरीय बीउ, नस्ल, चल्ला, प्यारेण्ट स्टक, भुरा, दाना, पशु औषधि जैविकी आदि आपूर्ति सहजीकरण गर्ने,

२. प्रदेशभित्र आबश्यक पर्ने स्रोतमा आत्मनिर्भर हुने।

**(ग) प्रमुख क्रियाकलाप:**

१. गाई, भैंसी, चौंरी, भेडा, बाखा, रेन्वो ट्राउट माछा, बङ्गुर, कुखुरा, विशिष्ट जातका पशुपन्छी, दाना, घाँसको स्रोत केन्द्र विकास तथा सुदृढीकरण,

२. पूर्वाधार निर्माण,

३. मेसिनरी औजार तथा उपकरण,

४. रजिष्ट्रेशन कार्य सहजीकरण तथा क्षमता अभिवृद्धि,

५. नस्ल, चल्ला, प्यारेण्ट स्टक, भुरा, आदि वितरण।

**(घ) अनुदान रकम र अधिकतम सीमा:**

१. व्यावसायिक योजनाको आधारमा अधिकतम एक करोड रुपैयाँसम्म

| क्र.स. | विवरण | निजी | सामुदायिक/ सहकारी |
|---|---|---|---|
| १ | प्रजननको लागि पशुपन्छी नस्ल, पूर्वाधार निर्माण, मेसिनरी औजार तथा उपकरण | पचास | सत्तरी |
| २ | क्षमता अभिवृद्धि | शत प्रतिशत | शत प्रतिशत |
| ३ | आयातित ब्रिड | पचासी | |
